साउन – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३३, अङ्क ८ | २०८१ साउन १६-३२ | पूर्णाङ्क ७७०



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री ठगिन्द्र कट्टेल, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री कृष्णबहादुर तामाङ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| इजलास नं. १ | ८ |
| इजलास नं. ३ | २ |
| इजलास नं. ४ | ७ |
| **जम्मा** | **१७** |

| | |
|---|---|
| इजलास नं. ५ | ९ |
| इजलास नं. ८ | १० |
| इजलास नं. १० | ६ |
| इजलास नं. ११ | ७ |
| इजलास नं. | |
| **जम्मा** | **३२** |

**कूल जम्मा १७ + ३२ = ४९**

# नेपाल कानून पत्रिकामा

## प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

## हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

## मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, साउन – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.१५०</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं. १** | | | **१ - ५** |
| १. | निषेधाज्ञा मिश्रित परमादेश | युगेश्वर साह सुडीसमेत वि. शोभित साह | १ |
| २. | तमसुक बमोजिमको रकम दिलाइपाऊँ | शिवचरण चौधरी वि. डिल्लीराम चौधरी | १ |
| ३. | उत्प्रेषण | उपाध्याय ढकाल वि. ज्योती विकास बैंक लि. कमलपोखरी, काठमाडौंसमेत | २ |
| ४. | अंश चलन | मिनप्रसाद गिरी वि. गेहेन्द्र गिरीसमेत | २ |
| ५. | हेलिकोप्टरको क्षतिपूर्ति दिलाइपाऊँ | एसियन एयरलाइन्स हेलिकोप्टर प्रा.लि वि. नेपाल नागरिक उड्डयन प्राधिकरणसमेत | ३ |
| ६. | अंशबन्डा | मधुसुदन श्रेष्ठसमेत वि. कृष्णप्रसाद श्रेष्ठसमेत | ३ |
| ७. | उत्प्रेषण | रविन्द्रप्रसाद भैलसमेत वि. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबारसमेत | ४ |
| ८. | उत्प्रेषण | ज्ञानबहादुर न्यौपाने वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंसमेत | ४ |
| **इजलास नं. ३** | | | **५ - ७** |
| ९. | बन्दी प्रत्यक्षीकरण | सार्केबहादुर राई वि. उदयपुर जिल्ला अदालत, गाइघाटसमेत | ५ |
| १०. | जबरजस्ती करणी, कर्तव्य ज्यान | नेपाल सरकार वि. राजकुमार परियारसमेत | ६ |
| **इजलास नं. ४** | | | **७ – १५** |
| ११. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. लेखनाथ तामाङ | ७ |
| १२. | सवारी ज्यान | नेपाल सरकार वि. विनय भण्डारी | ८ |
| १३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भिमबहादुर धर्ती मगर | ९ |
| १४. | अपहरण उद्योग | नेपाल सरकार वि. निखिल साह | ९ |
| १५. | मिलापत्र बदर | चित्राशोभा तुलाधर वि. मैयुज नकर्मीसमेत | १० |
| १६. | गोवध | नेपाल सरकार वि. सिताराम सार्कीसमेत | ११ |

| | | | |
|---|---|---|---|
| १७. | उत्प्रेषण / परमादेशसमेत | भोलानाथ भट्टराई वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौंसमेत | १२ |
| **इजलास नं. ५** | | | १५ – २८ |
| १८. | उत्प्रेषणसमेत | हरिशरण खत्रीसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौंसमेत | १५ |
| १९. | उत्प्रेषण परमादेशसमेत | गुप्ता मायालुसमेत वि. प्रेस काउन्सिल नेपाल, सञ्चारग्राम, तिलगंगा, काठमाडौंसमेत | १७ |
| २०. | जालसाजी | उमेश नारायण मानन्धर वि. विना देवी मानन्धर | १९ |
| २१. | गहना धनमाल | धर्मराज बटालासमेत वि. मानबहादुर वली | २० |
| २२. | अंश चलन | देवनारायण मण्डल वि. सत्यनारायण मण्डल, सत्यनारायण मण्डल वि. देवनारायण मण्डल | २१ |
| २३. | उत्प्रेषण | नारायणप्रसाद पोख्रेल वि. श्रम अदालत, अनामनगर काठमाडौंसमेत | २२ |
| २४. | उत्प्रेषणयुक्त परमादेशसमेत | धनेश्वर शाह वि. श्रम अदालत, अनामनगर, काठमाडौंसमेत | २४ |
| २५. | उत्प्रेषणयुक्त परमादेशसमेत | गायत्रीराज शर्मा वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | २५ |
| २६. | हकहिस्सा छुट्याइ पाऊँ | विष्णुकुमार कार्की वि. ज्ञानु कार्की भन्ने ज्ञानी कार्कीसमेत | २७ |
| **इजलास नं. ८** | | | २९ – ४१ |
| २७. | उत्प्रेषण, परमादेश | विकाश राज तुलाधर वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौंसमेत | २९ |
| २८. | बन्दी प्रत्यक्षीकरण, उत्प्रेषण, परमादेश | नविन श्रेष्ठ वि. उच्च अदालत पाटनसमेत | ३० |
| २९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मनोज बोहोरा भन्ने मनोज बोहरा, संगिता रेग्मी वि. नेपाल सरकार | ३० |
| ३०. | डाँक लिलाम बदर, दर्ता बदर, दर्ता कायम हरहिसाब गरिपाऊँ | चन्नलाल चौधरी वि. चतुरमान राईसमेत | ३२ |

| | | | |
|---|---|---|---|
| ३१. | बन्दी प्रत्यक्षीकरण | मनुप्रसाद काफ्ले वि. काठमाडौं जिल्ला अदालत फैसला कार्यान्वयन शाखा (लगत शाखा) काठमाडौंसमेत | ३३ |
| ३२. | बन्दी प्रत्यक्षीकरण | विमला कार्की खड्का वि. उच्च अदालत विराटनगरसमेत | ३४ |
| ३३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रेमा देवी ठाकुर | ३५ |
| ३४. | बन्दी प्रत्यक्षीकरण | रामबहादुर बुढाथोकी वि. उच्च अदालत पाटनसमेत | ३७ |
| ३५. | कर्तव्य ज्यान | प्रमेश्वर यादव वि. नेपाल सरकार | ३८ |
| ३६. | बन्दी प्रत्यक्षीकरण | कामेश्वर महतोसमेत वि. आन्तरिक राजस्व कार्यालय, भैरहवासमेत | ४० |
| **इजलास नं. १०** | | | ४१ – ४६ |
| ३७. | जबरजस्ती करणी | नेपाल सरकार वि. राजु शिकारी, राजु शिकारी वि. नेपाल सरकार | ४१ |
| ३८. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. निरज चित्रकारसमेत | ४२ |
| ३९. | जबरजस्ती करणी | विकि गोठे वि. नेपाल सरकार, सुसन भलंद्यो वि. नेपाल सरकार, सुनिल वाटी वि. नेपाल सरकार | ४३ |
| ४०. | बन्दी प्रत्यक्षीकरण | रत्नेश्वरप्रसाद शर्मा वि. केन्द्रीय अनुसन्धान ब्युरो महाराजगन्ज, काठमाडौंसमेत | ४४ |
| ४१. | कर्तव्य ज्यान | रिता नेपाली वि. नेपाल सरकार, टेकबहादुर भन्ने रमेश थापा वि. नेपाल सरकार | ४५ |
| ४२. | कालोबजारी | बद्रीकुमार शर्मा पाठकसमेत वि. नेपाल सरकार | ४६ |
| **इजलास नं. ११** | | | ४७ – ४६ |
| ४३. | उत्प्रेषण / परमादेशसमेत | चण्डिका खड्का वि. प्रतापपुर गाउँपालिका वडा नं. २ को कार्यालय, नवलपरासीसमेत | ४७ |
| ४४. | परमादेश | उमेश चमार रैदाससमेत वि. जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुसमेत | ४८ |
| ४५. | उत्प्रेषणसमेत | स्नेहा कर्ण वि. जिल्ला प्रशासन कार्यालय, सुनसरी, इनरूवासमेत | ४८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४६. | परमादेश | अनमोल राई वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २ कार्यालय, काठमाडौंसमेत | ४९ | ४८. | उत्प्रेषणयुक्त परमादेश | रामचन्द्र कुमाल वि. जिल्ला प्रशासन कार्यालय, नवलपरासी, वर्दघाट सुस्ता पूर्व, कावासेती, गण्डकी प्रदेशसमेत | ५० |
| ४७. | उत्प्रेषण / परमादेश | सनम सिटौला वि. जनशक्ति व्यवस्थापन विभाग, नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, काठमाडौंसमेत | ५० | ४९. | परमादेश | राममनोहर गुप्ता वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ५२ |

## इजलास नं. १

**१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७७-CI-०४८६, निषेधाज्ञा मिश्रित परमादेश, युगेश्वर साह सुडीसमेत वि. शोभित साह*

प्रत्यर्थी / रिट निवेदक राम शोभित साहको सुरू रिट निवेदन बेहोराबाट विवादित पोखरी केही हदमा पुर्ने कार्य भइसकेको भन्ने देखिन्छ । रिट निवेदकले पुरिसकेको पोखरीको भाग उत्खनन गरी पूर्वअवस्थामा ल्याउन परमादेशको माग गरेको पाइयो । विवादको प्रकृतिबाट नै यो रिट क्षेत्राधिकारबाट निरूपण गर्नुपर्ने अवस्थाको विषय देखिँदैन । पोखरी सार्वजनिक हो वा सो जग्गा व्यक्तिको निजी सम्पत्ति हो भन्ने कुरा रिट क्षेत्राधिकारबाट हेरिने विषय नभई नियमित र सामान्य न्यायिक प्रक्रियाबाट निरूपण हुने विषय देखिन्छ । रिट क्षेत्राधिकारबाट हक बेहकसम्बन्धी सामान्य कानूनी हक सम्बन्धमा प्रमाण बुझी विवादित प्रश्नको निरूपण गरिनु मनासिब हुँदैन । यदि सार्वजनिक सम्पत्ति व्यक्तिले निजी कायम गरेको अवस्था भएमा सो सम्पत्ति मालपोत ऐन, २०३४ को दफा २४बमोजिम सार्वजनिक कायम हुन सक्ने नै हुन्छ । यसका लागि हदम्यादसमेत बाधक बन्ने अवस्था देखिँदैन । यस प्रकारको विषयमा सार्वजनिक सरोकार रहेको व्यक्तिले जग्गा/पोखरी सार्वजनिक कायम गरिपाउँ भनी सम्बन्धित अदालतमा फिराद गर्न पाउने कानूनी मार्गसमेत कायम नै रहेको देखिन्छ । यदि विवादित सम्पत्ति (जग्गा) सार्वजनिक हो भने मालपोत ऐन, २०३४ को दफा २४समेत आकर्षित हुन सक्ने अवस्था कायमै रहेको छ । यस प्रकारको हक बेहक निरूपण गर्नुपर्ने अवस्थाको तथा नियमित न्यायिक उपचारको मार्ग (वैकल्पिक उपचारको मार्ग) उपलब्ध रहेको कुरामा रिट क्षेत्राधिकारबाट विवादको निरूपण गरिनु अवधारणागत दृष्टिले समेत मनासिब देखिँदैन । यसरी हेर्दा प्रस्तुत विवादको सन्दर्भमा परमादेशसमेतको रिट आदेश जारी गरेको उच्च अदालतको आदेश त्रुटिपूर्ण देखिन आयो ।

अत: उच्च अदालत जनकपुरबाट रिट आदेश जारी हुने ठहर गरेको मिति २०७४/९/४ को आदेश त्रुटिपूर्ण देखिँदा सो आदेश (फैसला) उल्टी भई रिट निवेदक राम शोभित साहले दायर गरेको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल भदौ १७ गते रोज ६ शुभम् ।

**२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७३-CI-०३४७, तमसुकबमोजिमको रकम दिलाइपाऊँ, शिवचरण चौधरी वि. डिल्लीराम चौधरी*

जुन कपाली तमसुकलाई आधार बनाई वादीले प्रतिवादीबाट रकम दिलाई भराइ पाउन माग दाबी लिएको हो सो तमसुक कागज स्वयंमा वादी प्रतिवादीबिच कर्जा लिनुदिनु गरेको स्वतन्त्र कागज रहेको नदेखिएको, विवादित तमसुक कागज सोही मितिमा भएको अर्को सर्तनामाको कागजको पूरक सर्तनामाको रूपमा रहेको देखिएको, सर्तनामाबमोजिमको सर्त पूरा गराइपाउँ भन्ने विषय मुलुकी ऐन, लेनदेन व्यवहारको महलबमोजिमको व्यवहार मान्न मिल्ने नदेखिएको तथा सर्तनामाबमोजिमको रकम दिलाइपाउँ भनी करार ऐनअन्तर्गत व्यवस्थित कानूनी उपचारको मार्ग अवलम्बन गरेको पनि नदेखिँदा वादी दाबीबमोजिम रकम दिलाई भराइपाउने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट मिति २०७२।९।२८ मा भएको

फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहराएको सुरू मोरङ्ग जिल्ला अदालतको मिति २०७१।३।१६ को फैसला सदर हुने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य/श्रेया पौडेल

इति संवत् २०७९ साल भदौ ३० गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७३-WO-०७९५, उत्प्रेषण, उपाध्याय ढकाल वि. ज्योती विकास बैंक लि. कमलपोखरी, काठमाडौंसमेत*

निवेदकलाई बैंकको सेवाबाट बर्खास्त गर्ने गरी भएको निर्णय मिलेको देखिन्छ वा देखिँदैन भन्ने अर्को प्रश्नमा विचार गर्दा माथि उल्लेख भएबमोजिम निवेदकलाई विभागीय सजाय गर्ने सिलसिलामा दोस्रो स्पष्टीकरण सोध्दा अनाधिकार अधिकृतले सोधेको र सोही स्पष्टीकरणसमेतलाई आधार बनाई निजलाई सेवाबाट बर्खास्त गर्ने निर्णय भएको देखिई स्पष्टीकरण सोध्ने प्रक्रिया नै कानूनसङ्गत नदेखिएको अवस्थामा निज निवेदकलाई सेवाबाट बर्खास्त गर्ने गरी भएको निर्णयलाई पनि कानूनसङ्गत मान्न सकिने अवस्था भएन।

तसर्थ निवेदकलाई विपक्षी बैङ्कको सेवाबाट बर्खास्त गरी मिति २०७३।०४।१३ मा प्रमुख कार्यकारी अधिकृतबाट भएको निर्णय र उक्त निर्णयलाई सदर गर्ने गरी सञ्चालक समितिबाट मिति २०७३।०६।१३ मा भएको निर्णय कानूनसङ्गत नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। निज निवेदकलाई विपक्षीहरूले बैंक सेवाबाट बर्खास्त गरेको मिति २०७३/०४/१३ देखि नै लागु हुने गरी निजले खाइपाइ आएको पारिश्रमिक र सुविधासहित सेवामा पुनर्स्थापना गर्नु गराउनु भनी विपक्षी ज्योती विकास बैंकका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : श्यामहरि अधिकारी

इति संवत् २०७९ साल भाद्र ६ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-CI -०७९२, अंश चलन, मिनप्रसाद गिरी वि. गेहेन्द्र गिरीसमेत*

प्रतिवादी गेहेन्द्र गिरीको नाममा रहेको बा २ ख ३९६६ को टाटा कम्पनीको हायस गाडी निजी आर्जनको नै मान्नुपर्ने देखिँदा बन्डा नहुने प्रकृतिको सम्पत्ति देखिन आयो। त्यसै गरी पुनरावेदकले वादीले दाबी लिएको वारवोर बन्दुक थान २ र वाइसवोर बन्दुक थान १ को हकमा विचार गर्दा, निजले सुरू जिल्ला अदालतमा पेस गरेको इजाजतपत्रको प्रतिलिपिबाट वारवोर बन्दुक थान २ र वाइसवोर बन्दुक थान १ निज गेहेन्द्र गिरीको नाममा रहेको देखिन्छ भने निजले पेस गरेको अंशको फाँटवारी हेर्दा उक्त थान ३ बन्दुक लाइसेन्स प्राप्त गरी व्यक्तिगत लगानीबाट खरिद गरेको भनी उल्लेख गरेको पाइन्छ। बन्दुकजस्तो हतियारको प्रकृतिबाटै कुनै व्यक्तिको व्यक्तिगत दक्षता र विशेषज्ञताको आधारमा निजले राख्न र चलाउन पाउने गरी सरकारी अनुमति लिनुपर्ने वा हुने स्थिति देखिँदा उल्लिखित बन्दुकहरूका हकमा पनि बन्डा लाग्ने भन्न न्यायोचित हुने देखिएन।

यसप्रकार, कि.नं. ४२ र ४३ का हकमा प्रतिवादीको निजी सम्पत्ति मानी बन्डा नलाग्ने ठहराएको हदसम्मको तत्कालीन पुनरावेदन अदालत तुलसीपुर, दाङबाट मिति २०७१।०९।१४ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई विवादित कि.नं. ४२ र ४३ का जग्गाहरूबाट पुनरावेदक वादीले ५ भागको १ भाग अंश दाबी पाउने ठहर्छ। अन्य हायस गाडी र बन्दुकहरूको हकमा वादी दाबी पुग्न नसक्ने

ठहराएको सुरू दाङ्ग जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७१।०९।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : शारदा फुयाल/श्रेया पौडेल

इति संवत् २०७९ साल कार्तिक २८ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-CI-००७४, हेलिकोप्टरको क्षतिपूर्ति दिलाइपाऊँ, एसियन* एयरलाइन्स हेलिकोप्टर प्रा.लि वि. नेपाल नागरिक उड्डयन प्राधिकरणसमेत

गैरसैनिक हवाई उडान (सिभिल एभिएसन) ऐन, २०१५ को दफा ४क को (१) मा विमानस्थल क्षेत्र घोषणा गर्ने अधिकार  नेपाल सरकारको हुने व्यवस्था गरिएको देखिन्छ भने सोही दफाको (२) मा विमानस्थल क्षेत्रको सुरक्षाको लागि नेपाल सरकारले नियम बनाई आवश्यकता अनुसार सुरक्षा प्रबन्धको व्यवस्था मिलाउन सक्ने छ भन्ने व्यवस्था भएको पाइन्छ। दफा ९क (१) को खण्ड (घ) (३) मा भूमिस्थ वायुयान नष्ट गरेमा वा क्षति पुऱ्याएमा सो ऐनअन्तर्गतको अपराध हुने व्यवस्था छ भने दफा १४क बमोजिम यससम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुने व्यवस्था गरिएको छ । यसैले विसानमा रहेको वायुयानलाई क्षतिग्रस्त तुल्याउने कार्य आपराधिक कार्य मानिनु एउटा कुरा हो तर सोबमोजिमको आपराधिक क्रियाकलाप विमानस्थलमा भएको भन्ने कारणले मात्र वायुयान सुरक्षाको जिम्मेवारी प्राधिकरणको भएको मानी वायुयानमा पुगेको क्षतिबापतको क्षतिपूर्ति प्राधिकरणले बहन गर्नुपर्ने भन्न मिल्ने देखिएन।

निवेदक कम्पनीको वायुयानको सुरक्षा गर्ने जिम्मेवारी प्राधिकरणको हो भन्ने नै नदेखिएको हुँदा निरूपण गर्नुपर्ने अन्य प्रश्नहरूमा प्रवेश गर्नुपर्ने देखिन आएन । वादी दाबी पुग्न नसक्ने का सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६५/०१/०८ को फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६७/१०/१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : प्रदिपकुमार उपाध्याय/ईश्वरीप्रसाद सुवेदी

इति संवत् २०७९ साल असोज ५ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७३-CI-०९४१, अंशबन्डा, मधुसुदन श्रेष्ठसमेत वि. कृष्णप्रसाद श्रेष्ठसमेत*

वादीहरूका नामको सम्पत्ति बन्डा नलाग्ने तर प्रतिवादीहरूका नामका सम्पत्ति मात्र बन्डा लाग्ने ठहरेको भनी पुनरावेदकहरूले लिएको पुनरावेदन जिकिरतर्फ विचार गरौँ । निजहरूको यो जिकिर वादीमध्येका हरिप्रसाद श्रेष्ठकी पत्नी गीता श्रेष्ठका नाममा रहेका कि. नं. १४२, १८२, १४८ र २२४ तर्फ लक्षित रहेको देखिन्छ । सुरू जिल्ला तथा पुनरावेदन अदालतको फैसला हेर्दा यी जग्गाहरू बन्डा नलाग्ने ठहरेकोमा विवाद रहेको देखिँदैन । पुनरावेदकहरूले जिकिर लिएजस्तो एउटै अवस्थाको सम्पत्ति हो भने वादीहरू नामको बन्डा नलाग्ने तर प्रतिवादीहरू नामको भए बन्डा लाग्ने अवस्था हुन नहुनेतर्फ पनि यो इजलास सचेत छ । तर कि. नं. ४६७२ र उल्लिखित कि. नं. १४२समेतका गीता श्रेष्ठ नामका सम्पत्तिहरूको अवस्था तुलना गर्दा यी सम्पत्तिहरू एउटै अवस्थाको रहेको देखिँदैन । कि. नं. ४६७२ को जग्गा प्रतिवादीमध्येका कुमारी श्रेष्ठका नाममा राजीनामाको लिखतबाट प्राप्त भएको देखिन्छ भने गीता श्रेष्ठ नामका उल्लिखित जग्गाहरू दुर्गादेवी

न्यौपानेबाट मिति २०४०।३।२४ मा बकसपत्रको लिखतबाट प्राप्त भएको देखिन्छ । माथि उल्लिखित मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. मा रहेको कानूनी व्यवस्थालाई आधार मान्दा कसैले बकस पाएको सम्पत्ति पाउनेको निजी ठहरी बन्डा गर्न कर लाग्दैन भनी व्यवस्था भएको पाइन्छ । यो स्थितिमा प्रतिवादी नामको कि. नं. ४६७२ को जग्गा बन्डा लाग्ने ठहरेपछि गीता श्रेष्ठ नामका उल्लिखित जग्गाहरू पनि बन्डा लाग्नुपर्छ भनी प्रतिवादीहरूले लिएको जिकिरलाई मान्यता दिन सकिने अवस्था देखिएन।

तसर्थ, पुनरावेदक प्रतिवादी कुमारी श्रेष्ठका नाममा रहेको कि.नं. ४६७२ को ०-६-० जग्गा बन्डा लाग्ने र वादी हरिप्रसादकी पत्नी गीता श्रेष्ठका नाउमा रहेका जग्गाहरू बन्डा नलाग्ने गरी तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७३।०५।०६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : श्यामहरि अधिकारी

इति संवत् २०७९ साल असोज २८ गते रोज ६ शुभम्।

- यसैसाथ लगाउ भई फैसला भएका निम्न मुद्दाहरू छन्- क्रमशः ०७३-CI-०९४२, ०७३-CI-०९४३, ०७६-CR-१५००, ०७६-CR-१५०१, ०७६-CR-१५०२, ०७६-CR-१५०३, ०७६-CR-१५०४ लिखत बदर, जालसाजी, कुमारी श्रेष्ठ वि. कृष्णप्रसाद श्रेष्ठसमेत मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टेकप्रसाद ढुङ्गाना**, *०७९-WO-१४८९, उत्प्रेषण, रविन्द्रप्रसाद भैलसमेत वि. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबारसमेत*

निवेदक रविन्द्रप्रसाद भैलले मिति २०४०।०२।२८ देखि मिति २०५०।०३।३१ सम्म गरेको प्रा.स.(रा.प.अन.प्र.प्रा.) पदको अस्थायी सेवा अवधि र अर्का निवेदक प्रकाशबहादुर मगरले मिति २०४३।१२।०३ देखि मिति २०५०।०८।२३ सम्म पशु स्वास्थ्य प्राविधिक (रा.प.अनं.द्वि.प्रा) पदमा गरेको अस्थायी सेवा अवधि निजामती सेवा नियमावली, २०५० को नियम १२३बमोजिम निजामती किताबखानाले अभिलेख राखिसकेको अवस्थामा सो अभिलेखलाई आधार मानी निवेदकहरूको अस्थायी अवधिसमेत जोडी निवृत्तिभरणको अधिकार पत्र प्रदान गर्नुपर्नेमा स्थायी सेवा अवधि मात्र गणना गरी निवेदक रविन्द्रप्रसाद भैलको हकमा मिति २०७४।०४।०२ मा र निवेदक प्रकाशबहादुर मगरको हकमा मिति २०८०।०३।०१ मा दिएको अवकास एंव निवृत्तिभरणको अधिकार पत्र निजामती सेवा नियमावली, २०५० को नियम १२३ को प्रतिकूल देखिँदा उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब यी रिट निवेदकहरूलाई मागबमोजिम निजहरूको पहिलाको अस्थायी सेवाअवधि निवृत्तिभरण प्रयोजनको लागिसमेत स्थायी सेवाअवधिमा गणना गरी समग्र सेवा अवधि कायम गरी कानूनबमोजिम निवृत्तिभरणको अधिकार पत्र प्रदान गर्नु गराउनु भनी प्रत्यर्थीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : शारदा फुयाल

कम्प्युटर - कृष्ण गिरी

इति संवत् २०८० साल पुस १२ रोज ५ शुभम्।

८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टेकप्रसाद ढुङ्गाना**, *०७९-WO-१५०१, उत्प्रेषण, ज्ञानबहादुर न्यौपाने वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंसमेत*

रिट निवेदकले मिति २०३९।०४।१८ मा निजामती सेवाको श्रेणीविहीन पियन पदमा अस्थायी नियुक्ति पाई सो सेवालाई अविच्छिन्न राखी मिति २०५०।७।२४ मा स्थायी नियुक्ति पाएको स्थितिमा विगतको अस्थायी सेवाअवधि हालको स्थायी सेवामा गणना गरी निवृत्तभरण उपलब्ध गराउनुपर्नेमा निजामती सेवा नियमावली, २०५० को नियम १२३(३) बमोजिम नोकरी जोड्ने हदम्याद समाप्त भएको भन्ने आधारमा अस्थायी सेवा अवधि जोड्न नमिल्ने भनी प्रत्यर्थी निजामती किताबखानाका महानिर्देशकबाट मिति २०७९।१२।०२ मा निवेदकको हकमा भएको निर्णय निजामती सेवा ऐन, २०४९ को दफा ५८ तथा निजामती सेवा नियमावली, २०५० को नियम १२३(१)(ख) प्रतिकूल देखिँदा उक्त निर्णय तथा मिति २०७९।१२।०३ मा भएका पत्राचारहरूसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ । अब निवेदकको मागबमोजिम निजको पहिलाको अस्थायी सेवा अवधि मिति २०५०।७।२४ देखि सुरू गरेको स्थायी सेवा अवधिमा गणना गरी निजलाई निवृत्तिभरण अधिकारपत्र प्रदान गर्नु गराउनु भनी प्रत्यर्थीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत :- शारदा फुयाल

कम्प्युटर - कृष्ण गिरी

इति संवत् २०८० साल पुस १२ रोज ५ शुभम्।

## इजलास नं. ३

### ९

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०८०-WH-००४०, बन्दीप्रत्यक्षीकरणसमेत, सार्केबहादुर राई वि. उदयपुर जिल्ला अदालत, गाइघाटसमेत*

निवेदक जनकबहादुर राईलाई मिति २०७५।१।२० को वारदातमा मिति २०७५।१।२१ मा पक्राउ गरेको र उदयपुर जिल्ला अदालतको मिति २०७५।७।१८ को फैसलाबाट साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ वर्ष र ३क. बमोजिम थप ५ वर्ष गरी जम्मा १० वर्ष कैद भएको र निवेदनसाथ पेस भएको यी बन्दीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिबाट जन्म मिति २००७।३।१३ भई हाल उमेर ७३ वर्ष रहेकोबाट ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१)(ख) बमोजिम निजले ५० प्रतिशत कैद छुट पाउने अवस्थामा मिति २०७९। ५। ५ देखि लागु भएको यौन हिंसा विरूद्धको केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७९ बाट ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१) पछि (१क) थप भई त्यसमा जबरजस्ती करणीसम्बन्धी कसुरसमेतमा त्यस्तो छुट दिइने छैन भन्ने व्यवस्था थप भएको देखिने।

निवेदक बन्दीले बन्दी जीवन बिताउँदै गर्दा उपर्युक्तबमोजिम ऐनमा भएका संशोधनले थप व्यवस्था गरी निवेदकको कसुरलाई सुविधा प्रयोजनार्थ नकारात्मक सूचीमा राखिएकोबाट सो व्यवस्था यी निवेदकका हकमा आकर्षित हुन्छ हुँदैन भन्ने सन्दर्भमा यस अदालतबाट निवेदक कमानसिंह डाँगी विरूद्ध जिल्ला अदालत रोल्पासमेत भएको रिट नं. ०७८-WH-०००४ को बन्दीप्रत्यक्षीकरणको निवेदनमा यस्तो संशोधित व्यवस्था प्रारम्भ हुनुअघि भएको कसुरको हकमा तत्काल कायम रहेको कानूनी व्यवस्थाबमोजिम कारबाही र सजाय हुने भन्ने अपवादात्मक व्यवस्था ज्येष्ठ नागरिकको हकमा लागु हुने भन्ने नदेखिएको भनी व्याख्या भएको पाइने।

अतः ऐनमा संशोधन हुनुपूर्व भएको वारदातका कसुरदार निवेदक हालसम्म अनवरत कैदमा रहेको

अवस्थामा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२बमोजिमको सुविधा पाउन सक्ने नै हुँदा यी निवेदक बन्दीले पाउन सक्ने सजाय छुटको सुविधा सम्बन्धमा जे जो बुझ्नुपर्ने हो बुझी निजको उमेर यकिन गरी कैदी पुर्जी संशोधन गरी कानूनबमोजिम सुविधा उपलब्ध गराउनु भनी उदयपुर जिल्ला अदालतको नाममा परमादेश जारी हुने।

उपर्युक्त आदेशको परिणामस्वरूप निवेदकले कानूनी उपचार प्राप्त गर्न सक्ने नै भएको र अदालतको फैसला अनुसार नै हाल थुनामा रहेको देखिँदा हाललाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु परेन। यस मुद्दाको संक्षिप्त आदेश जारी भइसकेको हुँदा थप केही गरिरहनु नपर्ने।

इजलास अधिकृत : कुलप्रसाद दाहाल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०८० साल भाद्र ११ गते रोज २ शुभम्।

**१०**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७८-RC-००७६, ०७९-RC-०१७६, जबरजस्ती करणी, कर्तव्य ज्यान, नेपाल सरकार वि. राजकुमार परियारसमेत*

जाहेरवालालगायत मौकामा बुझिएका व्यक्तिहरू प्रत्यक्षदर्शी देखिँदैनन् । यस प्रकारका घटनामा अपवादबाहेक प्रत्यक्षदर्शीको उपस्थिति पनि सामान्यतः रहँदैन । तथापि प्रतिवादीहरूउपर शंका लागेर निजहरूलाई राखी गाउँमा छलफल गर्दा निजहरूले अनिषा परियारको हत्या हामीले यो यसरी गरेका हौँ भनी स्वीकार गरेका थिए भनी जाहेरवाला दिपक परियार, घटना विवरण कागज गर्ने मानिसहरू इश्वरीप्रसाद लामिछाने, कमला परियार, मीरा परियार, विष्णुहरी पौडेल, रामबहादुर गुरूङ तथा मृतकको शव परीक्षण गर्ने चिकित्सकको बकपत्रबाट अभियोग दाबीलाई पुष्ट्याइँ हुने गरी मौकामा लेखाइदिएको बेहोरालाई प्रमाणित गरी अदालतमा उपस्थित भई गरिदिएको बकपत्र अन्यथा हो भन्न सकिने अवस्था देखिँदैन । प्रतिवादीहरूलाई ज्यान तथा जबरजस्ती करणीजस्तो गम्भीर अपराधमा आरोपित गर्नुपर्ने अन्य कारण पनि देखिँदैन। मिसिल संलग्न कागज प्रमाणबाट नाबालिका अनिषा परियारको मृत्यु स्वाभाविक रूपमा भएको नभई यिनै प्रतिवादीहरूको कर्तव्यबाट भएको पुष्टि हुन आयो। तसर्थः प्रतिवादीहरूको साबिती बयान, घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, जाहेरवाला, शव परीक्षण गर्ने चिकित्सक तथा मौकामा बुझिएका सरकारी साक्षी गवाहहरूको बकपत्र बेहोरासमेतबाट यी प्रतिवादीहरूकै कर्तव्यबाट मृतक अनिषा परियारको मृत्यु भएको तथ्य शंकारहित तवरबाट भएको पुष्टि हुन आएकोले सुरू जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत पोखराको फैसला मनासिब देखिँदा अन्यथा गरिरहनुपर्ने नदेखिने।

अतः प्रतिवादी राज कुमार परियारलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) अनुसार जबरजस्ती करणीको कसुरमा सोही उपदफा (३) को खण्ड (ख) बमोजिम १८ वर्ष कैद र सोही संहिताको दफा १७७ को उपदफा (१) अनुसार कर्तव्य गरी ज्यान मारेको कसुरमा सोही उपदफा (२) बमोजिम जन्मकैद सजाय हुनेमा जबरजस्ती करणी गरी ज्यान मारेकोले सोही संहिताको दफा ४१ को खण्ड (च) बमोजिम निज जीवित रहेसम्म कैदको सजाय हुने र अर्का प्रतिवादी जालु परियारलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) अनुसारको सोही उपदफा (२) बमोजिम जन्मकैदको सजाय गरी मृतकका हकवालालाई क्षतिपूर्ति भराइदिने ठहर्‍याएको सुरू

जिल्ला अदालतको फैसला सदर ठहऱ्याएको उच्च अदालत पोखराको मिति २०७७।०९।२१ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत : शैलेन्द्र खड्का र रामचन्द्र के.सी.

कम्प्युटर : सुजन नेपाल

इति संवत् २०८० साल श्रावण ५ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

**११**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-CR-०३१८, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. लेखनाथ तामाङ*

जाहेरवालाकी पत्नी रञ्जना बेघा लिम्बूले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादी लेखनाथ तामाङले ज्यान मार्ने बचन दिएको, निजको निर्देशनमा नै प्रतिवादी नुनम तामाङसमेतले मेरा पति र भाइको टाउकोमा खुकुरी प्रहार गरी घाइते बनाएका हुन् भनी लेखाएको भए तापनि निजले घटना विवरण कागज गर्दा प्रतिवादी लेखनाथ तामाङ वारदात स्थलमा नआएको, निजउपर शंकाको भरमा जाहेरी दिएको हो भनी लेखाइदिएको पाइन्छ । जाहेरवाला खडकबहादुर बेघाले आफूहरूलाई प्रतिवादी लेखनाथ तामाङसमेतले छुरी, फलामको रडलगायतले टाउकोमा प्रहार गरी घाइते बनाएको भन्ने जाहेरी बेहोरा पुष्टि गर्नको लागि मौकामा कुनै बयान कागज गरेको देखिँदैन । साथै निज जाहेरवालासमेत वैदेशिक रोजगारीमा गइसकेको भनी वादी पक्षले निजहरूलाई बकपत्रको लागि अदालतसमक्ष उपस्थित गराउन नसकेको । यी प्रतिवादीले पीडितहरूको ज्यानै लिने मनसायले चोट प्रहार गरेको भन्ने सम्बन्धमा वादी पक्षबाट कुनै ठोस एवं वस्तुगत सबुत प्रमाण गुजार्न सकेको अवस्था देखिन आएन । एउटै वारदातलाई केही प्रतिवादीको हकमा व्यक्तिवादी मुद्दामा परिणत गर्ने र केही प्रतिवादीको हकमा सरकारवादी मुद्दा कायम गर्न नसकिने भन्ने प्रतिपादित सिद्धान्तको आधारमा यस अदालतबाट भएको मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गरेतर्फ विचार गर्दा, प्रतिवादी लेखनाथ तामाङबाहेक अभियोजन गरिएको बाँकी प्रतिवादीहरू नुनम तामाङ र विजय राई फरार रहेको हुँदा सुरू झापा जिल्ला अदालतबाट निजहरूको हकमा प्रस्तुत मुद्दा मुल्तबीमा राखिदिएको देखिन्छ । यसरी मुल्तबी रहेको देखिँदा प्रस्तुत मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा लिएको आधार कारणसँग सहमत हुन नसकिने ।

प्रस्तुत वारदात ज्यान मार्ने उद्योगको नदेखिई निज प्रतिवादी लेखनाथ तामाङको हकमा प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत हुने गरी भएको सुरू झापा जिल्ला अदालतको २०७३।०१।१२ को फैसलालाई सदर ठहऱ्याएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७५।०१।२४ गतेको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेकै देखिन आयो । तथापि केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(१) ले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ खारेज भई हाल अस्तित्वमा नरहेको र उक्त कानूनी व्यवस्थालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ को उपदफा (१) मा उल्लिखित यस संहिताबमोजिम नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दा कारबाही हुँदा अनुसूची-१ वा अनुसूची-२ भित्र नपर्ने देखिएको तर कानूनबमोजिम अन्य कुनै मुद्दा चल्न सक्ने देखिएमा अदालतले सोही आदेश गरी सरोकारवाला व्यक्तिलाई त्यसको सूचना दिनुपर्ने छ र ऐ. को उपदफा (२) मा सरोकारवालाले

सूचना पाएको दुई महिनाभित्र सो मुद्दा सकार गरेमा निजलाई वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट कानूनबमोजिम कारबाही र किनारा गर्नुपर्ने छ भन्नेसमेतको कानूनी प्रावधानले निरन्तरता दिएको पाइन्छ। यस परिप्रेक्ष्यमा, प्रस्तुत मुद्दामा सरोकारवाला रहेका जाहेरवालालाई सूचना दिई निज जाहेरवालाले मुद्दा सकार गर्न आए निजलाई वादी कायम गरी यसै मुद्दाबाट कुटपिट मुद्दाको कारबाही र किनारा गर्नु भन्नेसमेत ठहर्ने।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७९ साल फागुन १२ गते रोज ६ शुभम्।

१२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७६-CR-०३१४, सवारी ज्यान, नेपाल सरकार वि. विनय भण्डारी*

जाहेरवाला जयवीर शाहीले जाहेरी दरखास्त र अदालतसमक्ष बकपत्र गर्दासमेत प्रतिवादीले चलाएको मोटरसाइकलले सासू जयसरा शाहीलाई ठक्कर दिँदा घाइते भई उपचारको क्रममा निजको मृत्यु हुन गएको भनी लेखाए तापनि उक्त दुर्घटना निज प्रतिवादीको लापरवाहीले भएको हो भनी खुलाएको देखिँदैन। साथै, निज जाहेरवालाले अदालतसमक्ष गरेको बकपत्रको सवाल जबाफ ६ मा घटनापश्चात् लगत्तै प्रतिवादीले घाइते जयसरा शाहीलाई उपचारको लागि अस्पताल लगेको हो भनी लेखाइदिएको पाइन्छ । त्यसै गरी मौकामा बुझिएका भरत कुँवर र प्रतिवादीका साक्षी खम्ब कुँवरसमेतले प्रतिवादीले चलाएको मोटरसाइकलले विपरीत दिशाबाट आइरहेको मोटरसाइकललाई साइड दिइरहेको अवस्थामा जयसरा शाही अर्को व्यक्तिले चलाई आएको बाइकबाट जोगिन तर्सेर हाम फाल्न खोज्दा प्रतिवादीले चलाई आएको बाइकको हेन्डलमा आफैँ ठोक्किन गई बाटोमा लडेकी हुन् । प्रतिवादीले लापरवाहीपूर्वक मोटरसाइकल चलाएको होइन भनी अदालतसमक्ष गरेका बकपत्रमा खुलाइदिएको अवस्था छ । प्रतिवादीले कोही नभएको बेला आफू बैङ्क जानुपर्ने भएकोले मोटरसाइकल चलाएको हो । यस क्रममा विपरीत दिशाबाट अपरिचित व्यक्तिले बाइक चलाई आएका अवस्थामा जयसरा शाही आत्तिएर एक्कासि मेरो बाइकको हेन्डलमा ठोकिन पुगेकी हुन्, मैले जानी जानी लापरवाही गरी दुर्घटना गराएको होइन भनी मौकामा गरेको बयान कागजलाई समर्थित हुने गरी अदालतसमक्षसमेत बकपत्र गरिदिएको देखिन्छ । प्रतिवादीले चलाएको भे ४ प ७४४२ नं. को मोटरसाइकलको ब्रेक, हर्न, हेडलाइट, साइड लाइटसमेतका पार्टपुर्जाहरू दुरूस्त रहेको भन्ने सो बाइकको मेकानिकल जाँच प्रतिवेदनमा उल्लेख रहेको पाइन्छ । उल्लिखित तथ्यगत विवेचनाबाट यी प्रतिवादीले लापरवाहीपूर्वक मोटरसाइकल चलाई दुर्घटना गराएको भन्ने नदेखिने।

प्रतिवादी विनय भण्डारीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २(दुई) वर्ष कैद सजाय हुने ठहऱ्याइ सुरू बाँके जिल्ला अदालतबाट मिति २०७४।०२।२३ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी विनय भण्डारीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिमको कसुरमा ऐ. १६१(३) बमोजिम कैद दिन २१ (एक्काइस) र रू.२,०००।- (दुई हजार) जरिवाना सजाय हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासले मिति २०७४।१२।२७ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गगनदेव महतो

इति संवत् २०७९ साल फागुन १२ गते रोज ६ शुभम्।

**१३**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-CR-१३८२, कर्तव्य ज्यान, नेपाल सरकार वि. भिमबहादुर घर्ती मगर*

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा होमबहादुर घर्तीसँग वारदातको दिन बेलुका निज आफ्नो घरमा पिठो माग्न भनी आउँदा भेट भएको हो । सो क्रममा निजसँग विवाद भई आफूले दुई तीन झापड कन्चटसमेतमा प्रहार गर्दा निजको नाक र मुखबाट रगत बगेको हो। सोही चोट पीडाबाट होमबहादुर घर्तीको मृत्यु भएको हुनुपर्छ भनी कसुरमा साबित भई बयान गरेको देखिन्छ । त्यस्तै निज प्रतिवादीले होमबहादुर घर्तीसँग वारदातको दिन आफ्नो घरमा भेट भएको हो । निजले पिठो माग्दा, मसँग पिठो छैन, चामल लैजानु भनेपछि निजले आफूलाई अपशब्द, गाली गरेको भनी अदालतसमक्ष बयान गरेको अवस्था रहेको । प्रतिवादीले रिसइवी लिई वा मनसायपूर्वक सोच विचार गरी होमबहादुर घर्तीको ज्यान लिएको देखिँदैन । तथापि वारदातस्थलमा होमबहादुर घर्तीले यी प्रतिवादीलाई गाली गलौज गरी तत्काल गम्भीर उत्तेजना दिलाउने कार्य गरेको देखिएको, सोही कारण निज प्रतिवादीले आत्मसंयमको शक्ति गुमाई आवेशमा आई होमबहादुर घर्तीको संवेदनशील अंग कन्चट एवं गालासमेतमा झापडसमेतले प्रहार गरेबाट निज होमबहादुर घर्तीको मृत्यु हुन गएको देखिन्छ । यसरी उल्लिखित तथ्य, कानूनी प्रावधान एवं प्रतिपादित सिद्धान्तसमेतलाई मध्यनजर गर्दा, यी प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को दफा १७९(१)(क) बमोजिमको आवेश प्रेरित हत्याको कसुर गरेको देखिन आयो । त्यसकारण प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को दफा १८२(३) बमोजिम भवितव्यतर्फ कसुर गरेको हो भनी ठहर गरेको सुरू बाग्लुङ्ग जिल्ला अदालतको फैसलालाई सो हदसम्म उल्टी गरी निज प्रतिवादीको कार्यलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७९(१)(क) बमोजिमको आवेशप्रेरित हत्यातर्फको कसुर ठहर गरी १० वर्ष कैद र १ लाख जरिवाना गरेको हदसम्म उच्च अदालत पोखरा, बाग्लुङ इजलासको फैसला मिलेकै देखिने ।

प्रतिवादी भिमबहादुर घर्ती मगरलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८२(३) बमोजिम ६(छ) महिना कैद हुने गरी सुरू बागलुङ जिल्ला अदालतबाट मिति २०७५।१०।२९ मा भएको फैसलालाई केही उल्टी गरी निज प्रतिवादी भिमबहादुर घर्ती मगरलाई मुलुकी अपराध संहिता, २०७४ दफा १७९(१) बमोजिम १०(दश) वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपियाँ) जरिवाना हुने ठहर्‍याई मिति २०७६।०६।३० मा उच्च अदालत पोखरा, बागलुङ इजलासबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । तथापि यी प्रतिवादीलाई फैसलाले ठहरेको कैद र जरिवानाको हकमा उक्त फैसला सदर हुने भए तापनि क्षतिपूर्ति नभराएको हदसम्म उक्त फैसला केही उल्टी भई मृतक होमबहादुर घर्तीका हकवालाले निज प्रतिवादी भिमबहादुर घर्ती मगरबाट मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम रू.१०,०००।- (दश हजार) क्षतिपूर्ति भराई लिनेसमेत ठहर्ने ।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल फागुन १२ गते रोज ६ शुभम् ।

**१४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-CR-०४९७, अपहरण उद्योग, नेपाल सरकार वि. निखिल साह*

प्रतिवादीले जाहेरवालालाई बल प्रयोग

गरी, धम्की दिई वा छलकपटसमेत गरी कुनै ठाउँमा लैजाने प्रयास गरेको देखिँदैन । जाहेरवालाले जाहेरी दरखास्तमा उल्लेख गरेबमोजिमको रकम प्रतिवादीलाई लिए दिएको भन्ने कहीँकतै खुलाएको पाइँदैन। त्यसै गरी प्रतिवादीले जाहेरवालाको छोरीको अश्लील तस्वीर एवं भिडियोहरू इन्टरनेट युट्युबमा राखेको वा त्यस्तो प्रयास गरेको भन्नेसमेत मिसिलबाट नदेखिने।

जाहेरवालाले मिति २०७२।११।१६ गते ११ बजेको समयमा प्रतिवादीले मैले चलाउने गरेको ९८०४२७०६१७ नं. को मोबाइलमा ९७४१३७८२५२ नं. को मोबाइलबाट फोन म्यासेज गरेको हो भनी जाहेरी दरखास्तमा उल्लेख गरेको रहेछ। त्यस्तै प्रतिवादीले दोहोऱ्याई जाहेरवालाको मोबाइलमा फोन, म्यासेज गरेको देखिएको भन्नेसमेत आधारबाट मुद्दा हेर्न अनुमति प्रदान भएको पाइन्छ। यस सन्दर्भमा मिसिल संलग्न रहेको म्यासेज डिटेल्सको विवरण हेर्दा, ती म्यासेजहरू Thu,०३|०३|२०१६, ८:०२am अर्थात् २०७२ साल फागुन २० गते बिहीवारको देखिन्छ । जुन जाहेरीमा दाबी गरिएको उल्लिखित मिति र समयसँग मेल खाएको पाइँदैन। ती म्यासेजहरू कसको, कति नम्बरको मोबाइलबाट पठाइएको र प्राप्त गरिएको बेहोरासमेत खुलेको अवस्था छैन । त्यस्तै जाहेरवाला र प्रतिवादीबिच भएको सम्पर्क अवधि, पटकलगायतका बेहोरा खुल्ने कल डिटेल्स विवरण मिसिल सामेल रहे भएको पाइँदैन । यसरी पीडित जाहेरवालाको मोबाइलमा आएको धम्कीपूर्ण म्यासेज, फोन निज प्रतिवादीकै मोबाइल फोनबाट आएको हो भन्ने कुरा अनुसन्धान तहकिकातको रोहमा यकिन हुन नसकेको पाइँदा मुद्दा दोहोऱ्याई हेर्न अनुमति प्रदान गरिएको उल्लिखित आधारबाट सहमत हुन सकिने अवस्था नदेखिने।

प्रतिवादी निखिल साहलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ५ र ६ नं. बमोजिमको अपहरण उद्योगको कसुरबाट सफाइ दिने गरी सुरू पर्सा जिल्ला अदालतले मिति २०७३।०३।१५ मा गरेको फैसलालाई सदर गरेको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७४।०४।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल फागुन १२ गते रोज ६ शुभम्।

**१५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७५-CI-०५२७, मिलापत्र बदर, चित्राशोभा तुलाधर वि. मैयुज नकर्मीसमेत

मिति २०६९।६।७ को मिलापत्रबाट भक्तराजले मोही नामसारी गर्न पाउने हदसम्म बदर तथा निष्क्रिय गरिपाउँ भन्ने वादी दाबी भएको देखिए तापनि पुनरावेदक वादी चित्राशोभासमेतलाई मिलापत्र भएको जानकारी यिनै पक्ष विपक्ष भई चलेको मोही नामसारी मुद्दामा मिति २०६९।९।२६ मा प्रतिउत्तर फिराउँदाकै अवस्थामा जानकारी रहेकोले फिराद हदम्यादविहीन रहेको भनी प्रत्यर्थी प्रतिवादीले जिकिर लिएको देखिन्छ। मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ८६ नं. मा "फैसला, डिसमिस, मिलापत्र, खारिज भएका मुद्दामा सो फैसला डिसमिस, मिलापत्र, खारिज भएकाले अर्काको हकसमेत जाने रहेछ भने जसको हक जाने छ त्यसैले थाहा पाएका पैँतिस दिनभित्र यसमा हाम्रो पनि हक लाग्छ यसले मात्र हारी वा डिसमिस, खारिज, मिलापत्र गराएकोले हाम्रो हक जाने होइन भनी आफ्नो हकजतिमा झगडियाका नाउँमा नालिस दिए इन्साफ गरी दिनुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको

देखिन्छ । उल्लिखित कानूनी व्यवस्था अनुसार कुनै पक्षहरूका बिच भएको मिलापत्रका कारण तेस्रो पक्षको हक जाने भएमा त्यस्तो मिलापत्रबाट प्रभावित हुने तेस्रो पक्षले थाहा पाएका मितिले पैँतिस दिनभित्र नालिस गरिसक्नुपर्ने गरी हदम्याद निर्धारण गरेको देखियो। यिनै वादी प्रतिवादीसमेत भएको लगाउमा रहेको (०७५-CI-०५२६) मोही नामसारी मुद्दामा यी वादी चित्राशोभा तुलाधरसमेतले मिति २०६९।९।२६ मा भूमि सुधार कार्यालय, काठमाडौंमा प्रतिउत्तर फिराउँदा प्रतिउत्तर पत्रको प्रकरण २(क) मा पुनरावेदन अदालत पाटनमा यिनै प्रतिवादी भक्तराज नकर्मीसमेत भई चलेको अंश मुद्दामा मिति २०६९।६।७ मा मिलापत्र गरेको र उक्त घर जग्गा निवेदक भक्तराज नकर्मीको भागमा पर्ने गरी सहमति दिएको भन्ने शब्दावली उल्लेख गरेको देखिँदा पुनरावेदक वादीलाई मिति २०६९।९।२६ मा नै भक्तराज नकर्मी र निजका अंशियारहरूबिच मिलापत्र भइसकेको जानकारी प्राप्त हुन आएको देखियो। यसरी उक्त काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.३१ कि.नं. ८०१ को क्षेत्रफल ०-३-३-१ बाट कित्ताकाट भई कायमी कित्ता नं. ३२४७ को क्षेत्रफल ०-३-१-२ को घर जग्गा भक्तराज नकर्मीको भागमा परेको तथ्य स्वीकारसमेत गरेको देखिन्छ । यद्यपि, वादी चित्राशोभा तुलाधार मुलुकी ऐन, अ.वं.८६ नं. ले निर्धारण गरेको हदम्यादमा अदालत प्रवेश नगरी मिति २०७०।७।८ मा उक्त मिलापत्रको नक्कल लिई मिति २०७०।७।२४ मा मात्र फिरादपत्र लिई अदालत प्रवेश गरेको देखिने।

वस्तुतः वादी चित्राशोभा तुलाधरले मिति २०६९।६।७ मा मिलापत्र भएको तथ्य मिति २०६९।९।२६ स्वीकार गरेको देखिँदा निजको हकमा सोही मिति २०६९।९।२६ बाट औपचारिक तवरले मुद्दा गर्नुपर्ने हदम्यादको सुरूवात भई सोही मितिले पैँतिस दिनभित्र नालेस गरिसक्नुपर्नेमा हदम्याद नघाई अदालत प्रवेश गरेको देखिन आएको स्थितिमा फिराद खारेज गर्नुपर्नेमा तथ्यभित्र प्रवेश गरी भएको सुरू फैसला उल्टी गरी मुलुकी ऐन, अ.वं.१८० नं.बमोजिम खारेज गर्ने ठहऱ्याएको उच्च अदालत पाटनबाट भएको फैसला अन्यथा मान्नुपर्ने देखिन आएन । पुनरावेदक वादी चित्राशोभा तुलाधरले लिएको पुनरावेदन जिकिरसँग स्वीकारयोग्य नदेखिने।

वादी दाबीबमोजिम प्रतिवादी भक्तराज नकर्मीको नाममा मोही नामसारी हुने हदसम्म मिलापत्र बदर हुने गरी सुरू काठमाडौं जिल्ला अदालतले गरेको फैसला उल्टी गरी हदम्याद नघाई फिराद दायर गरेको आधारमा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८० नं. बमोजिम फिराद दाबी खारेज गर्ने ठहर गरेको उच्च अदालत पाटनको मिति २०७४।४।२९ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : चेतराज पन्त

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल मङ्सिर २८ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७५-CI-०५२५, मोही लगतकट्टा, चित्राशोभा तुलाधर वि. भक्तराज नकर्मीसमेत
- ०७५-CI-०५२६, मोही लगतकट्टा, चित्राशोभा तुलाधर वि. भक्तराज नकर्मीसमेत

**१६**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७५-CR-०१५९, गोवध, नेपाल सरकार वि. सिताराम सार्कीसमेत*

प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा, बाच्छो काटेको देख्ने

प्रत्यक्षदर्शी कोही नभएको, मरेको बाच्छो काटेको भन्ने प्रतिवादीको बयान खण्डित हुने प्रमाण वादी नेपाल सरकारले पेस गरेको नदेखिएको अवस्थामा प्रतिवादी सिताराम सार्कीसमेतले नै उक्त बाच्छो काटी मारेको भन्ने तथ्य मिसिल संलग्न प्रमाणहरूबाट स्थापित हुन सकेको पाइएन । फौजदारी कसुरमा अभियुक्तउपरको कसुर वादीले नि:सन्देह रूपमा प्रमाणित गर्नुपर्ने हुन्छ । यसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले पनि स्पष्ट रूपमा व्यवस्था गरेको पाइने । कसुर शङ्कारहित तवरले प्रमाणित हुने प्रमाण वादी पक्षले पेस गर्न नसकेको अवस्थामा त्यसको सुविधा अभियुक्तले पाउने हुन्छ । कसुर प्रमाणित गर्न कसैले प्रहरीलाई खबर गर्नु र सोका आधारमा नेपाल सरकारले कसैउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन । लगाएको अभियोग वस्तुनिष्ठ प्रमाणहरूबाट शङ्कारहित किसिमबाट समेत पुष्टि हुनुपर्दछ । सङ्कलित वस्तुगत प्रमाणहरू, बुझिएका व्यक्तिहरूको भनाइ र वारदातको परिस्थितिजन्य प्रमाणहरू एकआपसमा बाझिएमा र आफैँमा शंकास्पद देखिएमा त्यस्ता प्रमाणहरूका आधारमा कसैलाई दोषी ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तको प्रतिकूल हुने । प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूउपरको अभियोग दाबी शंकारहित तवरमा पुष्टि हुन नआएकाले अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा उपस्थित विद्वान् उप-न्यायाधिवक्ताको बहस जिकिरका साथै यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिइएका आधार र कारणहरूसँगसमेत सहमत हुन नसकिने ।

प्रतिवादी सिताराम सार्कीलाई मुलुकी ऐन, चौपायाको महलको १ नं. र ११ नं. को कसुरमा सोही ११ नं. बमोजिम १२ वर्ष कैद हुने भनी चितवन जिल्ला अदालतबाट भएको फैसला मिलेको नदेखिँदा निजका हकमा उल्टी भई निज प्रतिवादी सिताराम सार्कीले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादी बिस्ने भन्ने बिष्णु नेपालीको हकमा सफाइ दिने गरी भएको फैसला मिलेकै देखिँदा निजको हकमा सदर हुने भनी उच्च अदालत पाटन, हेटौँडा इजलासबाट मिति २०७४।१२।०६ मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृत : इन्दिरा कार्की (गेलाल)

कम्प्युटर : मन्जिता ढुङ्गाना

इति संवत् २०७९ साल भाद्र १५ गते रोज ४ शुभम् ।

**१७**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७५-WO-००७४, उत्प्रेषण / परमादेशसमेत, भोलानाथ भट्टराई वि.* त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौंसमेत

क्याम्पस प्रमुखमा नियुक्तिको लागि सिफारिस गरेको मिति २०७३।१।२८ गतेको सञ्चालक समितिको सिफारिस निर्णयानुसार निजले नियुक्ति पाउनुपर्ने देखिन्छ वा देखिँदैन भन्ने प्रश्नमा विचार गराँ यस सम्बन्धमा निवेदकको मुख्य निवेदन जिकिर हेर्दा त्रिभुवन विश्वविद्यालय स्वायत्ततासम्बन्धी नियम, २०६२ को नियम ६(२) मा तोकिएको क्याम्पस प्रमुख नियुक्तिको प्रक्रियाबमोजिम सञ्चालक समितिले ३ सदस्यीय सर्च कमिटी गठन गर्ने, सो कमिटीले सिफारिस गरेका व्यक्तिहरूमध्येबाट ३ जनाको नाम सञ्चालक समितिले कार्यकारी परिषद्मा सिफारिस गर्ने र यसरी सिफारिस भएकामध्ये एक जनालाई क्याम्पस प्रमुख पदमा नियुक्ति गर्ने व्यवस्था रहेको र सोबमोजिमको प्रक्रिया पूरा गरी मिति २०७३।१।२८ मा बसेको तत्कालीन सञ्चालक समितिबाट क्याम्पस प्रमुख पदमा नियुक्तिको लागि आफ्नो नाम सिफारिस भएकोमा सो सिफारिसलाई बेवास्ता गरी अरू व्यक्तिलाई क्याम्पस प्रमुख पदमा नियुक्ति गरिएको

निर्णय गैरकानूनी रहेको भन्ने रहेको देखिन्छ । निवेदकले जिकिर लिएजस्तो त्रिभुवन विश्वविद्यालय स्वायत्ततासम्बन्धी नियम, २०६२ को नियम ६(२) मा सञ्चालक समितिले सिफारिस गरेको व्यक्तिमध्येबाट क्याम्पस प्रमुख पदमा नियुक्ति गरिनुपर्ने कानूनी व्यवस्था रहेकोमा विवाद छैन । मिति २०७३।१।२८ मा बसेको सञ्चालक समितिको निर्णयानुसार यी निवेदकलाई क्याम्पस प्रमुख पदमा नियुक्तिको लागि सिफारिस गरिएकोमा पनि विवाद रहेको देखिँदैन । तर विपक्षीहरूको लिखित जबाफमा यी निवेदकलाई मिति २०६९।१।२७ मा चार वर्षका लागि क्याम्पस प्रमुख पदमा नियुक्त गरिएको, क्याम्पस प्रमुखकै हैसियतमा त्रिभुवन विश्वविद्यालय स्वायत्ततासम्बन्धी नियम, २०६२ को नियम ३ को उपनियम (२) को (क) को (आ) बमोजिम सञ्चालक समितिको अध्यक्षसमेत रहेको, निजको क्याम्पस प्रमुख पदको कार्यावधि मिति २०७३।१।२६ मै समाप्त भइसकेको र क्याम्पस प्रमुख पदको कार्यावधि समाप्त भइसकेपछि स्वत: सञ्चालक समितिको अध्यक्षको हैसियत पनि समाप्त भइसकेकोमा मिति २०७३।१।२८ मा आफ्नै अध्यक्षतामा सञ्चालक समिति बसाइ क्याम्पस प्रमुख पदमा नियुक्तिको लागि आफ्नै नाम सिफारिस गराएको भनी उल्लेख गरेको पाइन्छ।आफ्नो क्याम्पस प्रमुख पदको पदावधि मिति २०७३।१।२७ मा समाप्त भएको कुरालाई निवेदक स्वयंले आफ्नो निवेदनको प्रकरण १ मै स्विकारेको देखिएको पनि छ । आफू क्याम्पस प्रमुख पदको हैसियतभन्दा भिन्न हैसियतमा सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्त भएको हो भनी कुनै वस्तुनिष्ठ र विश्वसनीय प्रमाण निजका तर्फबाट पेस हुन आएको देखिँदैन । क्याम्पस प्रमुख पदमा नियुक्त भएको वा बहाल रहेको हैसियतमा सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्त भएकोमा क्याम्पस प्रमुख पदको मात्र पदावधि समाप्त भएको हो, सञ्चालक समितिको अध्यक्षको पदावधि बाँकी नै छ भन्नलाई सोबमोजिमको अर्थमा बुझिने स्पष्ट कानूनी व्यवस्थाको अभावमा मनासिब मान्न नसकिने । यस सम्बन्धमा त्रिभुवन विश्वविद्यालय स्वायत्ततासम्बन्धी नियम, २०६२ को नियम द्विविधाजनक रहेको मानेर अदालतले उपयुक्त व्याख्या गर्न सक्ने स्थितिलाई मान्ने हो भने पनि सोही नियमको साबिक नियम ६०(५) र हालको नियम ५९(५) मा उक्त नियमको व्याख्या गर्ने अधिकार कार्यकारी परिषद्लाई हुने र कार्यकारी परिषद्ले गरेको व्याख्या अन्तिम मानिने गरी व्यवस्था भएको देखिन्छ। यससम्बन्धी कार्यकारी परिषद्ले गरेको व्याख्यालाई अन्यथा मानी यस अदालतबाट थप व्याख्या गर्नुपर्ने अवस्था देखिन आएन । उल्लेख भए अनुसार जब निज निवेदकको सञ्चालक समितिको अध्यक्षको पदावधि पनि मिति २०७३।१।२७ मै समाप्त भएको अवस्था देखिन्छ भने सो मितिभन्दा पछाडि निजको अध्यक्षतामा मिति २०७३।१।२८ मा सञ्चालक समितिको बैठक बसेको र सो बैठकले गरेको सिफारिसलाई कानूनी मान्यता दिन सकिने अवस्था देखिएन। यस्तो कानूनविपरीतको बैठकबाट सिफारिस भएको भन्ने आधारमा त्यस्तो सिफारिसलाई आधार मानी क्याम्पस प्रमुखको पदमा नयुक्ति पाउनुपर्ने भन्ने निवेदकको निवेदन जिकिर पनि मनासिब मान्न नमिल्ने।

लिखित जबाफ बेहोरा हेर्दा मिति २०७३।१।१८ मा पदावधि सकिइसकेको निज निवेदकको अध्यक्षतामा बसेको सञ्चालक समितिको बैठकको विषयलाई लिएर तत्कालै विरोध भई सञ्चालक समितिका केही सदस्यहरूलगायत ठुलो सङ्ख्याका प्राध्यापकहरूले कार्यकारी परिषद्मा उजुरी गरेको भन्ने पनि देखिन्छ। उजुरीमा छानबिन भई

प्रतिवेदन प्राप्त भए अनुसार कार्यकारी परिषद्को मिति २०७३।७।१९ को निर्णयबाट पुन: नाम सिफारिसको प्रक्रियामा जान पत्राचार भएको भन्ने पनि देखिन्छ । यसबिचमा मिति २०७३।८।१४ मा र २०७४।५।१९ मा गरी पटकपटक पत्राचारहरू भएको भन्ने पनि देखिन्छ। कार्यकारी परिषद्को यो निर्णय र पत्राचारहरू बदरको माग दाबी रहेको देखिँदैन। सिफारिसमा परेका अन्य दुई जनाको रिट निवेदन पर्न आएको देखिँदैन। मिति २०७३।७।१९ को निर्णय बदर गरिपाउन निवेदन परेको भए पनि धेरै विलम्ब गरी मिति २०७४।९।१३ मा मात्र परेको देखिने।

विपक्षीहरूलाई क्याम्पस प्रमुख र अध्यक्षमा नियुक्ति गर्ने गरी त्रिभुवन विश्वविद्यालयको कार्यकारी परिषद्बाट भएको मिति २०७५।०४।०२ गतेको निर्णय र सोसम्बन्धी पत्राचार बदर हुनुपर्ने देखिन्छ वा देखिँदैन भन्ने अर्को प्रश्नमा विचार गरौँ। त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १४(ट) ले क्याम्पस प्रमुखको नियुक्तिको विषयलाई कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकारअन्तर्गत राखेको पाइन्छ । त्यसै गरी त्रिभुवन विश्वविद्यालय स्वायत्ततासम्बन्धी नियम, २०६२ को नियम ६ को उपनियम (२) मा क्याम्पस प्रमुखको नियुक्तिको लागि सञ्चालक समितिले संयोजक सहित ३ सदस्यीय एक सर्च कमिटी गठन गर्ने छ र सो समितिले सिफारिस गरेका त्रि.वि. सेवामा रहेका सोही क्याम्पसका वरिष्ठ शिक्षकहरूमध्येबाट ३ जनाको नाम सञ्चालक समितिले कार्यकारी परिषद्मा नियुक्तिका लागि सिफारिस गरी पठाउने र त्यसरी सिफारिस भएकामध्ये एक जनालाई कार्यकारी परिषद्ले क्याम्पस प्रमुखको पदमा नियुक्त गर्ने व्यवस्था रहेको देखिन्छ। सोही व्यवस्थाबमोजिम मिति २०७५।०३।२५ गते क्याम्पस प्रमुख तथा क्याम्पस सञ्चालक समितिको अध्यक्ष नियुक्तिको लागि सञ्चालक समितिले सिफारिस गरेकोमा सोही सिफारिसका आधारमा त्रिभुवन विश्वविद्यालयको कार्यकारी परिषद्ले महेन्द्ररत्न क्याम्पसको क्याम्पस प्रमुख तथा अध्यक्ष नियुक्ति गर्ने गरी मिति २०७५।४।२ मा निर्णय भई सो निर्णयको कार्यान्वयनका लागि मिति २०७५।४।४ मा नियुक्ति र मनोनयन गरिएको देखिन्छ। निवेदकको जिकिर अनुसार मिति २०७३।१।२८ को निर्णय र सिफारिस नै कानून सङ्गत नदेखिएको र हाल मिति २०७५।४।२ मा भएको निर्णय नियममा तोकिएको नियम विपरीत रहेको भन्ने नदेखिँदा निवेदन माग दाबीबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन । उक्त निर्णय त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १४(ट) र त्रिभुवन विश्वविद्यालय स्वायत्ततासम्बन्धी नियम, २०६२ को नियम ६ को उपनियम (२) व्यवस्थाको परिधिभित्र रही गरेको देखिँदा गैरकानूनी नदेखिने।

निवेदकले दाबी गरेको मिति २०७३।१।२८ को सञ्चालक समितिको बैठक र सिफारिसलाई कानूनसङ्गत मान्न सकिने अवस्था नरहेको, सोही बैठकको वैधताको विषयलाई लिएर छानबिन भई कार्यकारी परिषद्बाट अर्को प्रक्रियामा जान निर्देशन भएकोमा पुन: सञ्चालक समितिबाट निर्णय नै नगराई विपक्षीहरूलाई नियुक्त गरिएको भन्ने भनाइ नरहेको र विपक्षीहरूलाई नियुक्त गर्दा नियमानुसार सञ्चालक समितिकै सिफारिसमा नियुक्त गरिएको हुँदा निवेदन दाबीबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : चेतराज पन्त/श्रेया पौडेल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७९ साल असार ८ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७४-WO-०३९८, उत्प्रेषणसमेत, भोलानाथ भट्टराईसमेत वि.

त्रिभुवन विश्वविद्यालय, उपकुलपतिको कार्यालय, कीर्तिपुर, काठमाडौंसमेत भएको मुद्दामा यसै अनुसार फैसला भएको छ ।

## इजलास नं. ५

### १८

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, *०६९-WO-१०७६, उत्प्रेषणसमेत, हरिशरण खत्रीसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौंसमेत*

काठमाडौं जिल्ला, साबिक खड्का भद्रकाली गा.वि.स. वडा नं. ५ख कि.नं. ६९ को पर्ती जग्गा दर्ता गरी जग्गाधनी प्रमाणपुर्जा वितरण गरेको हुँदा छानबिन गरी नियमानुसार गरिपाउँ भनी प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा गा.वि.स.को कार्यालय खड्का भद्रकाली काठमाडौंको तर्फबाट परेको उजुरी उपर छानबिनपश्चात् बुझिएसम्मका तथ्य प्रमाणहरूका आधारमा उक्त कि.नं. ६९ क्षेत्रफल ९-१-२-० पर्ती जग्गा नापी हुँदाका बखत फिल्डबुक र नापी शाखाबाट तयार गरिएको नापी नक्सामा पर्ती उल्लेख भएको, नापीको समयमा फिल्डबुकमा जग्गाधनीको नाम खाली रहेको र पर्ती जनिएको जग्गा सम्बन्धित गा.वि.स. ले प्रस्तुत जग्गा पर्ती हो भनी उजुरीसमेत गरेको अवस्था देखिँदा उल्लिखित साबिक कि.नं. ६९ को पूरै जग्गा पछि बनाइएका कुनै बेहोरा र प्रमाणबाट व्यक्ति विशेषका नाममा दर्ता र नामसारी गर्न नमिल्ने हुँदा मालपोत ऐन, २०३४ को दफा २४(२) अनुसार नेपाल सरकारको नाममा कायम गरी जग्गाधनी प्रमाणपुर्जा तयार गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा पठाई यस आयोगलाई जानकारी दिन अख्तियार दुरूपयोग आयोग ऐन, २०४८ को दफा १२(ख) बमोजिम मालपोत कार्यालय, चाबहिलमा लेखी उजुरीको लगत कट्टा गर्ने भनी प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६६।०९।२० को बैठकबाट भएको निर्णयका आधारमा सो आयोगबाट मिति २०६९।११।२४ मा भएको निर्णयानुसार च.नं. १०९३ मिति २०६९।१२।०६ को पत्रद्वारा मालपोत कार्यालय, चाबहिल काठमाडौंलाई पत्राचार गरिएको कार्य संविधान एवं कानून प्रदत्त अधिकार नाघी प्रत्यर्थी अख्तियारा दुरूपयोग अनुसन्धान आयोगबाट अधिकारक्षेत्रात्मक त्रुटि (Jurisdictional Error) गरेको देखिने ।

मालपोत कार्यालय, चावहिल काठमाडौंबाट प्राप्त प्रमाण मिसिल अध्ययन गरी हेर्दा विवादित काठमाडौं जिल्ला, साबिक खड्का भद्रकाली गा.वि.स. वडा नं. ५ख कि.नं. ६९ को जग्गाको फिल्डबुकको बेहोरामा भद्रकाली गाउँपञ्चायत वडा नं. ५ख कि.नं. ६९ को ९-१-२-० जग्गाको किसानको बेहोरा महलमा "यो जग्गा मालमा तिरो तिरी खाइ आएको छु भनी हकमा सही निजको भाइ डम्बरबहादुर खत्री" र कैफियत महलमा "यो जग्गा पर्ती भए तापनि निजकै (नबुझेको) तिरो तीरानभित्रको हो भनी सही गर्ने (नबुझेको) चिरी महर्जन" उल्लेख भएको देखिन्छ । फिल्डबुकमा पर्ती जनिएको उक्त कि.नं. ६९ को जग्गासमेत आफ्नो नाउँमा दर्ता गरिपाउँ भनी काठमाडौं जिल्ला, तत्कालीन खड्का भद्रकाली गाउँ पञ्चायत वडा नं. ७ बस्ने डम्बर बहादुर खत्री र गंगामाया खत्रिनीसमेतले मालपोत कार्यालय, काठमाडौंमा दिएको निवेदनउपर आवश्यक कारबाही गरी उक्त जग्गा डम्बरबहादुर खत्री र गंगामाया खत्रिनीको नाउँमा संयुक्त नामसारी दर्ता गरी जग्गाधनी प्रमाणपुर्जा दिने गरी मालपोत कार्यालय, काठमाडौंबाट मिति २०३८।०४।२२ मा निर्णय भएको देखियो । विवादित उक्त कि.नं. ६९ को जग्गा

डम्बरबहादुर खत्री र गंगामाया खत्रिनीको नाउँमा संयुक्त दर्ता नामसारी भएपश्चात् उक्त कि.नं. ६९ कित्ताकाट भई कि.नं. ६९ कित्ताकाट भई कि.नं. ७३८ र ७३९ भएको, कि.नं. ७३८ कित्ताकाट भई कि.नं. ७४० र ७४१ भएको, कि.नं. ७४० कित्ताकाट भई कि.नं. ७४२ र ७४३ भएको, कि.नं. ७४१ कित्ताकाट भई कि.नं. ७५१, ७५२, ७५३ र ७५४ भएको र कि.नं. ७४३ कित्ताकाट भई कि.नं. ८०१, ८०२ र ८०३ भएको भन्ने तथ्य नापी कार्यालय, टोखा सरस्वतीबाट प्राप्त प्लट रजिस्टरबाट देखिने।

सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता वा आवाद गर्न गराउन हुँदैन। कसैले यो दफा प्रारम्भ हुनुभन्दा अघि वा पछि सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वतः बदर हुने देखिन्छ। सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा दर्ता गरी तोकिएबमोजिमको अभिलेख अद्यावधिक राख्नुपर्ने गरी सम्बन्धित मालपोत कार्यालयलाई कानूनले नै अख्तियारी प्रदान गरेको देखिन्छ। एकातर्फ प्रस्तुत निवेदनको रोहबाट विवादित देखिएको कि. नं. ६९ को जग्गाको फिल्डबुकमा नै विरहको महलमा पर्ती जनिएको साथै कैफियत महलमा समेत पर्ती भनी उल्लेख भएको अवस्था देखिन्छ भने अर्कोतर्फ सो जग्गा हाल साबिक नापजाँच हुँदाका अवस्था जग्गा दर्ता नामसारी गराई लिने व्यक्तिले सम्बन्धित जग्गामा उपस्थित हुन नसक्नुको उचित र पर्याप्त आधार कारण खुलाउन सकेको देखिँदैन। जग्गाको दाखिल खारेज, नामसारी गर्नेजस्ता विषयको आधिकारिक अभिलेख राख्ने जिम्मेवारी तोकिएको मालपोत कार्यालयले पर्ती जग्गालाई सरकारी जग्गाको रूपमा परिभाषित गरेको अवस्थामा त्यस्तो जग्गालाई कुनै व्यक्तिको नाममा नामसारी गर्दा कानूनले तोकेको सीमा र अधीनमा रही निर्णय गर्नुपर्ने हुन्छ। आफूलाई प्रचलित कानूनले तोकेको कर्तव्य र अधिकारको सीमाभन्दा बाहिर गई गरेको निर्णयले वैधानिकता प्राप्त गर्न नसक्ने।

सरकारी, सार्वजनिक वा सामुदायिक जग्गाको अद्यावधिक अभिलेख राख्ने जिम्मेवारी रहेको प्रत्यर्थी मालपोत कार्यालय, चाबहिल काठमाडौंले कि.नं. ६९ को ९-१-२-० क्षेत्रफल रहेकको जग्गाको फिल्डबुकमा पर्ती जनिई विवाद देखिएको जग्गा सो कार्यालयको मिति २०३८।०४।२२ को निर्णयानुसार व्यक्तिको नाममा दर्ता भएको विषयमा प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेको उजुरीउपर भएको कारबाहीको सिलसिलामा सो आयोगबाट मिति २०६९।११।२४ मा भएको निर्णयानुसार च.नं. १०९३ मिति २०६९।१२।०६ को पत्रद्वारा प्रत्यर्थी मालपोत कार्यालय, चाबहिल काठमाडौंलाई पत्राचार गरिएको कार्य संविधान एवं कानूनसम्मत नभई उत्प्रेषणको आदेशद्वारा बदर भइसकेको अवस्थामा तत्कालीन मालपोत कार्यालय, काठमाडौंबाट भएको उक्त मिति २०३८।४।२२ को निर्णयलेसमेत वैधानिकता नपाउने।

अत: माथि विवेचित आधार, कारण र प्रमाणसमेतबाट काठमाडौं जिल्ला, खड्का भद्रकाली गा. वि. स. वडा नं. ५ख कि.नं. ६९ को क्षेत्रफल ९-१-२-० जग्गाको दर्ता सम्बन्धमा प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६९।११।२४ मा भएको निर्णय र सो निर्णयानुसार आयोगको च.नं. १०९३ मिति २०६९।१२।०६ को पत्रद्वारा प्रत्यर्थी मालपोत कार्यालय, चाबहिल काठमाडौंलाई गरिएको पत्राचारको कार्य संविधान एवं कानूनप्रदत्त क्षेत्राधिकार प्रतिकूल रहेको देखिन आएकोले उक्त मिति २०६९।११।२४ को निर्णय र च.नं. १०९३ मिति २०६९।१२।०६ को पत्र

उत्प्रेषणको आदेशद्वारा बदर हुने । साथै प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय र पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर भइसकेको परिप्रेक्ष्यमा विपक्षी मालपोत कार्यालय, चाबहिल काठमाडौंबाट विवादित कि. नं. ६९ को पर्ती जग्गा व्यक्तिका नाउँमा दर्ता गर्ने गरी मिति २०३८।०४।२२ मा भएको निर्णयसमेत कायम रहने देखिन नआएकोले सो निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब, उक्त विवादित कि.नं. ६९ को जग्गा सरकारी कायम हुने वा व्यक्तिका नाउँमा दर्ता हुने हो, सो सम्बन्धमा जे जो बुझ्नुपर्छ बुझी कानूनबमोजिम पुन: निर्णय गर्नु भनी प्रत्यर्थी मालपोत कार्यालय, चाबहिल काठमाडौंका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत : इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७८ साल फाल्गुण १ गते रोज १ शुभम्।

**१९**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना**, *०७३-WO-०९०७, उत्प्रेषण परमादेशसमेत, गुप्ता मायालुसमेत वि. प्रेस काउन्सिल नेपाल, सञ्चारग्राम, तिलगंगा, काठमाडौंसमेत*

निवेदकहरूद्वारा सञ्चालित पत्रपत्रिकामध्ये "ख" वर्गमा प्रकाशित हुँदै आएको नेशनल न्यूज साप्ताहिकलाई पहिलो पटक हुबहुमा परेको र गल्ती स्वीकार गरी आगामी दिनमा सच्चिने प्रतिबद्धता व्यक्त गरेको आधारमा प्रेस काउन्सिल नेपालले न्यूनतम वर्ग अर्थात् "घ" वर्गमा राखिएको निर्णयबमोजिम र सम्परीक्षण समितिको प्रतिवेदन अनुसार ११ प्रकार वा किसिमका समाचार हुबहु गरेको सम्बन्धमा समितिबाट जवाफ माग भएकोमा निवेदक नेशनल न्युज साप्ताहिकबाट हुबहु गर्ने नियत नभएको, त्रुटि असावधानीका कारण हुबहु हुन गएकोमा सच्याउने प्रतिबद्धतासहित जवाफ पेस गरेको भन्नेसमेत सो प्रतिवेदनमा उल्लेख भएको देखिन्छ। त्यसै गरी उपत्यका सन्ध्याकालीन दैनिक (काठमाडौं) ले २०७१/०७२ मा करिब ४९ वटा हुबहु प्रकाशन गरेको भनिए तापनि सोही प्रतिवेदनमा "सबैजसो अङ्कहरूमा सम्पादकीय भन्दै समाचारहरू राससबाट प्रकाशित गरिएको, मुख्य समाचारमा राससको दुई/तीन वटा समाचार हुबहु गर्ने गरिएको, समाचारमा पनि बिच-बिचको अंशहरू मात्रै जथाभावी तरिकाले हुबहु गर्ने गरिएको" भन्ने बेहोरा सो प्रतिवेदनमा उल्लेख भएको देखिन्छ। पुनरावलोकन समितिको, नतिजा पुनरावलोकन प्रतिवदेनमा नेशनल न्युज साप्ताहिक र उपत्यका सन्ध्याकालिन दैनिक पत्रिका सर्वोच्च अदालतमा मुद्दा प्रक्रियामा रहेको भनी उल्लेख गरेको पाइने।

नेशनल न्यूज साप्ताहिक पत्रिकाको हकमा पत्रपत्रिका वितरण तथा सम्परीक्षण समितिले मिति २०७३।८।२१ मा पेस गरिएको आ.ब. २०७१/०७२ को वर्गीकरण नतिजासम्बन्धी प्रतिवेदनको अनुसूची-२ आ.ब. २०७१/०७२ सालको पत्रपत्रिका वर्गीकरणमा समावेश नभएका पत्रिकाको विवरणको क्र.सं. ४६ मा हुबहुमा परेको भनी सूचीकृत भई प्रेस काउन्सिलसमक्ष पेस भएकोमा प्रेस काउन्सिलबाट मिति २०७३।९।१३ मा निर्णय हुँदा "वर्गीकरणमा समावेश भएका ७७९ पत्रपत्रिकाहरूको वर्गीकरण पेस भएअनुसार नै हुने गरी र वर्गीकरणमा समावेश नभएका १३१ पत्रपत्रिकामध्ये सो आ.ब.मा पहिलो पटक हुबहुमा परेका र गल्ती स्वीकार गरी आगामी दिनमा सच्चिने प्रतिबद्धता व्यक्त गरेका निम्नानुसार ५४ वटा पत्रपत्रिकाहरूको हकमा एकपटकको लागि न्यूनतम वर्ग अर्थात् "घ" (प्राप्ताङ्क न्यूनतम वर्गको लागि चाहिने न्यूनतम अर्थात् २०.०० हुने) कायम गर्ने साथै अन्यको हकमा पेस भएअनुसार नै हुने गरी वर्गीकरणको नतिजा सार्वजनिक गर्ने"

भनी निर्णय भएबमोजिम नेशनल न्यूज साप्ताहिक पत्रिकालाई “घ” वर्गमा राखिएको देखिने।

त्यसै गरी जनआज्ञा मासिक पत्रिकाको हकमा पत्रपत्रिका वितरण तथा सम्परीक्षण समितिबाट मिति २०७३।८।२१ मा पेस भएको आ.ब. २०७१/०७२ को वर्गीकरण नतिजासम्बन्धी प्रतिवेदनमा हुबहु गरेको कारण वर्गीकरणमा समावेश नभएको, हुबहुमा परेको भनी सूचिकृत भई प्रेस काउन्सिलसमक्ष पेस भएकोमा प्रेस काउन्सिलबाट मिति २०७३।९।१३ मा सोही प्रतिवेदनको निर्णय सदर गरी निर्णय भएको पाइने।

निवेदक पत्रपत्रिकाहरूमध्ये कुनैलाई घटुवा गरी वर्गीकरण गरेको र कुनैलाई वर्गीकरणमा नै समावेश नगर्ने गरी प्रतिवेदन पेस गर्दा र निर्णय गर्दा निवेदक पत्रपत्रिकाहरूले "हुबहु" गरेको भन्नेलाई एकमात्र आधारको रूपमा लिएको देखिन्छ। निवेदक पत्रपत्रिकाहरूलाई वर्गीकरण गर्दा घटुवा गर्ने वा वर्गीकरणमा समावेश नगर्ने गरी प्रतिवेदन तयार पार्दा र निर्णय गर्दा पत्रपत्रिका वितरण सम्परीक्षण मापदण्ड, २०६६ मा उल्लिखित वितरण परिमाण, निरन्तरता, विषयवस्तु, साजसज्जा/छपाइसमेतका वस्तुनिष्ठ आधार लिएको देखिँदैन । साथै के कुन आधारमा पत्रपत्रिकालाई हुबहुमा राख्ने र हुबहु केलाई मान्ने भन्ने सम्परीक्षण मापदण्ड २०६६ एवं विपक्षीहरूबाट पेस भएको प्रतिवेदन र भएको निर्णयसमेतमा प्रस्ट उल्लेख भएको नदेखिने।

सम्परीक्षणको मापदण्ड, २०६६ को दफा १४ मा विभिन्न वर्गमा पर्नको लागि प्राप्त गर्नुपर्ने अङ्कको व्यवस्था रहेको देखिन्छ। सो व्यवस्था अनुसार ९१ अङ्क वा सोभन्दा बढी अङ्क प्राप्त गरेमा ‘क+’ वर्ग, ६६ देखि ९० सम्म ‘क’ वर्ग, ५१ देखि ६५ सम्म ‘ख’ वर्ग, ३६ देखि ५० सम्म ‘ग’ वर्ग, २५ देखि ३५ सम्म ‘घ’ वर्गमा समावेश गरिने भन्ने व्यबस्था रहेको छ। तथापि निवेदक पत्रपत्रिकाहरूको वर्ग घटुवा गर्दा वा वर्गीकरणबाहिर पार्दा उक्त दफामा उल्लिखित के कति अङ्क प्राप्त गरेको भन्ने कुरा दाबीको प्रतिवेदन एवं निर्णयमा उल्लेख भएको देखिँदैन। साथै सम्परीक्षणको मापदण्ड, २०६६ को दफा ३० मा हुबहु प्रकाशित भएको अवस्थामा वर्गीकरणमा समावेश नगरिने भन्ने व्यवस्था रहेको छ। उक्त दफामा हुबहुको परिभाषा गरिको छैन। हुबहु भन्नाले अर्को पत्रिकाको पूरै अङ्क प्रकाशित गरेको वा एउटा वा एकभन्दा बढी समाचार वा लेख प्रकाशित गरेको वा केलाई मान्ने प्रस्ट रूपमा परिभाषाको अभाव रहेको देखिन्छ। निवेदकहरूको पत्रिकाको वर्गीकरणमा घटुवा गर्ने र वर्गीकरणबाहिर पार्ने गरी निर्णय गर्दा दाबीको प्रतिवेदन एवं निर्णयमा हुबहु गरेको भनी आधार लिइएको देखिए तापनि केलाई हुबहु मान्ने भनी प्रस्ट उल्लेख भएको देखिँदैन। साथै दाबीको प्रतिवेदन एवं निर्णयमा निवेदक पत्रपत्रिकाको कुन-कुन अङ्कमा कुन-कुन पत्रपत्रिकाको कुन-कुन अङ्कको कुन-कुन भाग हुबहु प्रकाशित भएको र कति प्रतिशत हुबहु भनी प्रस्ट र वस्तुनिष्ठ रूपमा उल्लेख भएको देखिँदैन। कुनै पत्रिकाले गल्ती स्वीकारी सुधार्ने प्रतिवद्धता गरेकोमा पुनरावलोकनबाट वर्गिकरणमा समावेश गरेको देखिन्छ भने निवेदकहरूको हकमा सो नगरी भेदभाव र पूर्वाग्रह राखिएको देखिने।

वस्तुनिष्ठ आधार र कारण उल्लेख नगरी निवेदकहरूद्वारा सञ्चालित पत्रपत्रिकाहरूमध्ये नेशनल न्युज साप्ताहिक ख वर्गबाट घ वर्गमा घटुवा गर्ने, जनआज्ञा मासिकलाई ख वर्गबाट ग वर्गमा घटुवा गर्ने एवं वर्गीकरणमा नै समावेश नगर्ने गरी विपक्षी पत्रपत्रिका वितरण तथा सम्परीक्षण समितिद्वारा आ.व. २०७१/०७२ को वर्गीकरण नतिजासम्बन्धी प्रेस काउन्सिलसमक्ष पेस भएको मिति २०७३।८।२१ को प्रतिवेदन र सो प्रतिवेदनलाई सदर गर्ने गरी विपक्षी प्रेस

काउन्सिलबाट मिति २०७३।९।१३ मा भएको निर्णय निवेदकहरूको हकमा न्याय एवं कानूनसम्मत रहेको देखिन नआएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । साथै प्रस्तुत निवेदनको विषय मौलिक हकसँग समेत जोडिएको देखिन आएकोले अब निवेदकद्वारा सञ्चालित उपत्यका सन्ध्याकालीन राष्ट्रिय दैनिक, जनआज्ञा मासिक र नेशनल न्यूज साप्ताहिकको हकमा वस्तुनिष्ठ आधार र कारणसहित उपर्युक्त निर्णय गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेतसमेत जारी गरिदिएको ।

इजलास अधिकृत : उदवीर नेपाली, इन्द्रकुमार श्रेष्ठ, हिरा डंगोल

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७९ साल वैशाख ०७ गते रोज ४ शुभम् ।

- यसै लगाउका ०७४-WO-०२७४, उत्प्रेषण, गुप्ता मायालुसमेत वि. प्रेस काउन्सिल नेपाल, सञ्चारग्राम, तिलगंगा, काठमाडौंसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**२०**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७४-CR-०८६४, जालसाजी, उमेश नारायण मानन्धर वि. विना देवी मानन्धर*

प्रतिवादीहरूले लिनुदिनु गरेको मालपोत कार्यालय, पर्साको र.नं २२४१ ख मिति २०६६।८।१६ गतेको राजीनामा लिखतबाट पारित भएको पर्सा जिल्ला, वीरगन्ज नगरपालिका वडा नं १४ कि.नं ६ सिट नं ०३५१/०२ को ०,०३३७.२ वर्गमिटर जग्गा मूल्य रू.६०,००,०००।– मा कारोबार भएको भन्ने देखिएको र सो घरजग्गा वादीको नाममा वा वादी प्रोप्राइटर रहेको हवी अटो ट्रेडिङ्गको नाममा नराखी प्रतिवादी उमेश नारायण मानन्धरको नाममा राखिएको कार्यबाट वादीको उल्लिखित मूल्य बराबरको हक मेट्ने नियत प्रतिवादीहरूको रहेको भन्ने स्पष्ट हुन आएको, प्रतिवादीको क्रियाले वादीको हकाधिकारमा नोक्सान पुग्न गएको, निजहरूले आफूलाई प्रतिनिधि बनाउने संस्थाको हितप्रतिकूल हुने कार्य गरी जालसाजी गरेको देखिँदा प्रतिवादी उमेश नारायण मानन्धर र पुष्प राज अमात्यलाई मुलुकी ऐन, किर्ते कागजको १० नं.बमोजिम बिगो खुलेको रू.६०,००,०००।– (साठी लाख) को सयकडा २५ प्रतिशतले जनही रू १५,००,०००।– (पन्ध्र लाख) जरिवाना हुने ठहर गरी पर्सा जिल्ला अदालतबाट मिति २०७१।०२।२१ मा भएको फैसलालाई सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७३।०५।२९ मा भएको फैसलालाई अन्यथा भन्न मिलेन । मुद्दा दोहोऱ्याई हेर्ने गरी यस अदालतबाट निस्सा प्रदान भएको आदेशमा प्रयुक्त वादीले दाबी लिएको विषय ठगीअन्तर्गत मुद्दा लाग्ने हो वा जालसाजी हो भन्ने प्रथम रूपमा नै व्याख्याको प्रश्न उपस्थित भएको र रू.२० लाखको ठगी वा जालसाजी भएकोमा किर्ते कागजको ७ र ९ नं. ले सो २० लाखको २५% मात्र सजाय गर्नुपर्नेमा सोतर्फसमेत प्रस्ट हुन नसकेको भन्ने सम्बन्धमा माथि विवेचित आधारमा तथा प्रतिपादित नजिर सिद्धान्तको आधारमा यस अदालतबाट मिति २०७४।१०।२ मा निस्सा प्रदान गर्दा लिइएको आधार र विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग यो इजलास सहमत हुन नसकिने ।

पर्सा जिल्ला अदालतबाट मिति २०७१।०२।२१ मा भएको फैसलालाई सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७३।०५।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : दामोदर रेग्मी

इति संवत् २०७९ साल माघ १९ गते रोज ५ शुभम् ।

## २१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७३-CI-१५४५, गहना धनमाल, धर्मराज बटालासमेत वि. मानबहादुर वली*

प्रतिवादी गंगा गिरीले वादी विदेश गएको बेलामा आफ्ना दुई छोरीहरूको स्याहारसुसार तथा पालनपोषण गर्नुका साथै शिक्षादीक्षासमेत दिलाएको भन्ने प्रतिवादीको जिकिरलाई वादीले अन्यथा भन्न सकेको देखिँदैन । त्यसै गरी वादी विदेश जाँदा ऋण लिएर गएको र सो ऋण प्रतिवादीले चुक्तासमेत गरिसकेको र ऋण दिने व्यक्तिले सो ऋण नतिरेको भनी कहींकतै उल्लेख गरेको पाइँदैन । प्रतिवादीलाई रोहबरमा नराखी वादीले पसलको जिम्मा लिएको देखिँदा प्रतिवादीको उपस्थितिविना पसलको सामानको हरहिसाब गरेकोसमेत न्यायोचित देखिन आएन । प्रतिवादीले आफू र आफ्ना छोरीहरूलाई घरबाट कुनै पनि सहयोग नभएकोले घरभाडा तथा खानाको लागि खर्च हुन सक्ने भन्ने यर्थाथलाई बेवास्ता गरी वादीले पठाएको सबै पैसा बच्न सक्ने अनुमान गरी भएको सुरू अदालत तथा पुनरावेदन अदालतबाट भएको फैसलालाई न्यायसङ्गत मान्न मिल्ने नदेखिने ।

प्रतिवादीले सुनको औँठी तथा कानवाली लिएर गएको भन्ने सम्बन्धमा निज वादी विदेश जाँदा पैसा नभई अरूसँग ऋण लिई गएको अवस्था देखिन्छ । यदि प्रतिवादीसँग सुनको गरगहना भएको अवस्थामा निज वादीले सुनको गरगहनालाई नै धितो राखी वा बिक्री गरी रकम जुटाउन सक्ने अवस्था विद्यमान हुँदाहुँदै निज ऋण काडेर विदेश जाने अवस्था हुने थिएन । प्रतिवादीका साक्षी तुलवीर के.सी. ले स.ज. ७ मा प्रतिवादी धर्मराज बटालाले प्रतिवादी गंगा गिरीलाई स्वास्नी बनाई लिइसकेपछि प्रतिवादी गंगा गिरीले कुनै पनि गहना लगाएको देखिनँ भनी सुरू अदालतमा बकपत्र गरेको देखिन्छ । प्रतिवादीले माइतीले लगाउन दिएको गहनासमेत बेची सो रूपियाँसमेत विपक्षीले नै लिई गएको र आफूले कुनै पनि गहना लिएर नगएको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर रहेको छ । वादीले दाबी लिएको गहना आफूसँग नभएको नलगेको भन्ने प्रतिवादीको प्रतिउत्तर तथा पुनरावेदन जिकिर रहेको अवस्थामा सो गहनाको अस्तित्व वादीले पुष्टि गर्नुपर्नेमा वादीले सो दायित्व पूरा गर्न सकेको अवस्थासमेत देखिएन । यसबाट पनि प्रतिवादीसँग सुनको गरगहना भएको र प्रतिवादीले वादीको सुनको गरगहना लगेको भनी अनुमान गर्न सक्ने अवस्था नदेखिने ।

वादीले आफू भारतबाट कमाई ल्याएको र अंशबापत प्राप्त गरेको रकमबाट पसल व्यवसाय गरेको भने तापनि सोलाई पुष्टि गर्ने कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन । प्रतिवादीले आफूले पेवा तथा आमाको सहयोग लिई छुट्टै कोठाभाडा तिरी पसल व्यवसाय गरेको कुरालाई वादीले पुनरावेदन अदालतमा कुनै पनि खण्डन गरेको देखिँदैन । यसरी प्रतिवादीले वादीलाई विदेशमा ऋण काढेर पठाएकोमा ऋण तिरेको, निजबाट जन्मेका दुई छोरीहरूको पालनपोषण, खाना खर्च, शिक्षादीक्षा तथा औषधीउपचारमा लाग्न सक्ने खर्चको सम्बन्धमा यथार्थरूपमा हरहिसाबसमेत नगरी प्रतिवादीबाट वादीले गहना धनमालको रकम भराइपाउने गरी भएको पुनरावेदन अदालत सुर्खेतको फैसला मिलेको नदेखिने ।

सुनको मूल्य प्रतितोला रू.एक लाखका दरले डेढ तोला सुनको मूल्य रू.१,५०,०००।– कायम गरेको हदसम्म सुरू जाजरकोट जिल्ला अदालतको मिति २०७२।२।४ को फैसला नमिलेको हुँदा सो उल्टी भई उक्त डेढ तोला सुनको गहनाको बिगो प्रतितोला रू. ५०,०००।– को दरले रू. पचहत्तर हजार हुने

हुँदा रू. डेढ लाखको सट्टामा रू. पचहत्तर हजार र अन्य बिगो रू. २,७७,७१६।– समेत प्रतिवादीबाट वादीले भराइपाउने गरी मिति २०७३।०२।०३ मा भएको पुनरावेदन अदालत सुर्खेतको फैसला मिलेको नदेखिँदा उल्टी हुने।

इजलास अधिकृत : हिरामाया अवाल

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७९ साल माघ १३ गते रोज ६ शुभम्।

## २२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७२-CI-१४६२, ०७२-CI-१४७३, अंश चलन, देवनारायण मण्डल वि. सत्यनारायण मण्डल, सत्यनारायण मण्डल वि. देवनारायण मण्डल*

घरसारमा अंशबन्डा भई तत्कालीन जिमदारी पटवारीको १ नं., २ नं. फारामलाई स्वीकार गरी बसेको अवस्थामा तल्लो पुस्ताले सो तथ्यको विपरीत जान पाउने होइन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा, मालपोत कार्यालय, सप्तरीको च.नं. १०२६८ मिति २०७१।३।१३ को पत्रबाट मौजे तोपा बकालकट्टीको २००४ साल नापीको जग्गा बन्दी किताबबाट ६० नं. का रैती बसन्ती मंडर नाउँमा कित्ता नं. ३७७, ३७९, ३८७ को ३ कित्ता जग्गाको चौहदीसहितको विवरण प्राप्त भएको देखिन्छ। सोही कार्यालयको च.नं. १०२१९ मिति २०७०।३।१२ को पत्रसाथ प्राप्त निज बसन्ती मण्डलको नाउँको जग्गाधनी दर्ता प्रमाणपुर्जाको प्रमाणित प्रतिलिपिबाट कि.नं. ३२९ र ८९ को जग्गा निजको नाउँमा दर्ता कायम भएको देखिन्छ भने पुनरावेदक वादीका पिता स्व. मधुकर मण्डलको नाउँमा कुनै सम्पत्ति रहे भएको देखिँदैन। वादीको पिताका नाउँमा कुनै सम्पत्ति रहे भएको प्रमाण प्रतिवादीले पेस गर्न सकेको पनि छैन। प्रस्तुत मुद्दाका वादी देवनारायण मण्डलका पिता स्व. मधुकर मण्डल र प्रतिवादीका पिता स्व. बसन्ती मण्डल अंशियार नाताका दाजुभाइ रहे भएकोमा अंशियार यी वादी/प्रतिवादीका बिचमा विधिवतरूपमा अंशबन्डा भइसकेको भन्ने कुरा पुष्टि हुने कुनै लिखत प्रमाण पेस भएको देखिँदैन। प्रतिवादीले प्रतिउत्तर फिराउँदा वादीका बाबुले अंश लिई छुट्टी भिन्न भएको भनी जिकिर लिए पनि निजले अंशबापत के कुन सम्पत्ति लिए पाएको हो ? या निजले प्राप्त गरेको सम्पत्ति को कसको नाउँमा के कहिले दा.खा. दर्ता भयो भन्ने तथ्य पुष्टि हुने प्रमाण पेस गर्न सकेको छैन। वादीले अंशबापत पाएको सम्पत्ति बेचबिखन गरेको भनी जिकिर लिएको देखिए तापनि सो कुराको पुष्टि हुने लिखतसमेत प्रतिवादीले पेस गर्न सकेको देखिँदैन। तत्कालीन जिमदारी पटवारीको समयको फाराम नं. १ र ७ नं. फाँटवारी एवं पुनरावेदक/प्रतिवादी सत्यनारायण मण्डलका पिता स्व. बसन्ती मण्डलका नाउँको जग्गाधनी प्रमाणपुर्जासमेतबाट निजको नाउँमा जग्गा जमिन रहेको देखिएकोमा सोही पुस्ताका अंशियार व्यक्ति पुनरावेदक/वादीका पिता स्व. मधुकर मण्डलको नाउँमा कुनै सम्पत्ति दर्ता रहे भएको देखिन नआएको स्थितिमा पुनरावेदक प्रतिवादीको जिकिरबमोजिम बाबुका पालामा नै अंशबन्डा भइसकेको भन्न नमिली पुनरावेदक वादीले पुनरावेदक प्रतिवादीबाट अंश पाउने नै देखिन आयो। घरसार एवं व्यवहार प्रमाणबाट वादीले अंश लिई पाइसकेको भन्ने पुनरावेदक प्रतिवादीको जिकिर विश्वसनीय, भरपर्दो एवं आधारयुक्त रहेको मान्न नसकिने।

पुनरावेदक/प्रतिवादी सत्यनारायण मण्डलको पिता स्व. बसन्ती मण्डलको नाउँमा गाउँ ब्लकको कि.नं. २४०, १२९, १३०, २४८, १२७, ३७७, ३७९, ३८२ को जग्गाहरूमा समेत दुई भागको एक भाग अंश पाउने गरी हक इन्साफ गरिपाउँ भन्ने पुनरावेदक

वादीको पुनरावेदन जिकिरको सन्दर्भमा विचार गर्दा, स्व. बसन्ती मण्डलले भरेको मिसिल संलग्न ७ नं. फाँटवारीको प्रतिलिपिबाट तायदाती फाँटवारीमा उल्लेख गरिएको गाउँ ब्लकको कि.नं. २४०, १२९, १३०, २४८, १२७ का जग्गाहरू निज स्व. बसन्ती मण्डलको नाउँबाट ७ नं. फाँटवारी भरेको देखियो । मालपोत कार्यालय, सप्तरीको च.नं. १०२६८ मिति २०७१।३।१३ को पत्रबाट मौजे तोपा बकालकट्टीको २००४ साल नापीको जम्मा बन्दी किताबबाट ६० नं. का रैती बसन्ती मण्डल नाउँमा कित्ता नं. ३७७, ३७९, ३८७ को ३ कित्ता जग्गाको चौहदीसहितको विवरण रहेको भन्ने देखिन आए पनि पुनरावेदक/प्रतिवादी सत्यनारायण मण्डलको पिता स्व. बसन्ती मण्डलको नाउँका उक्त जग्गाहरूको नाप नक्सा एवं दर्ता स्रेस्ता कायम भई निजले जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेको देखिँदैन। पुनरावेदक/प्रतिवादी सत्यनारायण मण्डलले सुरू अदालतसमक्ष मिति २०६७।११।१६ मा द.नं. ७३३७ को निवेदनसाथ पेस गरेको रैती मधुकर मण्डल उल्लेख भएको फाराम नं. १ र २ को प्रतिलिपिबाट उक्त गाउँ ब्लकको जग्गामध्ये कि.नं. २४०, १२९ र १३० को आधा भागसम्मको जग्गा बसन्ती मण्डलले लगेको देखिन्छ । त्यसरी केही जग्गामध्येको आधा आफ्नो भागसम्मको जग्गा निजले लगेको देखिएको अवस्थामा सो कित्ताहरूमा आधा पुनरावेदक वादीको भाग बाँकी नै देखिएको हुनाले निजले कानूनबमोजिम दर्ता गर्न पाउने नै अवस्था देखियो । सोबाहेक अरू विधिवतरूपमा सर्भे नापी एवं दर्ता नै नभई, जग्गाधनी दर्ता स्रेस्ता नै खडा नभएको जग्गालाई अंश हकको रूपमा बन्डा गर्न मिल्ने देखिएन। दर्ता भएको जग्गाबाट सम्म वादीले आफ्नो अंश भाग छुट्याइलिन पाउने देखिन आएकोले वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू अदालतको फैसला उल्टी गरी कि.नं. ३२९ र कि.नं. ८९ को जग्गालाई २ भाग गरी सो २ भागको १ भाग जग्गा सम्पत्ति पुनरावेदक/वादीले अंशबापत छुट्याइलिन पाउने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।१०।२७ मा भएको फैसला मनासिबै देखिएकोले पुनरावेदक वादीको पुनरावेदन जिकिरसँगसमेत सहमत हुन सकिएन । पुनरावेदक वादीको नाममा अंशबापत पाएको कुनै पनि जग्गा नदेखिएको र निजले बेचेकोसमेत प्रमाणित हुन नसकेको अवस्थामा पहिल्यै बन्डा भइसकेकोले अंश दिनुपर्ने होइन भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग पनि सहमत हुन नसकिने।

वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सप्तरी जिल्ला अदालतबाट मिति २०६८।३।५ मा भएको फैसला उल्टी गरी तायदाती फाँटवारीमा उल्लिखित स्व. बसन्ती मण्डलको नाउँमा दर्ता स्रेस्ता कायम रहेको कि.नं. ३२९ र कि.नं. ८९ को जग्गालाई २ भाग बन्डा गरी सो २ भागको १ भाग जग्गा सम्पत्ति पुनरावेदक वादीले अंशबापत छुट्याइलिन पाउने ठहर गरी तत्कालीन पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।१०।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०७९ साल पौष २४ गते रोज १ शुभम्।

## २३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७७-WO-००२३, उत्प्रेषण, नारायणप्रसाद पोख्रेल वि. श्रम अदालत, अनामनगर काठमाडौंसमेत*

विपक्षी कल्याणप्रसाद अर्याल, निवेदक कम्पनीमा Head of Travel Department, Head of Marketing and Promotion for

Travel, Domestic and International Tours को रूपमा मिति २०७२।०९।०१ मा तीन महिनाको परीक्षणकालमा रहने गरी नियुक्ति लिई कार्यरत रहेकोमा विवाद देखिँदैन । उक्त नियुक्तिपत्रबमोजिम तलब र भत्ता गरी रू. १८,०००।- पाउने तथा अन्य प्रोत्साहन भत्ता के कति पाउने भन्ने प्रतिशतसमेतको स्पष्ट व्यवस्थाहरू गरी निवेदक कम्पनी र विपक्षीबिच सेवा, सर्त र सुविधासम्बन्धी विषयमा सम्झौता भएको देखिन्छ । निवेदक कम्पनीले विपक्षी कल्याणप्रसाद अर्यालको जिम्मेवारीमा समेत पुनरावलोकन गरी निजको तलबमानमा पनि वृद्धि गरी आधारभूत तलब रू. ११,०००।- र मासिक भत्ता रू.१२,०००।- पाउने तथा अन्तर्राष्ट्रिय टिकट बिक्री गरेबापत रू. ५०,०००।- सम्म कुनै Incentives नपाउने तर रू. ५०,०००।- देखि ३,००,०००।- सम्म १० प्रतिशत, ३,००,००१।- देखि रू. ५,००,०००।- सम्म १२ प्रतिशत र रू. ५,००,००१।- देखि माथि १५ प्रतिशत Incentives पाउने गरी मिति २०७३।०९।१० मा पुनः सेवा, सर्त र सुविधासम्बन्धी विषयमा सम्झौता भएको देखिन्छ । यसरी नियुक्तिपत्र दिँदा नै पाउने मासिक तलब तथा अन्य प्रोत्साहन भत्ता के कति पाउने भनी स्पष्टरूपमा तोकिदिएको अवस्थामा सो सम्झौताबमोजिमको पारिश्रमिक तथा अन्य प्रोत्साहन भत्ता भुक्तानी दिनु निवेदक कम्पनीको कर्तव्य तथा सम्झौताबमोजिमको तलब भत्ता पाउनु विपक्षी कल्याणप्रसाद अर्यालको कानूनी अधिकार रहेको कुरामा पनि कुनै सन्देह नदेखिने ।

विपक्षी कल्याणप्रसाद अर्यालले सेवा, सर्त र सुविधासम्बन्धी विषयमा सम्झौताबमोजिमको पूरा रकम तथा सञ्चयकोष रकम निवेदक कम्पनीले उपलब्ध नगराएको भनी मिति २०७५।०९।०२ गते श्रम तथा रोजगार कार्यालय, काठमाडौंमा दिएको उजुरीमा नै निजले प्रमाणको रूपमा नेपाल क्रेडिट एन्ड कमर्स बैङ्क लि. मा रहेको खाताको स्टेटमेन्ट पेस गरेको देखिन्छ । विपक्षीले पेस गरेको उक्त बैङ्क स्टेटमेन्टलाई यी निवेदक कम्पनीले अन्यथा भन्न सकेकोसमेत देखिँदैन । विपक्षी कल्याणप्रसाद अर्यालले आफूले नियमानुसार पाउनुपर्ने सञ्चयकोषको रकमसमेत प्राप्त गर्न नसकेको साथै सम्झौताबमोजिम पाकेको पारिश्रमिक नपाएकोले उपलब्ध गराइपाउँ भनी निवेदक कम्पनीका कार्यकारी निर्देशकलाई लिखित अनुरोध तथा मोबाइल फोनबाट एस्.एम्.एस्. गरी गरेको अनुरोधसमेतलाई यी निवेदक कम्पनीले होइन भनी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन । विपक्षी कल्याणप्रसाद अर्यालले आफूले निवेदक कम्पनीबाट विभिन्न शिर्षकमा पाउनुपर्ने रकमको विवरण तथा निजले पेस गरेको बैङ्कको स्टेटमेन्टलाई खण्डन गर्ने गरी सम्झौताबमोजिमको पारश्रमिक तथा प्रोत्साहन भत्ता र सञ्चयकोषबापत कट्टा गरेको रकम जम्मा गरेको भौचर तथा प्रमाणसमेत पेस गर्न सकेको देखिँदैन । यस अवस्थामा निवेदक कम्पनीमा कार्यरत विपक्षी कल्याणप्रसाद अर्यालले पाउनुपर्ने तलब, सुविधा तथा प्रोत्साहन भत्ता उपलब्ध गराउनु निवेदक कम्पनीको कानूनी दायित्वभित्र पर्ने ।

निवेदक कम्पनीको तर्फबाट विपक्षी कल्याणप्रसाद अर्यालले सेवा, सर्त र सुविधासम्बन्धी सम्झौताबमोजिमको सञ्चयकोषबापतको रकम, पारिश्रमिक तथा प्रोत्साहन भत्ताबापतको रकम रू. ४,९०,०००।- भुक्तानी पाउनुपर्ने देखिएको हुँदा श्रम तथा रोजगार कार्यालय, काठमाडौंबाट मिति २०७६।०४।०५ मा भएको निर्णय सदर गर्ने गरी श्रम अदालत, काठमाडौंबाट मिति २०७६।१०।२३ मा भएको फैसला कानूनसम्मत रहेको देखिएको हुँदा रिट निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु

परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।
इजलास अधिकृत : उदवीर नेपाली
कम्प्युटर : सरस्वती दाहाल
इति संवत् २०७९ साल भाद्र १३ गते रोज २ शुभम्।

## २४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७५-WO-०११४, उत्प्रेषणयुक्त परमादेशसमेत, धनेश्वर शाह वि. श्रम अदालत, अनामनगर, काठमाडौंसमेत*

रिट निवेदक विपक्षी जी.फोर. एस. सेक्युरिटी सर्भिसेज नेपाल प्रा.लि. (यसपछि विपक्षी प्रतिष्ठान भनिएको छ) मा कलेक्सन एक्ज्युकेटिभ पदमा ६ महिनाको परीक्षण कालमा रहने गरी मिति २०६०।०१।१५ मा नियुक्ति पाई कार्यरत रहेको अवस्थामा निजलाई मिति २०६९।०८।२५ देखि सेवाबाट बर्खास्त गर्ने गरी विपक्षी कम्पनीले गरेको निर्णयउपर निजले श्रम अदालतमा पुनरावेदन गरेकोमा सो अदालतबाट पुनर्बहाली नगर्ने ठहर गरी मिति २०७०।०६।१० मा भएको फैसलाउपर निवेदकले यस अदालतमा श्रम अदालतको फैसला बदर गरी साबिक पदमा पुनर्बहाली गरी सुविधासमेत उपलब्ध गराउने आज्ञा आदेशसमेत जारी गरिपाउँ भनी (०७०-WO-०४३५) निवेदन दिएकोमा श्रम ऐन, २०४८ को दफा ५२ र ५३ विपरीत निवेदकलाई सेवाबाट हटाउने विपक्षी प्रतिष्ठानको निर्णय तथा सो निर्णयलाई सदर गरेको श्रम अदालतको फैसला उत्प्रेषणको आदेशबाट बदर हुने ठहऱ्याई मिति २०७२।०३।०१ मा फैसला भएबमोजिम निवेदक मिति २०७३।०४।१८ गतेदेखि सेवामा पुनर्बहाली भई कार्यरत रहेको कुरामा विवाद नदेखिने।

यी निवेदकलाई विपक्षी प्रतिष्ठानले मिति २०७३।०८।१८ मा कैलाली जिल्लामा सरूवा गरेको र सो सरूवासम्बन्धी पत्र निजले बुझ्न नमानेकाले प्रतिष्ठानको सूचना पाटीमा टाँस गरिएको मिसिल संलग्न पत्र तथा सूचना टाँस मुचुल्काबाट देखिन्छ । सो कुरालाई निवेदकलेसमेत स्वीकार गरेको देखिन्छ। निवेदकलाई मिति २०७३।०८।२४ गतेदेखि तपाईंलाई सरूवा गरेको स्थान तथा कम्पनीको काठमाडौंस्थित कार्यालयमा समेत बिनासूचना लगातार अनुपस्थित रहेको भनी मिति २०७३।०९।२५ मा स्पष्टीकरण सोधिएको र सोको एक प्रति सूचना पाटीमा टाँस गरेको मुचुल्कासमेत गरी एक प्रति निजलाई हुलाकमार्फत पठाइएको देखिन्छ। तर निवेदकले विपक्षी प्रतिष्ठानबाट सोधिएको स्पष्टीकरणको जवाफ दिएकोसमेत देखिँदैन । यसरी निवेदकले विपक्षी कम्पनीबाट सोधिएको स्पष्टीकरणको जवाफ नदिएपछि विपक्षी कम्पनीबाट मिति २०७३।०७।२८ गते "तपाइँको उक्त कार्य श्रम ऐन, २०४८ को दफा ५१ को खण्ड (ठ) सँग सम्बन्धित खराब आचरण भएकोले सोही ऐनको दफा ५२ को उपदफा (४) बमोजिम हदैसम्मको सजायसँग सम्बन्धित भए तापनि तपाईलाई जि.फोर. एस. सेक्युरिटी सर्भिसेज नेपाल प्रा.लि. व्यवस्थापनले प्रचलित नियम र कानूनको अधीनमा रही तपाईँलाई आउँदा दिनहरूमा एक व्यावसायिक सहायक प्रबन्धकको रूपमा कार्य गर्न तपाईँलाई अन्तिम मौकासहितको लिखित नसिहत दिने, अब आइन्दा तपाइँबाट कुनै प्रकारको खराब आचरण भएको अवस्थामा तपाईँलाई सेवाबाट बर्खास्तसम्म गर्न सकिने" भनी व्यवस्थापनबाट निर्णय गरी सोको सूचनाको मुचुल्कासमेत गरी सूचना पाटीमा टाँस गरेको देखिने।

निवेदकलाई विपक्षी प्रतिष्ठानले सरूवा गरेपश्चात् सरूवा गरेको स्थानमा गई हाजिर भई कामकाज सुरू गर्नु निज निवेदकको पदीय कर्तव्य र

दायित्वभित्र पर्ने देखिन्छ। तर यी निवेदक सरूवा भएको स्थानमा गई हाजिर भई कामकाज सुरू गरेको भन्ने मिसिल संलग्न कुनै पनि प्रमाणबाट देखिँदैन । निजले आफूलाई अनुपस्थित भएको भनी विपक्षी प्रतिष्ठानले आरोप लगाएको अवधिमा सरूवा भएको स्थानमा वा प्रतिष्ठानको काठमाडौं स्थित कार्यालयमा हाजिर थिएँ वा बिदा स्वीकृत गराई बसेको थिएँ भन्ने तथा निवेदकले आफूलाई स्पष्टीकरण नसोधी तथा सुनुवाइको मौकासमेत नदिएको भनी लिएको जिकिरलाई पुष्टि गर्ने वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेकोसमेत नदेखिने।

आफूलाई सरूवा गरेको कार्यालयमा रिट निवेदक हाजिर हुन नगई ३० दिनभन्दा बढी दिन बिदासमेत स्वीकृत नगराई बसेको देखिएकोले श्रम ऐन, २०४८ को दफा ५१ को खण्ड (ग२) बमोजिम खराब आचरण गरेको भनी सोही ऐनको दफा ५३ को उपदफा (४) बमोजिम सेवाबाट हटाउने गरी विपक्षी प्रतिष्ठानबाट मिति २०७३।१०।२७ मा भएको निर्णयलाई सदर गर्ने गरी श्रम अदालत, काठमाडौंबाट मिति २०७४।११।१० मा भएको फैसला कानूनसम्मत रहेको देखिएको हुँदा रिट निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : उदवीर नेपाली

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७९ साल भाद्र १३ गते रोज २ शुभम्।

२५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७८-WO-०५५०, उत्प्रेषणयुक्त परमादेशसमेत, गायत्रीराज शर्मा वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

रिट निवेदकले मिति २०७७।०९।१९ गते अपराध अनुसन्धान शाखाको प्रहरी निरीक्षकको टेबलमा रू. १५,०००।- भेटियो र सोको बरामदी मुचुल्कासमेत बनाएको भन्ने कुरा पछि सुनेर थाहा पाएको हो, म कार्यालयमा नभएको समयमा भएको घटना हो भने मैले प्रहरी सेवामा प्रवेश गरेदेखि निरन्तर रूपमा प्रहरी नियमावलीमा उल्लिखित प्रहरी आचरण, व्यवहार र निर्देशनविपरीत कुनै पनि अनुशासनहीन कार्य गरेको छैन सोको आधारमा पटक पटक पुरस्कृतसमेत भएको छु भनी उल्लेख गरेको देखिन्छ। साथै निवेदकले घुस रिसवत मागेको प्रमाण, पीडितले निवेदकका विरूद्ध दिएको जाहेरी, उक्त घुस रिसवत लिए दिएको देखिने CCTV Footage, घुस रिसवत लिए दिएको देख्ने मान्छे, उक्त घुस रिसवत लिएबापत मुद्दामा परेको प्रभाव वा मुद्दा मिलाएको प्रमाणजस्ता विषय पेस भएको देखिएन । बरू पुनरावलोकनको निर्णयमा नै घर्रामा रू.१५,०००।- (पन्ध्र हजार रूपियाँ) भेटिएको बरामदी मुचुल्का गरेको पाइए तापनि निज प्रहरी निरीक्षक नभएको अवस्थामा घर्रामा रकम फेला पर्नुले उक्त रकम कसले के प्रयोजनका लागि दिएको तथा सो रकम कोही कसैले स्पष्ट लिँदै गरेको भन्ने देखिएन । साथै उक्त रकम निजको साथबाट बरामदसमेत भएको स्पष्ट प्रमाण नरहेको तथ्यलाई स्वीकारेकै देखिन्छ । रिट निवेदकलाई प्रभावित पारेको भनिएको मुद्दामा अधिकतम सजाय प्रस्ताव गरी अभियोगपत्र दर्ता गरेकोसमेत देखिने।

निवेदक छानबिन समितिको २०७७।१०।२७ को प्रतिवेदनको आधारमा यी रिट निवेदकलाई प्रहरी नियमावली, २०७१ को नियम ११२ को देहाय (क), (घ) र (च) को कसुरमा ऐ. नियमावलीको नियम ११९(१)(६)(ख) ले दिएको अधिकार प्रयोग गरी दफा १०९ (क)(६) बमोजिम दुई तलब वृद्धि (ग्रेड) घटुवा गर्ने गरी मिति २०७७।११।२५ मा गरिएको र पुनरावेदकबाट मिति २०७८।६।१८ मा ऐ. नियमावलीको नियम

१२३(२) ले दिएको अधिकार प्रयोग गरी उक्त कारबाही निर्णयलाई बदर गरी १(एक) तलब वृद्धि घटुवा गर्ने भनी महानगरीय प्रहरी कार्यालयका प्रहरी अतिरिक्त महानिरीक्षक श्री हरिबहादुर पालबाट मिति २०७८।६।१८ मा निर्णय भएको देखिन्छ । सो कारबाही कानूनसम्मत छ,छैन ? भन्ने विषयमा विचार गर्दा, मिति २०७७।११।२५को छानबिन समितिको प्रतिवेदनले प्रहरी निरीक्षक गायत्रीराज शर्माको टेबुलको घर्राबाट नारायणी यातायात व्यवसायी कम्पनी प्रा. लि. लेखिएको खामभित्र रू.१५,०००।- (पन्ध्र हजार) लेनदेन भएको भनी कारबाहीको निष्कर्षसहितको प्रतिवेदन भए तापनि जुन मुद्दामा प्रभावित भयो भनिएको छ, उक्त मुद्दामा अधिकतम हुन सक्ने सजाय प्रस्ताव गरी नै अनुसन्धान गरी अनुसन्धान प्रतिवेदन तयार गरी पठाएको देखिन्छ। मिति २०७७।९ १९ मा नै यी रिट निवेदकले तयार गरेको अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालय, बबरमहलमा दर्ता भएको देखिन्छ । अनुसन्धानमा प्रभावित गर्न उक्त रकम दिइएको भनिएकोमा भ्रष्टाचारमा मुद्दा चलेको छैन । बरामदी मुचुल्कासमेत निवेदकको अनुपस्थितिमा भएको, रकम लिएको प्रमाणित भएको पनि नदेखिएको, निजले मिति २०७६।८।२९ र मिति २०७७।२।२६ मा गरी दुई पटक नेपाल सरकारबाट उनको कार्यको कदरस्वरूप नगद पुरस्कारबाट पुरस्कृत व्यक्ति भएकोसमेत देखिन्छ। यस्तोमा निज प्रहरी निरीक्षक गायत्रीराज शर्मालाई प्रहरी नियमावली २०७१(संशोधनसहित) को परिच्छेद १० को नियम ११९(१) को (६) (ख) ले दिएको अधिकार प्रयोग गरी प्रहरी नियमावली २०७१ को नियम ११२ को देहाय (क), (घ) र (च) को कसुरमा ऐ. नियमावलीको नियम १०९ को देहाय (क) (६) बमोजिम २(दुई) तलब वृद्धि घटुवा गर्ने गरी प्रहरी प्रधान कार्यालय नक्सालका प्रहरी उपरीक्षकबाट मिति २०७७।११।२५मा कारबाही गरिएकोमा ऐ. नियमावलीको नियम १२३(२) ले दिएको अधिकार प्रयोग गरी उक्त कारबाही निर्णयलाई बदर गरी १(एक) तलब वृद्धि घटुवासमेत गर्न मिल्ने नदेखिने।

अतः माथि उल्लिखित आधार कारणसमेतबाट निवेदक प्रहरी निरीक्षक गायत्रीराज शर्माको टेबलको घर्रामा नगद रू.१५०००।- (पन्ध्र हजार) भेटिएको भनी बरामदी मुचुल्का गरेको पाइए तापनि निज प्रहरी निरीक्षक नभएको अवस्थामा घर्रामा रकम फेला पर्नुले उक्त रकम को कसले के प्रयोजनमा लागि दिएको/लिएको हो सो सम्बन्धमा स्पष्ट नभएको, निज प्रहरी निरीक्षक गायत्रीराज शर्माले नारायणी यातायात व्यवसायी कम्पनी प्रा.लि.को कर्मचारी खोमराज काफ्लेसँग रू.१५,०००।- (पन्ध्र हजार) लिँदै गरेको कोही कसैले नदेखेको साथै उक्त रकम निजको साथबाट बरामद नभएको अवस्थामा निजले उक्त रकम लिएको पुष्टि हुने स्पष्ट प्रमाण नदेखिएको भन्ने आधार पुनरावेदकीय फैसलामा लिँदालिँदै पनि अर्कोतिर तलब वृद्धि घटुवा गरी निजको बृत्ति विकासमा समेत प्रतिकूल प्रभाव पर्ने गरी कारबाही गर्नु न्यायोचित नदेखिनुका साथै निजले गरेको कसुरको मात्रा बढी हुने ठहऱ्याई निज प्रहरी निरीक्षक गायत्रीराज शर्मालाई प्रहरी नियमावली २०७१(संशोधन सहित) को परिच्छेद १० को नियम ११९(१) को (६) (ख) ले दिएको अधिकार प्रयोग गरी प्रहरी नियमावली, २०७१ को नियम ११२ को देहाय (क), (घ) र (च) को कसुरमा ऐ. नियमावलीको नियम १०९ को देहाय (क) (६) बमोजिम २(दुई) तलब वृद्धि घटुवा गर्ने गरी प्रहरी प्रधान कार्यालय नक्सालका प्रहरी उपरीक्षकबाट मिति २०७७।११।२५ मा कारबाही गरिएकोमा ऐ. नियमावलीको नियम १२३(२) ले दिएको अधिकार प्रयोग गरी उक्त कारबाही निर्णयलाई

बदर गरी १(एक) तलब वृद्धि घटुवा गर्ने भनी महानगरीय प्रहरी कार्यालयका प्रहरी अतिरिक्त महानिरीक्षक श्री हरिबहादुर पालबाट मिति २०७८।६।१८ मा भएको पुनरावेदकीय निर्णय र उक्त निर्णयका आधारमा भएका पत्राचार र सोका आधारमा भए गरेका निलम्बन गर्ने काम कारबाहीसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । यी निवेदकको मागबमोजिम तलब वृद्धि (ग्रेड) को विभागीय कारबाही तथा निजउपर गरिएको मिति २०७६।९।२१ को निलम्बन र मिति २०७६।९।२६ को निलम्बन फुकुवाको अभिलेखसमेत सम्बद्ध निकायहरूका अभिलेखबाट हटाउनु भनी विपक्षीहरूका नाममा उत्प्रेषण परमादेशसमेतको रिट जारी हुने।

इजलास अधिकृत : नारायणप्रसाद चापागाई

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०७९ असार ३१ गते रोज ६ शुभम्।

## २६

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा**, *०६७-CI-०१२५, हकहिस्सा छुट्याइ पाऊँ, विष्णुकुमार कार्की वि. ज्ञानु कार्की भन्ने ज्ञानी कार्कीसमेत*

वादी प्रतिवादीका मूल पुर्खा गणेशबहादुर कार्कीको पाँच भाइ छोराहरू गोबिन्दबहादुर कार्की, हरिबहादुर कार्की, गंगाबहादुर कार्की, बासुदेव कार्की र बलराम कार्की रहेकोमा कान्छा छोरा बलराम कार्की निसन्तान मृत्यु भएको र बाँकी चार छोराहरूमध्ये वादी साहिँलो छोरा बासुदेव कार्कीको छोरा र प्रतिवादीहरू काहिँलो छोरा हरिबहादुर कार्कीका श्रीमती र छोराहरू भएको पुस्तावारीमा विवाद रहेको देखिएन । प्रस्तुत मुद्दामा यी वादी प्रतिवादीबिच जिल्ला ललितपुर सैंबु गा.वि.स. वडा नं. ४ (ख) कि.नं. १२ को ज.वि. २-२-१, ऐ. ४(ग) कि.नं. १८ को ज.वि. २-४-२, ऐ. ४(क) कि. नं. ३०५ को ज.वि. ०-२-२-० गरी जम्मा ज.वि. ४-९-१ जग्गाहरूको सम्बन्धमा विवाद रहेको देखिन्छ। अब, यी विवादित सम्पत्तिमा वादीको हक हिस्सा लाग्ने हो वा होइन भन्नेतर्फ हेर्दा, पुनरावेदक वादीको हजुरबुबा गणेशबहादुर कार्कीले मिति २००९।५।२७ मा नै घरसारमा छोराहरूलाई बन्डापत्र गरी बेग्लाबेग्लै बसेकोमा समेत मुख मिलेको देखिन्छ। यही बन्डापत्रको विषयमा यसपूर्व पुनरावेदक वादी विष्णुकुमार कार्कीको बाबु बासुदेब कार्की प्रतिवादी र गंगाबहादुर कार्की तथा गोबिन्दबहादुर कार्की वादी रहेको २०५५ सालको दे. पु. नं. ४४२४ को हकहिस्सा छुट्याइपाउँ भन्ने मुद्दामा यसै सर्वोच्च अदालतबाट मिति २०५९।०४।०३ गते फैसला हुदा "वादी प्रतिवादीबिच २००९ सालमा बन्डा भएको भन्ने तथ्यलाई दुवै पक्षले स्वीकार गरेको अवस्थामा सो बन्डापत्रको कानूनी मान्यता बारे थप बोलिरहनुपर्ने अवस्था नदेखिएको" भनी उल्लेख भएको।

यसका अतिरिक्त वादीका बाबु बासुदेव कार्की वादी र प्रतिवादी गोबिन्दबहादुर कार्की, गंगाबहादुर कार्कीसमेतउपर दायर गरेको हकहिस्सा मुद्दामा पुनरावेदन अदालत, पाटनबाट फैसला हुँदा वादी बासुदेव कार्कीको मु. स. गर्ने विष्णुबहादुर कार्कीले ४ भागको १ भाग हकहिस्सा पाउने ठहर गरी भएकोमा मिति २०६७।०२।३१ मा सर्वोच्च अदालतबाट पिता गणेशबहादुर कार्कीबाट २००९ सालमा घरसारमा बन्डा गरी आ-आफ्नो अंश भाग हिस्सा भोगचलनसमेत गरी आएको तथ्य व्यवहार प्रमाणबाट समेत पुष्टी भएको देखिन आएको अवस्थामा पुनः हकहिस्सा छुट्याइ दिन नपर्ने ठहर गरी फैसला भएको देखिने।

यसपूर्व पुनरावेदक प्रतिवादी लाली कार्की र यी फिरादी बिष्णुकुमार कार्की प्रत्यर्थी वादी भएको मुद्दा नं. ०६३-CI-००५८ को हक हिस्सा छुट्याइपाउँ

मुद्दामा प्रतिउत्तर फिराउदा यी पुनराबेदक वादी बिष्णुकुमार कार्कीले "ललितपुर जिल्ला सैबु गा.वि.स. वडा नं. ४(क) कि. नं. ३०५, ४(ख) कि. नं. १२ र ऐ. ४(ग) कि. नं. १८ जग्गाहरू हरिबहादुर कार्कीको नाममा घरसार बन्डाबाट गएको" भन्ने तथ्य उल्लेख गरेको र यी फिरादीका बाबु बासुदेब कार्कीले समेत अन्य दुई दाजु भाइ गोबिन्दबहादुर कार्की र गंगाबहादुर कार्की विरूद्ध हक हिस्सा छुट्याइपाउँ मुद्दा दर्ता गराएको भए तापनि हरिबहादुर कार्कीलाई विपक्षी बनाई मुर्दा दर्ता गराएको नदेखिने।

यसपूर्व सर्वोच्च अदालतको फैसलाबाट २००९ सालको बन्डापत्रले मान्यता पाएको र बन्डापत्रबमोजिम विवादित कि. नं. १२, १८ र ३०५ हरिबहादुरको भोगमा आएको देखिएको तथा कि. नं. १२ को जग्गा नामसारी गर्दा यी पुनरावेदक वादीका बाबु बासुदेब पाण्डेले सहमति जनाई सर्जमिनमा सही गरेको र यी पुनरावेदक वादीले बडाध्यक्षको हैसियतले सिफारिस गरेको देखिएबाट उक्त जग्गामा आफ्नो हकहिस्सा नरहेको भनी स्वीकारेको मान्नुपर्ने हुन्छ। यसरी एक पटक स्वीकारीसकेको तथ्यलाई अन्यथा भनी दाबी गर्ने अधिकार निज पुनरावेदक वादीलाई विबन्धनको सिद्धान्तले दिन सक्दैन। विवादित कि. नं. १८ र ३०५ को जग्गाहरू पनि बन्डापत्रबाट हरिबहादुर कार्कीको भागमा परेको देखिएको र हरिबहादुर कार्कीलाई यस पूर्वका कुनै मुद्दामा पनि प्रतिवादी नबनाएको साथै पुनरावेदक वादी र निजको बाबु बासुदेब कार्कीलेसमेत यसपूर्वका मुद्दाहरूमा प्रतिउत्तर फिराउँदा हरिबहादुर कार्कीको भागको जग्गा हो भनी स्वीकार गरेको सोही जग्गामा आफ्नो हक दाबी गर्न मिल्ने नदेखिने।

गणेशबहादुर कार्कीको नाममा रहेको जग्गाहरू निजका चार भाइ छोराहरूको नाममा २००९ सालमा घरसारमा बन्डापत्र भएको देखिएको र सर्वोच्च अदातलबाट भएको २०५५ सालको दे. पु. नं. ४४२४, २०६३ सालको दे. पु. नं. ००५८ र २०६५ सालको दे. पु. नं. ०२९४ र ०३४६ को फैसलाबाट समेत यी वादी प्रतिवादीहरूका बिचमा २००९ सालमा बन्डा भइसकेको पुष्टि भइराखेकोमा पुनः हकहिस्सा छुट्याइपाउँ भन्न वादी प्रमाण ऐन, २०३१ को दफा ३४ अनुसार विबन्धित भई हाल दाबी लिएको जग्गा सबै अंशियारहरूबिच पुनः बन्डा लगाई हक हिस्सा छुट्याइदिनुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा वादीको दाबी पुग्ने सक्ने देखिएन। अतः वादी दाबीको विवादित कि.नं. १२,१८ र ३०५ को जग्गाहरूमा ४ खण्डको १ खण्ड हिस्सा वादीले पाउने ठहर गरी सुरू जिल्ला अदालतबाट भएको फैसलालाई उल्टी गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।०४।३२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : निराजन शर्मा

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०७९ साल मङ्सिर १३ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CI-०१२६, लिखत दर्ता बदर, विष्णुकुमार कार्की वि. कमला कार्कीसमेत
- ०७४-CR-१५४७, जालसाजी, विष्णुकुमार कार्की वि. ज्ञानु कार्की भन्ने ज्ञानी कार्कीसमेत
- ०६७-CI-०१२४, नामसारी दर्ता बदर दर्ता, विष्णुकुमार कार्की वि. ज्ञानु कार्की भन्ने ज्ञानी कार्कीसमेत
- ०६७-CR-०१०१, जालसाजी, विष्णुकुमार कार्की वि. ज्ञानु कार्की भन्ने ज्ञानी कार्कीसमेत

## इजलास नं. ८

### २७

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७३-CI-१४०२, उत्प्रेषण, परमादेश, विकाश राज तुलाधर वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौंसमेत*

पुनरावेदकले बनाएको घर साबिकमा बुंगमति गा.वि.स. रहेकै अवस्थामा बनेको हो। स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ७२ बमोजिम नेपाल सरकारले नगर क्षेत्र घोषित नगर्दै बनेको घरलाई हाल आएर नक्सा पास नगरी घर बनाएको भन्ने आधारमा घर भत्काउने अधिकार प्रत्यर्थी नगरपालिकालाई नभएको र प्रत्यर्थीहरूबाट घर भत्काउने सम्बन्धमा चालिएको कारबाही क्षेत्राधिकारविहीन, गैरकानूनी रहेको साथै हचुवाको भरमा नगरपालिकाले पुनरावेदकलाई केही भाग चापेको आरोप लगाई घर भत्काउन गरेको आदेश त्रुटिपूर्ण छ । पुनरावेदकको स्पष्ट हक भोगभित्रको स्वबासी घर जग्गामा बसोबास गरिआएको यथावत् घरबास गरी बस्न दिनु दिलाउनु प्रतिषेध परमादेश लगायतको उपर्युक्त आदेश जारी गरिपाउँ भन्ने पुनरावेदक वादीको मुख्य पुनरावेदन जिकिर रहेको पाइने।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल काठमाडौंको च.नं. १५६४ मिति २०६९।११।२० मा जिल्ला प्रशासन कार्यालय, ललितपुरलाई लेखेको पत्रमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी मात्र निर्णय गर्न भनेकोमा जिल्ला प्रशासन कार्यालय, ललितपुरले च.नं.३७९९ मिति २०७०।९।१८ मा पुनरावेदक वादी विकासराज तुलाधरलाई लेखिएको पत्रमा तपाइँको बुगमती १(घ) कि.नं. १३१ को जग्गामा निर्माण भएको संरचना (घर) ले पश्चिमतर्फको सार्वजनिक जग्गाको क्षेत्रफल ०-०-३-० भएको जग्गा मिची घर निर्माण भएको भनी उल्लेख भएको र नापी कार्यालय ललितपुरको च.नं. ८४९ मिति २०७०।९।१४ को पत्र साथ प्राप्त नापनक्सा फिल्ड प्रतिवेदनबाट देखिएको र उक्त जग्गामा बनेको संरचना (घर) नक्सापाससमेत नभई निर्माण गरेको बुगमती गा.वि.स. को च.नं. ३८/०६७/६८ मिति २०७०।४।११ को तपाइँका नाममा खिचिएको पत्रबाट खुल्न आएकोले उक्त सार्वजनिक जग्गामा निर्माण गरिएको संरचना (घर) १५ (पन्ध्र) दिनभित्र हटाई यस कार्यालयमा जानकारी दिन हुन आदेशानुसार अनुरोध छ भन्ने बेहोरा उल्लेख भएको देखिने।

रिट निवेदकको भोग चलनमा रहेको साबिक बुंगमती गा.वि.स. वडा नं. १ हाल कार्यविनायक नगरपालिका वडा नं. १० को. कि.नं. १३१ को जग्गामा निर्माण भएको घरले सार्वजनिक जग्गासमेत मिची घर बनाएकोले आवश्यक कारबाही गरिपाउँ भन्ने उजुरी परी सो उजुरीको कानूनबमोजिम छानबिन गर्दा रिट निवेदकले बिकासराज तुलाधरले कि.नं. १३१ को जग्गामा आफूले घर निर्माण गरेको भनी रिट निवेदनमा उल्लेख गरेको भए पनि निजले निर्माण गरेको घर सार्वजनिक जग्गामा समेत रहेको भन्ने साबिक गा.वि.स. कार्यालयको पत्र र नापी कार्यालय ललितपुरको फिल्ड प्रतिबेदनबाट समेत देखिएको भन्ने ललितपुर जिल्ला प्रशासन कार्यालयको लिखित जवाफको बेहोराबाट खुल्न आएको देखिन्छ। सो घर भत्काउने नगरपालिकाको निर्णय गर्दा हुँदा कानूनबमोजिम घर भत्काउन निर्णय गर्न पाउने अधिकारीले आफ्नो विवेक प्रयोग गरी प्रमाणको मूल्याङ्कन गरेर निर्णय गरेको नदेखिई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निर्देशित गरेअनुसार निर्णय गरेको भन्ने पुनरावेदन

जिकिर रहेको भए पनि नियमविपरीत निर्माण भएको संरचना भत्काउने अधिकार भएको निकायबाट भएको सो निर्णय कानूनसम्मत रहेको हुँदा पुनरावेदन वादीको सो कुरामा सहमत हुन नसकिने।

इजलास अधिकृत : चन्दा बेल्वासे

कम्प्युटर : शंकर सापकोटा

इति संवत् २०७९ साल चैत्र २४ गते रोज ६ शुभम्।

**२८**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७९-WH-०२४९, बन्दीप्रत्यक्षीकरण, उत्प्रेषण, परमादेशलगायत जो चाहिने अन्य उपर्युक्त आदेश जारी गरिपाऊँ नविन श्रेष्ठ वि. उच्च अदालत पाटनसमेत*

भरत श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी यी निवेदक भई चलेको ०७९-CB-१६५६ नं. को बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनबाट निवेदक/प्रतिवादी नविन श्रेष्ठलाई कैद र जरिवाना हुने गरी मिति २०७९/१२/२४ मा भएको फैसलाबमोजिम निज पक्राउ परी ललितपुर जिल्ला अदालतको च. नं. ५९०७ मिति २०८०/०२/२२ को कैदी पुर्जी अनुसार कारागार कार्यालय नख्खुमा थुनामा रहेको देखियो। निवेदकले उल्लिखित बैंकिङ कसुर मुद्दामा आफ्नो नामको समाह्वान म्याद बसोबासै नभएको स्थानमा बेरीतपूर्वक टाँस तामेल गरी आफूलाई उचित प्रतिवादको मौकाबाट वञ्चित गरी फैसला गरिएको भनी लिएको जिकिरतर्फ हेर्दा, निजको स्थायी ठेगाना काठमाडौं जिल्ला बुढानीलकण्ठ नगरपालिका वडा नं. १३ मा रहेको तथ्य निज स्वयंले निवेदनमा स्वीकार गर्नुभएको देखिन्छ। उक्त वडा नं. १३ स्थित पुख्र्यौली घर पुरानो भई पानी चुहिने भएकोले हाल निवेदकले ऐजन वडा नं. ६ मा घर भाडामा लिई अस्थायीरूपमा बसोबास गर्दैआएको भनी निवेदनसाथ पेस गर्नु भएको वडा कार्यालयको सिफारिसपत्रको मिति हेर्दा उल्लिखित बैंकिङ कसुर मुद्दा फैसला भइसकेपछि अर्थात् मिति २०८०/०२/२५ मा मात्र तयार गरेको देखियो। निवेदकले पुख्र्यौली देखिकै आफ्नो स्थायी बसोबास ऐजन वडा नं. १३ मा रहेको तथ्य स्वयं स्वीकार गर्नुका साथै बैंकिङ कसुर मुद्दा दायर हुनुभन्दा अगाडिदेखि आफू अस्थायीरूपले वडा नं. ६ मा बसोबास गर्दैआएको भन्ने कुनै विवादरहित वस्तुनिष्ठ प्रमाण पेस गर्न सक्नुभएको देखिएन। मिसिल संलग्न उच्च अदालत पाटनबाट निवेदकको नाममा जारी भई मिति २०७९/११/१६ मा तामेल भएको समाह्वान म्याद हेर्दा, सम्बन्धित वडा अध्यक्षको रोहबरमा सोही वडामा बसोबास गर्ने दुई जना साक्षीहरू राखी सो वडा कार्यालयको छापसमेत लगाई रीतपूर्वक नै तामेल भएको देखिँदा उक्त म्यादलाई अन्यथा भन्न मिलेन। यसरी रीतपूर्वक तामेल भएको म्यादको आधारमा भएको फैसला अनुसार फैसला कार्यान्वयनको सिलसिलामा कैदी पुर्जी जारी गरी थुनामा राखेको कार्यबाट निवेदकको संविधानप्रदत्त मौलक हक एवं नागरिक हकाधिकारमा समेत आघात परेको नदेखिँदा गैरकानूनी थुना मान्न सकिने अवस्था पनि नदेखिने।

निवेदक नविन श्रेष्ठलाई गैरकानूनी तवरबाट थुनामा राखेको नभई साधिकार निकाय उच्च अदालत पाटनबाट भएको फैसला कार्यान्वयनको सिलसिलामा थुनामा राखेको देखिएको हुँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन प्रस्तुत रिट निवेदन खारेज।

इजलास अधिकृत : बद्रिप्रसाद लामिछाने

इति संवत् २०८० साल असार ३ गते रोज १ शुभम्।

२९

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७४-CR-००९४, ०७४-CR-०३०३,*

*कर्तव्य ज्यान, नेपाल सरकार वि. मनोज बोहोरा भन्ने मनोज बोहरा, संगिता रेग्मी वि. नेपाल सरकार*

प्रतिवादी मनोज बोहोरा र संगिता रेग्मीबिच शारीरिक सम्पर्क भई संगिता रेग्मीले गर्भधारण गरेको भन्ने तथ्यमा कुनै विवाद देखिँदैन । प्रतिवादी मनोज बोहोराले प्रतिवादी संगिता रेग्मीलाई गर्भमा रहेको बच्चा मारेमा मात्र विवाह गर्ने भनी वचन दिएको भन्ने आधारमा निजलाई ज्यानसम्बन्धी महलको १३(४) नं.बमोजिम सजाय गर्न अभियोग मागदाबी रहेको पाइन्छ । निज प्रतिवादी मनोज बोहोराले सह-प्रतिवादी संगिता रेग्मीलाई बच्चा मार्न वचन दिएको पुष्टि हुने कुनै ठोस र विश्वसनीय सबुद प्रमाण वादी पक्षले पेस गर्न सकेको पाइँदैन । प्रतिवादी संगिता रेग्मी गर्भवती भएपछि प्रतिवादी मनोज बोहरा विदेश गएको भन्ने देखिन्छ । प्रतिवादी मनोज बोहोराले फोनबाट बच्चा मारेमा मात्र विवाह गर्छु भनी भनेको भन्ने कुरालाई पुष्टि हुने प्रमाणको रूपमा फोन कल रेकर्डसमेत वादी पक्षले पेस गर्न सकेको पाइँदैन । निज मनोज बोहोरा विदेशबाट फर्की आएपछि विवाह गर्ने प्रस्ताव राख्दा प्रतिवादी संगिताले इन्कार गरेपछि निजहरूको आपसी सम्पर्क टुटेको भन्ने प्रतिवादी मनोज बोहराको अदालतमा भएको बयानबाट देखिन्छ । प्रतिवादी संगिता रेग्मीले अदालतसमक्ष बयान गर्दा मृत बच्चा जन्मिएको भनी जिकिर लिएको र निजले मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा जिउदो बच्चा जन्मिएको भनी लेखाएबाट पनि प्रतिवादी मनोज बोहराले बच्चा मार्न निर्देशन दिएको भन्ने कुरा खण्डित भएको पाइने ।

प्रतिवादी मनोज बोहराले प्रतिवादी संगिता रेग्मीलाई गर्भ बोकाई जन्माई मार्न लगाएको देख्ने प्रत्यक्ष साक्षी, प्रमाणको अभाव देखिए तापनि "... अप्रत्यक्ष प्रमाण र खास गरी परिस्थितिजन्य प्रमाणको आधारमा नै अपराधीसम्म पुग्नुपर्ने र त्यस्तो प्रमाणको आधारमा कसुरदार देखिन आएको अभियुक्तलाई सजाय गर्नुपर्ने ।" भनी ने.का.प. २०६७ अङ्क ५, नि.नं. ८३७८ भएको कर्तव्य ज्यान मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादन भएको न्यायिक सिद्धान्तसमेतको आधारमा प्रतिवादीलाई कसुरदार ठहऱ्याउनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा प्रस्तुत मुद्दाको वारदातमा वादी पक्षले प्रतिवादी मनोज बोहोराको संलग्नता रहेको पुष्टि हुने प्रत्यक्ष वा अप्रत्यक्ष प्रमाणसमेत गुजार्न सकेको पाइँदैन। फौजदारी मुद्दामा शंका र अनुमानको आधारमा कसैलाई पनि कसुरदार ठहऱ्याउन मिल्दैन । अतः प्रतिवादी मनोज बोहोराको कसुर पुष्टि हुने तथ्यपरक र वस्तुनिष्ठ प्रमाणको अभावमा निजलाई कसुरदार ठहऱ्याउन मिल्ने नदेखिँदा निजलाई सफाइ दिने गरी उच्च अदालत पोखरा, बागलुङ इजलासबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

अब, प्रतिवादी संगिता रेग्मीलाई निजको उमेर, घटनाको पृष्ठभूमि र सामाजिक परिवेशसमेतका आधारमा सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने भनी मुलुकी ऐन अ.वं. १८८ नं.बमोजिम ७ (सात) वर्ष मात्र कैद सजाय गर्ने गरी सुरू पर्वत जिल्ला अदालतबाट व्यक्त भएको रायलाई सदर गर्ने गरी उच्च अदालत पोखरा, बागलुङ इजलासबाट भएको फैसलाका सम्बन्धमा विचार गर्दा, प्रतिवादी संगिता रेग्मी १८ वर्षकी विद्यार्थीसमेत रहेको देखिन्छ । एक अविवाहित विद्यार्थीले अनिच्छित गर्भधारण गरेकी र हाम्रो सामाजिक परिवेशमा त्यस्तो बच्चा जन्माउँदा भोग्नुपर्ने सामाजिक लाञ्छना र लोकलाजसमेतबाट बच्नका लागि आफूले जन्माएको बच्चालाई मारेको अवस्था मिसिल प्रमाणहरूबाट देखिन्छ । यस परिवेशमा निजलाई कम सजाय गर्दा पनि ऐनको मकसद पूरा हुने ।

प्रतिवादी संगिता रेग्मीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. को कसुर अपराधमा सोही महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय र प्रतिवादी मनोज बोहरालाई सोही ज्यानसम्बन्धी महलको १ नं. र १३(४) नं.बमोजिमको कसुर अपराधमा सोही महलको १३(४) नं.बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई दुवै प्रतिवादीलाई अ.बं. १८८ नं.बमोजिम जनही ७(सात) वर्षका दरले कैद सजाय हुने ठहऱ्याएको सुरू पर्वत जिल्ला अदालतको मिति २०७३।५।७ को फैसला केही उल्टी गरी प्रतिवादी मनोज बोहोरा भन्ने मनोज बोहरालाई अभियोग दाबीको कसुरबाट सफाइ पाउने र प्रतिवादी संगिता रेग्मीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको उच्च अदालत पोखरा, बागलुङ इजलासको मिति २०७३।१२।७ को फैसला मिलेको भए तापनि हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२) बमोजिम सर्वस्वको सजाय नहुने भई जन्मकैदको मात्र सजाय हुने भएकाले निज प्रतिवादी संगिता रेग्मीलाई जन्मकैदको सजाय हुने ठहर्छ। निज प्रतिवादी संगिता रेग्मीलाई ठहरेबमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिँदा तत्काल कायम रहेको मुलुकी ऐन, अ.बं. १८८ नं. र हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्यवन) ऐन, २०७४ को दफा १७क को उपदफा (१) बमोजिम निजलाई ५(पाँच) वर्ष मात्र कैद सजाय हुने।

उपसचिव : कुबेर पाण्डे

इति संवत् २०७९ साल साउन १९ गते रोज ५ शुभम्।

**३०**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०६९-CI-०५३२, डाँक लिलाम बदर, दर्ता बदर, दर्ता कायम हरहिसाब गरिपाऊँ, चन्नलाल चौधरी वि. चतुरमान राईसमेत*

उर्मिलादेवी चौधरीले फिरादीको नाम दर्ताको जग्गा दृष्टिबन्धक पारित गराई ऋण लिएको र विपक्षी उर्मिलादेवीले बैंकको ऋण बराबर बुझाई जानकारी गराइरहेकीमा २०६३।८।१८ गते उक्त घर जग्गा लिलाम भई चतुरमान राईका नाउँमा गएको थाहा पाई विपक्षी बैंकमा गई मैले बैंकलाई तिनुपर्ने के कति रुपियाँ छ सोको कागजात दिनुहोस् भन्दा कागज पत्र उपलब्ध गराउनसमेत इन्कार गरेको विषयलाई लिएर प्रस्तुत मुद्दा दायर भएको देखिन्छ। ऋणी उर्मिलादेवी चौधरीले आफ्नो इन्डष्ट्रिजको लागि ऋण लिएबापत यी पुनरावेदक वादीका पिता सोनालाल चौधरीले आफ्नो नाम दर्ताको सुनसरी जिल्ला, इटहरी न.पा. वडा नं. ८(ग) कित्ता नं. ९८ क्षेत्रफल ०-१-१ जग्गा र त्यसमा निर्मित घरसमेत प्रत्यर्थी बैंकका नाममा सुरक्षणबापत मिति २०५२।५।२१ मा दृष्टिबन्धकी पारित गरिदिएकोमा विवाद छैन। यसरी प्रस्तुत विवादमा प्रत्यर्थी बैंक कर्जा दाता, प्रत्यर्थी उर्मिलादेवी चौधरी ऋणी र पुनरावेदक वादी जमानत दिने व्यक्तिको रूपमा रहेको देखिने।

प्रस्तुत पुनरावेदक वादी ऋणी नभई निजको हैसियत जमानीकर्तासम्म रहेको छ। निजको नामको सम्पत्ति नविल बैंकमा प्रतिवादीमध्येका उर्मिलादेवीले लिएको कर्जा रू. १०,००,०००।- बापत दृष्टिबन्धक लेखिदिएको लिखतबाट देखिन्छ। ऋणीले सो लिखतबमोजिम कर्जाको सावाँ व्याज नतिरेको अवस्थामा त्यसको दायित्व उक्त जमानीकर्तामा सर्नेमा विवाद नभए तापनि निजलाई पनि साँवा ब्याज तिर्न आउनु भनी सूचना दिनु पनि प्राकृतिक न्यायको सिद्धान्त अनुसार अनिवार्य हुने।

पुनरावेदक वादीले बैंकबाट ऋण लिएको

नभई ऋणी प्रत्यर्थी उर्मिलादेवी चौधरीले नबिल बैंकबाट कर्जा लिँदा आफ्नो नामको जग्गा सुरक्षण धितो राख्न दिएकोमा सोपश्चात् ऋणीले ऋण तिरे नतिरेको जानकारी यी वादीले पाएको नदेखिएको र आफ्नो जग्गा लिलाम गर्नुअघि कर्जाबापतको ऋणीले तिर्न बाँकी यति रकम बैंकलाई नबुझाए धितो राखिएको जग्गा लिलाम हुने भन्ने कुराको जानकारी जग्गाधनीले पाउनुपर्नेमा त्यस्तो जानकारीसम्म पनि नदिई वादीको जग्गा लिलाम बिक्री गर्ने बैंकको कार्य बदर गर्नुपर्नेमा लिलाम सदर गर्ने गरी सुरू सुनसरी जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको मिति २०६७।५।३० को फैसला मिलेको नदेखिँदा उल्टी भई नबिल बैंकबाट मिति २०६३।८।२८ मा वादीको जग्गा लिलाम बिक्री गरी सकारेको निर्णय तथा सोपाश्चात् भएका दर्ता र बिक्री व्यवहारसमेतका कार्यसमेत बदर हुने ।

इजलास अधिकृत : चन्दा बेल्वासे

कम्प्युटर : समी नेपाली

इति संवत् २०७९ साल चैत्र १९ गते रोज १ शुभम् ।

## ३१

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७९-WH-०२५९, बन्दीप्रत्यक्षीकरण, मनुप्रसाद काफ्ले वि. काठमाडौं जिल्ला अदालत फैसला कार्यान्वयन शाखा (लगत शाखा) काठमाडौंसमेत*

निवेदकउपर बैंकिङ कसुर मुद्दामा वादी नेपाल सरकारले उच्च अदालत पाटनमा दर्ता गरेको अभियोगपत्रमा यी निवेदक प्रतिवादी मनुप्रसाद काफ्ले महोत्तरी जिल्ला साबिक किसान नगर गा.वि.स. वडा नं. ६ को परिवर्तित मटिहानी नगरपालिका वडा नं. ६ घर भई हाल ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. १० कुपन्डोलमा बसेको भनी निजको फोन नम्बरसमेत उल्लेख गरेको पाइन्छ । निवेदकको नाउँमा उच्च अदालत पाटनबाट २१ दिनभित्र हाजिर हुन आउनु भनी जारी भएको समाह्वान म्याद महोत्तरी जिल्ला साबिक किसान नगर गा.वि.स. वडा नं. ६ को परिवर्तित मटिहानी नगरपालिका वडा नं. ६ मा मिति २०७८।५।१६ मा म्याद बेपत्ते तामेली भएपछि निजको अस्थायी ठेगाना वडा नं. १० कुपन्डोलमा मिति २०७९।०७।१८ मा जारी गर्दासमेत म्याद बेपत्ते तामेली भई निवेदक मनुप्रसाद काफ्लेको नाउँमा राष्ट्रियस्तरको दैनिक पत्रिका गोरखापत्रमा मिति २०७९/०९/११ र २०७९/१०/१६ मा म्याद सूचना प्रकाशित भएको पाइन्छ । हाल निवेदकले आफू २०७३ सालदेखि वडा नं. १ मा अस्थायी बसोबास गरी जग्गा खरिद गरी घर बनाई बसोबास गरिआएको भन्ने जिकिर लिएको देखिन्छ । तर निजले मिति २०७९।५।२ मा मेघा बैंकमा बुझाएको KYC फाराममा आफ्नो ठेगाना ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. १० उल्लेख गरेबाट निज वडा नं. १ मा बसोबास गरी आएको भन्ने जिकिर पुष्टि हुन सकेको देखिएन । साथै निजले आफू बसाइँ सरेको कुनै प्रमाणसमेत पेस गर्न नसकेको ।

प्रत्यर्थी उच्च अदालत पाटनबाट निवेदकको नाउँमा जारी गरिएको समाह्वान म्याद निजको वास्तविक वतन र हाल बसोबास गर्ने अस्थायी ठेगानामा जारी गरेको र सोही वतन उल्लेख गरी पत्रिकामा समेत सूचना प्रकाशित गरेको भन्ने देखिएको परिप्रेक्ष्यमा उक्त म्याद रीतपूर्वक तामेल भएको देखिँदा प्रस्तुत बैंकिङ कसुर मुद्दामा निवेदक स्वच्छ सुनुवाइको अवसरबाट वञ्चित भएको भन्ने देखिन आएन । निवेदक मनु प्रसाद काफ्लेलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(१) बमोजिम

बिगो रू.५,००,०००/- र बिगोबमोजिम जरिवाना र २ (तीन) दिन कैद हुने साथै जरिवानाको ४% ले हुने आउने रकमको रू. २०,०००।– (बिस हजार रूपियाँ) क्षतिपूर्ति शुल्कबापत भराइदिने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७९/१२/१० मा भएको फैसला कानून तथा न्यायको रोहमा मिलेको देखिँदा निवेदकको निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा उत्प्रेषणसमेतको आदेश जारी गरिरहनु नपर्ने ।

निवेदकको स्थायी वतन उल्लेख गरी निजको नाउँमा जारी गरिएको म्याद रीतपूर्वक तामेल भएको देखिएकोले निवेदकलाई कैद र जरिवाना हुने गरी भएको उच्च अदालत पाटनबाट मिति २०७९/१२/१० मा भएको फैसलासमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदन जिकिरबमोजिम आदेश गर्नुपर्ने अवस्था विद्यमान देखिएन । सोही फैसला कार्यान्वयनको सिलसिलामा पक्राउ परी थुनामा रहेको देखिँदा निजको गैरकानूनी नभएकोले बन्दीप्रत्यक्षीकरणको आदेशसमेत जारी गर्नुपर्ने देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : सविना तामाङ

कम्प्युटर : शंकर सापकोटा

इति संवत् २०८० साल असार ३१ गते रोज १ शुभम् ।

## ३२

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७९-WH-०२३७, बन्दीप्रत्यक्षीकरणसमेत अन्य उपयुक्त आदेश जारी गरी थुनामुक्त गरिपाऊँ, विमला कार्की खड्का वि. उच्च अदालत विराटनगरसमेत*

नविना खड्काको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी यी निवेदकसमेत भई चलेको ३१-०६५-००९५९ नं. को बहुविवाह मुद्दामा उदयपुर जिल्ला अदालतबाट निवेदक प्रतिवादी विमला कार्की खड्कालाई १ वर्ष कैद र रू. ५,०००/- जरिवाना हुने गरी मिति २०६६/०८/२५ मा भएको फैसलाबमोजिम निज प्रहरीद्वारा पक्राउ परी उदयपुर जिल्ला अदालतको च. नं. ५१३६ मिति २०८०/०१/०४ को कैदी पुर्जी अनुसार कारागार कार्यालय उदयपुरमा थुनामा रहेकोमा विवाद देखिएन । निवेदकले उल्लिखित बहुविवाह मुद्दामा आफ्नो नामको समाह्वान म्याद बेरीतपूर्वक टाँस तामेल गरी आफूलाई उचित प्रतिवादको मौकाबाट वञ्चित गर्दै कुनै थाहा जानकारीबिना नै कैद र जरिवाना हुने गरी फैसला गरिएको भनी रिट निवेदनमा उल्लेख गरिएको पाइए पनि निजले उक्त म्याद बदरतर्फ कुनै कारबाही चलाएको भने देखिएन । बहुविवाहजस्तो घरपरिवारसँग सम्बन्धित मुद्दामा २०६६/०८/२५ मै आफूलाई कैद र जरिवाना हुने गरी भएको फैसलाको बारेमा २०८० साल वैशाखसम्म पनि सो विषयमा मुद्दा चलेको बारेमा आफूलाई केही थाहा जानकारी थिएन भन्ने निवेदकको निवेदन बेहोरा पत्यारलायक देखिन आउँदैन । रीतपूर्वक टाँस तामेल भएको म्यादको आधारमा भएको फैसला अनुसार फैसला कार्यान्वयनको सिलसिलामा कैदी पुर्जी जारी गरी थुनामा राखेको कार्यबाट निवेदकको संविधानप्रदत्त मौलिक हक एवं नागरिक हकाधिकारमा समेत आघात परेको नदेखिँदा निज गैरकानूनी थुनामा रहेको मान्न सकिने अवस्था नदेखिने ।

निवेदक प्रतिवादी भई चलेको उल्लिखित बहुविवाह मुद्दाको वारदातको अवस्थामा कायम तत्कालीन मुलुकी ऐन, विहावारीको महलको १० नं. को कानूनी व्यवस्था हेर्दा बहुविवाहको कसुरमा एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रूपियाँदेखि पच्चिस हजार रूपियाँसम्म जरिवाना हुने व्यवस्था रहेको देखिँदा निवेदकले दाबी गरेबमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५

को कानूनी प्रावधान निवेदकको हकमा आकर्षित हुन आउने देखिएन । निवेदकले रिट निवेदनमा उल्लेख गरेको महेश थापाको हकमा अधिवक्ता कमल प्रकाश भुषाल विरूद्ध रूपन्देही जिल्ला अदालतसमेत भएको बन्दीप्रत्यक्षीकरणको रिट (ने. का. प. २०७८ अङ्क १० निर्णय नं. १०७५२) मा प्रतिपादित नजिर सिद्धान्त र राजु तामाङ विरूद्ध उच्च अदालत पाटनसमेत भएको बन्दीप्रत्यक्षीकरणको रिट (सर्वोच्च अदालत बुलेटिन २०७८ फाल्गुण १६-३० पृष्ठ ४८) मा प्रतिपादित सिद्धान्तसँग प्रस्तुत रिटको तथ्य र विषयवस्तुमा तादाम्यता नदेखिँदा उपर्युक्त नजिर सिद्धान्तहरू प्रस्तुत रिट निवेदनको हकमा प्रयुक्त हुने अवस्था देखिएन । अतः मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुरूप प्रतिदिन रू. ३००/- ले हुन आउने कैद र जरिवानाबापत हुने जम्मा रकम दाखिला गरी थुनामुक्त गराइपाउँ भन्ने निवेदक विमला कार्की खड्काको रिट निवेदन र निजतर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुने अवस्था नदेखिने ।

निवेदक विमला कार्की खड्कालाई गैरकानूनी तवरबाट थुनामा राखेको नभई साधिकार निकाय उदयपुर जिल्ला अदालतबाट भएको फैसला कार्यान्वयनको सिलसिलामा थुनामा राखेको देखिएको हुँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन, प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : बद्रि प्रसाद लामिछाने

इति संवत् २०८० साल श्रावण २४ गते रोज ४ शुभम् ।

**३३**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७६-RC-००३१, कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रेमा देवी ठाकुर*

जिल्ला सर्लाही, तत्कालीन सहोडवा गा. वि. स. वडा नं. १ स्थित सार्वजनिक इनारभित्रबाट ऐजन बस्ने रामकिशोर ठाकुरको २ वर्षको नाबालक छोरा रोशन ठाकुरको लास र Magic Kiddo लेखेको १ जोर रातो चप्पल फेला परेको भन्ने घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का रहेको र बच्चाको मृत्युको कारण Drowning भन्ने Autopsy Report रहनुका साथै मिसिल संलग्न नाबालकको लास र इनारसमेतका फोटाहरू हेर्दा निज नाबालकको मृत्यु इनारको पानीमा डुबेर भएको तथ्यमा विवाद देखिएन। २ वर्षको नाबालक त्यसरी इनारमा डुबेर मर्नुमा को-कस्को ? के कारण रहेछ भन्नेतर्फ हेर्दा, प्रतिवादी प्रेमादेवी ठाकुरले मिति २०७३/०६/२८ गते अन्दाजी बिहान ०३:०० बजेको समयमा नाबालक छोरालाई सुतेको खाटबाट लगी इनारभित्र पानीमा फालेको कारण मृत्यु भएको हो भन्ने प्रतिवादीका ससुरा सोनेलाल ठाकुरको किटानी जाहेरी देखियो । वैदेशिक रोजगारमा रहेका श्रीमान् रामकिशोर ठाकुरसँग फोनमा कुरा हुँदा बारम्बार गाली गलौज गर्ने गरेको र घरपरिवारमा पनि हेलाहोचो भएकोले छोरासहित इनारमा हामफाली आत्महत्या गर्न भनी इनारको डिलमा चढ्दा हात काँपी बच्चा इनारभित्र खसेपछि आफू डरले आत्महत्या गर्न नसकी घर फर्की सोको जानकारी घरपरिवारमा गराएको हो भन्ने बेहोराको प्रतिवादी प्रेमादेवी ठाकुरले अनुसन्धानको क्रममा गरेको बयानलाई समर्थन हुने गरी अदालतमा समेत बयान गरेको पाइयो । प्रतिवादीको उक्त बयान बेहोरासँग तादात्म्य हुने गरी मुद्दा अनुसन्धानको क्रममा कागज गर्ने सिया शरण ठाकुर, रामबली राय, रामसागर ठाकुर, रामनरेश ठाकुर, दुखियादेवी, रामरतिदेवी कानू, पार्वती कुमारीलगायतले लेखाएको बेहोरालाई पछि अदालतमा पनि समर्थन गरी बकपत्र गरेको देखियो । उक्त कागज प्रमाणहरूबाट नाबालक रोशन

कुमार ठाकुरको मृत्यु आरोपित प्रतिवादीकै कृत्यबाट भएको तथ्यमा कुनै सन्देह नदेखिने।

प्रतिवादी प्रेमादेवीको कथन अनुसार वैदेशिक रोजगारीमा रहेका निजको श्रीमानले फोनमा गरेको गालीगलौजले असह्य भएर रिस थाम्न नसकी छोरालाई लिएर आत्महत्या गर्न खोज्दा हात काँपी छोरा इनारभित्र खस्न गई मृत्यु भएको र त्यसपछि डरले आफूले आत्महत्या गर्न नसकी घरमा फर्केर तत्काल त्यसको जानकारी घरपरिवारलाई गराएको भन्दै वारदातलाई स्वीकारै गरेको अवस्था देखिन्छ। मिसिल संलग्न आधार प्रमाणबाट प्रतिवादीकै कृत्यका कारण निजको नाबालक छोराको मृत्यु भएको देखिए पनि '...छोरो लिएर ऊ सँगै आत्महत्या गर्न भनी इनारको डिलमा चढ्दा हात काँपेर छोरा इनारभित्र खसेको...' भन्ने कुरालाई प्रतिवादीको सो कथनबाहेक अन्य वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको मिसिलबाट देखिन आएन। प्रस्तुत वारदातको प्रकृति हेर्दा पूर्वसोचविचार र योजनाबद्ध रूपले नै निज प्रतिवादीले छोरालाई पनि मार्ने र आफू पनि मर्ने कुनियत चिताई राति ०३:०० बजे घरनजिकको सार्वजनिक इनारभित्र नाबालकलाई फालेको कारण पानीमा डुबेर मृत्यु भएको देखिँदा निजले अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आयो। यस अवस्थामा प्रतिवादी प्रेमादेवी ठाकुरलाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ (३) नं.अन्तर्गतको कसुर अपराधमा ऐजन महलको १३ (३) नं.बमोजिमको सजाय गर्ने गरी भएको सर्लाही जिल्ला अदालतको मिति २०७३/०९/०४ को सुरू फैसलालाई सदर गरी उच्च अदालत जनकपुरबाट मिति २०७४/१०/१९ मा भएको फैसला मनासिब नै देखिएकोले उक्त फैसला सदर हुने।

उल्लिखित वारदातको सम्पूर्ण घटनाक्रमलाई विश्लेषण गर्दा तत्कालीन मुलुकी ऐन, अदालती बन्दोबस्त महलको १८८ नं.बमोजिम निज प्रतिवादीलाई ७ वर्ष मात्र कैद सजाय गर्दा पनि न्यायको उद्देश्य पूरा हुने देखिएको भनी उच्च अदालत जनकपुरबाट व्यक्त रायतर्फ विचार गर्दा, रोजगारीको सिलसिलामा विदेशमा रहेका पतिले बारम्बार फोनमा गाली गर्दै "म आउँदा तेरो मुख हेर्न पनि चाहन्न, जहाँ मन लाग्छ त्यहाँ निस्केर गइहाल" भन्नेजस्ता कुराहरू गरेकोले प्रतिवादीको मनोदशा बिग्रन पुगेको देखिन्छ। जीवन सहाराका रूपमा रहेका श्रीमानबाट त्यसरी हेलाहोचो हुनुको साथै घरपरिवारबाट पनि उचित सद्भाव र स्नेह नपाएपछि प्रतिवादीमा नकारात्मक सोच र हीन भावना जागृत भएबाट प्रताडित महिलाको मनोदशा (Battered Woman Syndrome) उत्पन्न भई नाबालक छोरासहित आत्महत्या गर्न भनी रातको ०३:०० बजे घरनजिकैको सार्वजनिक इनारमा गएको देखिन्छ। आफ्नै कोखबाट जन्मेको २ वर्षको अबोध नाबालक छोरालाई मात्र प्रतिवादीले इनारमा फालेर मार्नुपर्ने अन्य कुनै आधार कारण मिसिल कागजातबाट देखिन आउँदैन। यसपूर्व प्रतिवादी कहीँ कुनै अन्य आपराधिक वारदातको घटनामा संलग्न रहे भएको पनि देखिँदैन। प्रस्तुत वारदात घटेपछि प्रतिवादीले तत्काल घर फर्केर रूँदै सुरूमा नन्द र त्यसपछि सासू, ससुरालगायत घर परिवारलाई घटनाको जानकारी गराउनुको साथै निजले अनुसन्धानको क्रममा र अदालतसमक्ष पनि वारदातमा साबित हुँदै न्यायसम्पादनमा सहयोग पुऱ्याएको नै देखिन आयो। प्रारम्भदेखि नै कसुर स्वीकार गरी न्यायिक प्रक्रियालाई सहयोग पुऱ्याउनुका साथै सर्लाही जिल्ला अदालतको सुरू फैसला र उच्च अदालत जनकपुरको पुनरावेदन तहको फैसलाउपर पनि पुनरावेदन नगरी चित्त बुझाएरै बस्ने निज प्रतिवादीलाई ऐन अनुसार सजाय गर्दा चर्को

पर्न जाने अवस्था र परिस्थितिलाई समेत विचार गरी निजलाई ७ वर्ष कैद सजाय गर्दा पनि कानूनको उद्देश्य पूरा हुने देखिन्छ । यस अवस्थामा सर्लाही जिल्ला अदालतबाट भएको सुरू फैसलाले निज प्रतिवादीलाई १० वर्ष कैद सजाय गर्न उपयुक्त हुने भनी व्यक्त रायको हदसम्म सहमत हुन नसकी निजलाई ७ वर्ष मात्र कैद सजाय गर्न उपयुक्त हुने भनी तत्कालीन मुलुकी ऐन, अदालती बन्दोबस्त महलको १८८ नं.बमोजिम उच्च अदालत जनकपुरबाट व्यक्त रायलाई अन्यथा भन्न नसकिने।

प्रतिवादी प्रेमादेवी ठाकुरलाई ७ (सात) वर्ष मात्र कैद सजाय गर्दा पनि न्यायको उद्देश्य पूरा हुने देखिएको भनी तत्कालीन मुलुकी ऐन, अदालती बन्दोबस्त महलको १८८ नं.बमोजिम व्यक्त गरिएको रायसहितको उच्च अदालत जनकपुरको मिति २०७४/१०/१९ को साधक फैसला मनासिब नै देखिँदा उक्त रायसहित साधक सदर हुने।

इजलास अधिकृत : बद्रिप्रसाद लामिछाने

इति संवत् २०८० साल श्रावण २५ गते रोज ५ शुभम्।

**३४**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७९-WH-०२६५, बन्दीप्रत्यक्षीकरण, रामबहादुर बुढाथोकी वि. उच्च अदालत पाटनसमेत*

निवेदकको ठेगाना के कहाँ रहेछ भन्ने सम्बन्धमा हेर्दा, निवेदक रामबहादुर बुढाथोकीको स्थायी वतन रामेछाप जिल्ला साबिक माकादुम गा.वि.स. वडा नं. २ हाल परिवर्तित ऐ.खाँडादेवी गाउँपालिका वडा नं. ६ भनी निजको नागरिकता प्रमाणपत्रमा उल्लेख भएको र हाल काठमाडौं जिल्ला चन्द्रागिरी न.पा. वडा नं. ८ सतुङ्गलमा बसोबास गरी निर्माण व्यापार व्यवसाय सञ्चालन गर्दैआएको भनी कम्पनी रजिस्ट्रार कार्यालय, त्रिपुरेश्वरबाट दर्ता गरेको बुढाथोकी बिजनेस लिङ्क प्रा.लि. दर्ता नं. १७१३६८/०७४/०७५ को कम्पनी दर्ता प्रमाणपत्रमा समेत कम्पनीको कार्यालय का.जि. का.म.न.पा. वडा नं. १५ स्वयम्भु उल्लेख गरिएको देखिन्छ । निवेदकको नाममा म्याद तामेल गर्दा उच्च अदालत पाटनको च.नं. ३६१८६ को मिति २०७९।०२।२६ को पत्रानुसार रामेछाप जिल्ला साबिक माकादुम गा.वि.स. वडा नं. २ हाल परिवर्तित ऐ.खाँडादेवी गाउँपालिका वडा नं. ६ मा मिति २०७९।०३।२२ मा उक्त गाउँपालिकाको वडा अध्यक्ष/सदस्यको रोहबरमा तामेल नभई उक्त गाउँपालिकाको बासिन्दा श्री कृष्ण महत र जगतबहादुर कार्कीलाई रोहबरमा साक्षीसम्म राखी निवेदकको स्थायी वतन खाँडादेवी गाउँपालिका वडा नं. ६ को घरदैलोमा एक प्रति टाँसी एक प्रति उक्त गाउँपालिकाको वडा कार्यालयमा म्याद तामेल गराएको भन्ने देखिन्छ । यस स्थितिमा निवेदक रामबहादुर बुढाथोकीउपर चलेको ०७८-CB-१९८७ र ०७८-CB-१४७४ को बैंकिङ कसुर मुद्दामा जारी भएको म्याद निज बसोबास नै नगरेको वतनमा तामेल भएको म्याद रीतपूर्वक सूचना दिइएको वा समाह्वान म्याद रीतपूर्वक तामेल भएको भनी मान्न नमिल्ने।

प्रत्यर्थी उच्च अदालत पाटनबाट निवेदकको नाउँमा जारी गरिएको समाह्वान म्याद निजको वास्तविक वतनमा सम्बन्धित गाउँपालिकाको वडा अध्यक्ष वा सदस्यको रोहबरमा नराखी गरेको भन्ने देखिएको परिप्रेक्ष्यमा उक्त म्याद रीतपूर्वक तामेल भएको भन्ने नदेखिएकोले उक्त बैंकिङ कसुर मुद्दामा निवेदक स्वच्छ सुनुवाइको अवसरबाट बन्चित भएको भन्ने नै देखिन आयो । निवेदक विरूद्ध दायर भएको उक्त बैंकिङ कसुर मुद्दाको सम्बन्धमा आफूउपर लागेको आरोपको जानकारी, त्यसको उचित प्रतिरक्षा

गर्ने अवसरबाट वञ्चित हुने गरी निवेदक रामबहादुर बुढाथोकीलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) र ऐ. को दफा १५(१) बमोजिम ०७८-CB-१९८७ को मुद्दामा बिगो रू.२,५०,०००/- (दुई लाख पचास हजार रूपियाँ) कायम गरी बिगोबमोजिम जरिवाना र कैद १ दिन सजाय हुने तथा पीडित राहत कोषमा रू.१०,०००।- क्षतिपूर्ति र यिनै निवेदक प्रतिवादी रहेको अर्को ०७८-CB-१४७४ को मुद्दामा बिगो रू.१४,५०,५००।- (चौध लाख पचास हजार पाच सय रूपियाँ) बिगोबमोजिम जरिवाना र ६ (छ) दिन कैद सजाय र रू.५८,०२०।- (अन्ठाउन्न हजार बिस रूपियाँ) पीडितलाई क्षतिपूर्ति शुल्कबापत बुझाउनुपर्ने ठहरी भएको फैसला रीत नपुर्‍याई तामेल भएको म्यादको आधारमा भएको देखिँदा सो तामेली म्याद र फैसलासमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने नै देखिने।

निवेदक प्रतिवादीको नाममा उच्च अदालत पाटनबाट रेखा थापाको जाहेरी परेको ०७८-CB-१४७४ को बैंकिङ कसुर मुद्दामा मिति २०७८।१२।१७ गते र नविन महर्जनको जाहेरीले परेको ०७८-CB-१९८७ को मुद्दामा मिति २०७९।३।२२ गते निजको स्थायी ठेगानामा म्यादवाला र निजको एकाघरको उमेर पुगेको मानिस फेला नपरेको भनी घरदैलोमा टाँसी म्याद तामेल भएकोमा सम्बन्धित गाउँपालिकाको अध्यक्ष/सदस्य रोहबरमा राखेको नदेखिँदा रीतपूर्वकको भन्न मिल्ने देखिएन। सम्बन्धित जाहेरवालाहरूले जाहेरी दिँदा नै निज हाल काठमाडौं जिल्ला चन्द्रागिरी नगरपालिका वडा नं. ८ मा बस्ने भन्ने उल्लेख भएको र हाल रिट निवेदनमा समेत सोही ठेगाना उल्लेख गरेकोमा उक्त बसोबासको ठेगानामा म्याद तामेल नगरेबाट निजले प्रतिरक्षा गर्ने मौका प्राप्त गरेको देखिएन । प्रतिवाद गर्ने मौका नै प्रदान नगरी भएको फैसलाले पनि कानूनी मान्यता पाउन सक्ने अवस्था नहुँदा उक्त मिति २०७८।१२।१७ र मिति २०७९।३।२२ को तामेली म्याद र सोको आधारमा भएको मिति २०७९।३।३१ र मिति २०७९।८।१३ को फैसलासमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । उल्लिखित मुद्दामा अब बयानलगायतका कार्य सम्पन्न गरी मुद्दा फैसलाको लागि यी निवेदक प्रतिवादीलाई सम्बन्धित कारागारमार्फत उच्च अदालत पाटनमा उपस्थित गराउनु भनी परमादेशको आदेशसमेत जारी गरिदिएको छ । सम्बन्धित अदालतको फैसला कार्यान्वयनको सिलसिलामा थुना रहेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन परेन । बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी कैद मुक्त हुन पाउँ भन्ने हदसम्मको रिट निवेदन दाबी पुग्न नसक्ने हुँदा खारेज हुने।

इजलास अधिकृत : सविना तामाङ

कम्प्युटर : शंकर सापकोटा

इति संवत् २०८० साल असार ३१ गते रोज १ शुभम्।

३५

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७८-CR-११०७, कर्तव्य ज्यान, प्रमेश्वर यादव वि. नेपाल सरकार*

प्रतिवादीलाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिमको कसुर कायम गर्दै जन्म कैदको सजाय गर्दा चर्को पर्ने भई १० वर्ष मात्र कैदको राय लगाई भएको उच्च अदालत जनकपुर, राजविराज इजलासको पुनरावेदन तहको फैसलासमेत निजले चित्त नबुझाई उक्त रायसहितको फैसला पनि आफूलाई चर्को पर्ने भएकोले सोभन्दा कम सजाय गरिपाउँ भन्ने बेहोरा उल्लेख गर्दै यस अदालतमा दायर गरेको पुनरावेदन जिकिरतर्फ हेर्दा, निजले वारदातको समयमा धारिलो खुकुरीले

श्रीमतीको हात, कान, टाउको, कन्चट, गर्धन, घुच्चुक, छातीलगायत यत्रतत्र शरीरमा क्षत विक्षत हुने गरी काटेको घटनास्थल लास जाँच प्रकृति मुचुल्काबाट देखिन्छ। "Cut injury in occipital region about 10" app, depth 2 cm, cut injury on back & neck app 10" length 4" deep, cut injury back of chest app 12" depth 6" all structures visible, cut injury on back of rt shoulder app 6" and 3" deep, cut injury extending from neck to middle and left eye, cut injury in the left hand तथा opinion on cause of death Hemorrhagic shock (Excessive bleeding)" भन्नेसमेतको मृतक सोनिता भन्ने सुनितादेवी यादवको शव परीक्षण प्रतिवेदनबाट समेत उक्त वारदात अत्यन्त बीभत्स भएको देखिन्छ । सो वारदात श्रीमतीलाई परपुरूषसँग आफू सुत्ने खाटमा सँगसँगै बसेको देखी त्यसबाट तत्काल उत्पन्न विवादले उग्र रूप लिई घटेको देखिए तापनि वारदातको दिनभन्दा पहिलेदेखि नै श्रीमतीको परपुरूषसँगको नाजायज सबन्धलाई लिएर पटकपटक विवाद हुने गरेको र निजहरूको माइती-ससुरालीसमेतको मध्यस्थतामा सम्झाइबुझाई गरेर निजहरूलाई सँगै बस्न लगाएकोसमेत मिसिल कागजबाट देखिन आयो । साथै, प्रतिवादीले श्रीमतीलाई परपुरूषसँगको नाजायज सम्बन्ध छुटाउन बसोबास गर्दै आएको घर जग्गा बिक्री गरी अन्यत्र बसाइँ सरी जाऔँ भनी राखेको प्रस्तावलाई श्रीमतीले अस्वीकार गर्दा विवाद हुँदै आउनुका साथै वारदातको दिनमा परपुरूषसँग सँगै बसेको देखी भएको विवादमा खुकुरीजस्तो धारिलो हतियारले पटकपटक प्रहार गरी शरीर नै क्षतविक्षत हुने गरी बीभत्स तवरले श्रीमतीको हत्या गरेको घटनालाई भवितब्य ज्यान वा आवेशप्रेरित हत्याको संज्ञा दिन मिल्ने अवस्था देखिन आएन । प्रतिवादीले पुनरावेदन पत्रमा उल्लेख गरेको ने. का. प. २०४२ भाग २७ अङ्क ३ निर्णय नं. २३०८ र ने. का. प. २०४७ भाग ३२ अङ्क ३ निर्णय नं. ४११५ मा साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं.बमोजिम सजाय कम गरी यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्तहरू प्रस्तुत मुद्दाको तथ्यसँग तादाम्य राख्ने अवस्था स्थितिको नदेखिँदा, प्रत्यर्थी वादी नेपाल सरकारलाइसमेत छलफलमा झिकाई आफूलाई लागेको सजाय कम गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर र निजको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस बुँदासँग सहमत हुन नसकिने।

आफ्नै श्रीमतीको हत्या गरेको कसुरमा साबितै रहेका प्रतिवादीलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं.बमोजिमको कसुरमा जन्म कैदको सजाय हुने गरी उच्च अदालत जनकपुर, राजविराज इजलासबाट भएको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । साथै, प्रस्तुत मुद्दामा वारदातको प्रकृति र अवस्थालाई दृष्टिगत गर्दा प्रतिवादीले आफ्नो श्रीमतीलाई मार्नुपर्नेसम्मको कुनै पूर्वरिसइवी र कारण भई योजनाबद्ध रूपमा तयारी गरी प्रहार गरेको नदेखिएको, श्रीमतीको परपुरूषसँगको नाजायज चारित्रिक व्यवहारका कारण श्रीमतीबाट हिंसामा परी झण्डै झण्डै घरेलु हिंसाद्वारा प्रताडित पुरूष (Bitter man syndrome) को रूपमा रहे देखिएका प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को परी बढी सजाय हुने देखिएकोले फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क(१) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५(१क) बमोजिम १० वर्षको कैद सजाय गर्न उपयुक्त हुने भनी राय व्यक्त गरिएको उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति

२०७८/०९/२१ को फैसला मिलेकै देखिँदा उक्त रायसहितको सो फैसला सदर हुने।

इजलास अधिकृत : बद्रिप्रसाद लामिछाने

इति संवत् २०८० साल श्रावण २५ गते रोज ५ शुभम्।

**३६**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७९-WH-०१८२, बन्दीप्रत्यक्षीकरणलगायत आवश्यक र उपर्युक्त आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ, कामेश्वर महतोसमेत वि. आन्तरिक राजस्व कार्यालय, भैरहवासमेत*

निवेदकहरूलाई आन्तरिक राजस्वकार्यालय भैरहवाले चलाएको नक्कली अन्तःशुल्क स्टिकर मुद्दामा जनही कैद वर्ष १ (एक), बिगो रू. १,०४,६३,८१२/८० र बिगोबमोजिम जरिवानाको सजाय हुने गरी भएको फैसलाउपर राजस्व न्यायाधिकरण पोखरामा परेको पुनरावेदनमा सुरू निर्णय केही उल्टी भई दुवै जना निवेदकलाई जनही १ (वर्ष) कैद, बिगो रू. २३,२५,२९१/७३४ र बिगोबमोजिम जरिवाना हुने गरी मिति २०७७/०५/०५ मा फैसला भएपश्चात् सोको कार्यान्वयन हेतु निजहरूलाई लागेको कैद, बिगो र जरिवाना असुलउपर गर्नको लागि राजस्वन्यायाधिकरण पोखराले च. नं. ६७ मिति २०७८/०६/१७ मा आन्तरिक राजस्वकार्यालय भैरहवालाई सम्बोधन गरी पठाएको पत्रबमोजिमको कार्य सम्पादन भएको मिसिल संलग्न कागज प्रमाणबाट देखिन आएन। नक्कली अन्तःशुल्क स्टिकरसँग सम्बन्धित एउटै प्रकृतिको वारदात भए पनि निज निवेदकहरूलाई अदालत र आन्तरिक राजस्वकार्यालय दुइ छुट्टाछुट्टै निकायमा अलग अलग मुद्दा चलाई दुवै निकायबाट तह तह हुँदै फैसला भएको मुद्दाहरूको सन्दर्भमा रूपन्देही जिल्ला अदालतले फैसला कार्यान्वयनको लागि कैदी पुर्जी जारी गर्नेलगायतको कार्य गरेको देखिन आयो भने आन्तरिक रूपियाँकार्यालय भैरहवाले भने सो कार्य सम्पादन गरेको देखिन आएन। फैसलापश्चात् सोको तदारूकताका साथ कार्यान्वयन गरिनु नितान्त अपरिहार्य हुन्छ। कुनै पनि कसुर अपराध वा विवादमा अधिकारसम्पन्न न्यायिक वा अर्धन्यायिक निकायबाट प्रचलित कानून र प्रमाणको आधारमा फैसला गर्नु जति महत्त्वपूर्ण कार्य हो सोको कानूनबमोजिम यथासमयमा कार्यान्वयन गरिनु पनि उत्तिकै महत्त्वपूर्ण कर्तव्य हो। समयमै फैसलाको कार्यान्वयन नहुने हो भने न्याय सम्पादन गर्नु र नगर्नु बिचमा अन्तर भेट्न नै मुस्किल पर्ने हुन जान्छ। यस्तो महत्त्वपूर्ण जिम्मेवारी र कानूनी कर्तव्य यी निवेदकहरूको हकमा पूरा भएको नदेखिँदा निजहरूसमेत प्रतिवादी भई चलेको उल्लिखित मुद्दामा रूपियाँन्यायाधिकरण पोखराबाट मिति २०७७/०५/०५ मा भएको फैसलाबमोजिम निवेदकहरू कामेश्वर महतो र विनोदकुमार सिंहलाई लागेको सजायबापतको कैदी पुर्जी तत्काल जारी गर्नु भनी सो फैसलाको कार्यान्वयन गर्ने सुरू निकाय प्रत्यर्थीमध्येका आन्तरिक रूपियाँकार्यालय भैरहवाका नाममा परमादेशको आदेश जारी हुने।

निवेदकहरूलाई गैरकानूनी रूपले थुनामा राखेको नभई रूपन्देही जिल्ला अदालतमा चलेको सरकारी छाप दस्तखत किर्ते (अन्तःशुल्क स्टिकर) र आन्तरिक रूपियाँकार्यालय भैरहवामा चलेको नक्कली अन्तःशुल्क स्टिकरसम्बन्धी दुई छुट्टाछुट्टै मुद्दामा तहतह फैसला हुँदै जाँदा भएको अन्तिम फैसलाबमोजिम सोको कार्यान्वयनको सिलसिलामा थुनामा राखेको देखिएको हुँदा, निवेदकहरू कामेश्वर महतो र विनोदकुमार सिंहको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश

जारी गर्न मिलेन । बन्दीप्रत्यक्षीकरणको आदेश माग गरेतर्फ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : बद्रिप्रसाद लामिछाने

इति संवत् २०८० साल श्रावण २४ गते रोज ४ शुभम् ।

## इजलास नं. १०

### ३७

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.डा.श्री नहकुल सुवेदी**, *०७६-CR-०६२६, ०७६-CR-०६६९, जबरजस्ती करणी, नेपाल सरकार वि. राजु शिकारी, राजु शिकारी वि. नेपाल सरकार*

प्रतिवादी आरोपित कसुरमा इन्कार रहेको र प्रतिवादीउपरको कसुर स्थापित हुने अन्य स्वतन्त्र प्रमाण मिसिल सामेल नरहेको अवस्थामा केवल पीडितको बकपत्रको आधारमा मात्र प्रतिवादीउपरको कसुर ठहर गर्न नमिल्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तथा प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताको बहस जिकिर भएको सन्दर्भमा हेर्दा पीडितले प्रतिवादीले आफूलाई जबरजस्ती करणी गर्न समाती तान्दा सुरूवाल च्यातिएको भनी जिकिर लिएकोमा जाहेरवालीले जाहेरी दरखास्तसँगै दसीको रूपमा उक्त सुरूवाल पेस गरेको देखिन्छ । पीडितको मौकाको शारीरिक जाँच प्रतिवेदनमा कन्याजाली च्यातिएको भन्ने उल्लेख छ । पीडितले प्रतिवादीले वारदातको मितिभन्दा अघि २०७२ माघ महिनाको अन्तिम सातातिरसमेत जबरजस्ती करणी गरेको भनी लेखाएकोमा निजको शारीरिक जाँच गर्दा १२ हप्ता २ दिनको गर्भ रहेको भन्ने उल्लेख भएको देखिँदा पीडितको अघि जबरजस्ती करणी भनिएको मिति र भ्रूणको अवधि लगभग मिल्न जान्छ । यसै गरी जाहेरवाली भद्रूटार M ले जाहेरी बेहोरा समर्थित हुने गरी र मौकामा कागज गर्ने मुकुन्द सिटौलालगायतका व्यक्तिहरूले मौकाको कागज बेहोरा समर्थित हुने गरी अदालतमा आई बकपत्र गरेको देखिँदा उल्लिखित कागज प्रमाणबाट पीडित छहरे (म) को भनाइ समर्थित भएको देखिने ।

प्रस्तुत मुद्दाको पीडित राम्रोसँग बोल्न नसक्ने, राम्रो हिँड्डुल गर्न नसक्ने अपाङ्गता भएको व्यक्ति भन्ने देखिन्छ । निजले आफूउपर पटकपटक जबरजस्ती करणी हुँदा पनि सो कुरा आमालाई पनि भन्न नसकेको र आमालाई भनेपछि निजहरू दुवै जना प्रतिवादीको घर गई कुरा गरेको र पीडित छहरे (म) गर्भवती रहेको भन्नेसमेत मिसलबाट देखिएको अवस्थामा प्रतिवादीले जबरजस्ती करणी नगरेको भए पीडित जाहेरवालीसमेत निजको घरमा गई छलफल गर्नुपर्ने अवस्था देखिँदैन । प्रतिवादीले पीडितको सामाजिक/शारीरिक अवस्थाको फाइदा उठाई पीडितलाई अनुचित प्रभावमा पारी जोरजुलुम गरी अभियोग दाबीबमोजिम जबरजस्ती करणी गरेको भन्ने तथ्य पीडित गर्भवती रहेको भन्नेसमेतका शारीरिक जाँच प्रतिवेदनसमेतबाट स्थापित भइरहेको अवस्थामा कुनै प्रमाणबाट समर्थित नभएको प्रतिवादीको इन्कारी बयानको आधारमा मात्र प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने अवस्था नदेखिने ।

पीडित बक्कलाटी वा कुरा बुझ्न नसक्ने वा हिँड्डुल गर्न नसक्ने भन्ने नदेखिई प्रस्ट वोल्न नसके तापनि आफ्नो कुरा केही मात्रामा राख्न सक्ने, सामान्य हिडडुल गर्न सक्ने र आफ्नो दिनचर्याका सामान्य कामकाज आफैँ गर्न सक्ने भन्ने देखिएको एवं उक्त कुरा निज 'ख' श्रेणीको अपाङ्गता भएको व्यक्ति भन्ने मिसिल संलग्न अपाङ्गताको परिचय पत्रको प्रतिलिपिबाट समेत देखिँदा पुनरावेदक प्रतिवादी राजु शिकारीलाई मुलुकी फौजदारी संहिता, २०७४ को

दफा २१९ को उपदफा (७) बमोजिम थप ३ वर्ष कैद थप गरी जम्मा ८(आठ) वर्ष कैद गर्न न्यायोचित हुने।

तसर्थ, प्रतिवादी राजु शिकारीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं.बमोजिम ७ (सात) वर्ष कैद र सोही महलको ३क. नं.बमोजिम थप ५(पाँच) वर्षसमेत गरी १२ (बाह्र) वर्ष कैद सजाय गरेको सुरू नुवाकोट जिल्ला अदालतको मिति २०७४।०३।१३ को फैसला केही उल्टी गरी प्रतिवादीलाई १० (दश) वर्ष कैद सजाय हुने ठहर गरेको उच्च अदालत पाटनको मिति २०७६।०२।२४ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं.बमोजिम ५ (पाँच) वर्ष कैद र मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (७) बमोजिम थप ३ (तीन) वर्ष कैद गरी जम्मा ८ (आठ) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत : बासुदेव पाण्डे

कम्प्युटर : रामशरण तिमल्सिना

इति संवत् २०८० साल पुस १८ गते रोज ४ शुभम्।

## ३८

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.श्री नहकुल सुवेदी,** *०७५-CR-१०९५, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. निरज चित्रकारसमेत*

प्रतिवादी निरज चित्रकारलगायतका सात आठ जना केटाहरूले घाइतेलाई पटकपटक धम्काएको भन्ने घाइते र जाहेरवालासमेतको बकपत्रबाट देखिएबाट निजहरूको पूर्वरिसइवीरहेको भन्ने देखिन आउँछ । सोही रिसइवीका कारण वारदातका दिन झौंछे चोकबाट बसन्तपुर जाने बाटोमा प्रतिवादी निरज चित्रकारले पीडित पारस अग्रवाललाई कुटपिट गरेको र सोहीबखत प्रहरी पुगी निजहरूलाई छुट्याई पीडितलाई साइड लगाएकोमा पुनः पेली ल्यान्ड रेष्टुरेण्टबाट एकजना मानिसले खुँडा लिई प्रतिवादी निरजलाई दिएको र निजले पीडित पारस रतेरियालाई अन्धाधुन्ध प्रहार गरेको भन्ने प्रत्यक्षदर्शीहरूको बकपत्रसमेतबाट यी प्रतिवादीले पीडितलाई एकपटक कुटपिट गरी प्रहरीले छुटाएपछिसमेत पुनः रेष्टुरेण्टबाट खुँडा मागी अन्धाधुन्ध प्रहार गरेको देखिन्छ। कुनै पनि व्यक्तिको मनसाय निजले गरेको कार्यबाट नै प्रकट हुने हो। प्रतिवादीसँग पूर्वरिसइवीसमेत रहेका पीडितलाई एकपटक झगडा भई प्रहरीले छुट्याइसकेपछि पुनः धारिलो हतियार खुँडा ल्याई टाउकोजस्तो संवेदनशील अङ्गमा पटकपटक प्रहार गरेको कार्यलाई ज्यान मार्ने मनसायले प्रहार गरेको होइनन् भनी मान्न मिल्ने अवस्था देखिएन । साथै मिसिल संलग्न घा जाँच प्रतिवेदनबाट घाइतेको अवस्था गम्भीर र मर्न सक्नेसम्मको (Fatal) देखिनका साथै पीडितको अनुहारमा गहिरो चोट रहेको, लगभग गालाको माथिल्लो भागदेखि दाहिनेतिरको ओठको तल्लो भागमा धारिलो हतियार प्रयोग भएको, घटना भएको दिन इमर्जेन्सी सर्जरी गरी रक्तस्राव रोकेर अनुहारको घाउ बन्द गरिएको भन्ने घाँउ जाँच गर्ने डाक्टर सन्देश मास्केको बकपत्रबाट देखिन आउँछ। मिसिल संलग्न घाइतेको अनुहारमा लागेको चोटसहितको फोटोबाट समेत धारिलो हतियारले काटेको ठुलो घाउचोट देख्न सकिन्छ। उल्लिखित तथ्य प्रमाणबाट घाइतेले हेलमेट लगाएको अवस्था भई प्रतिवादीले हानेको खुँडा सिधै टाउकोमा प्रहार हुन नसकी अनुहारलगायत शरीरको विभिन्न भागमा लाग्न पुगेको र पीडित घाइतेको तत्काल उपचार गर्न सम्भव भएकोबाट घाइतेको ज्यानसम्म मर्न नसकेको अवस्था भन्ने देखिने

अर्का प्रतिवादी रबिन्द्र क्षेत्रीको हकमा विचार गर्दा, निजको वारदातमा संलग्नता पुष्टि हुने प्रमाण वादी पक्षले पेस गर्न सकेको नदेखिँदा अभियोग दाबीबाट

सफाइ पाउने ठहऱ्याएको सुरु फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने तर प्रत्यर्थी प्रतिवादी निरज चित्रकारको हकमा निजले पीडित पारस रतेरियासङ्गको पूर्वरिसइवीसमेतका कारण पीडितको ज्यान मार्ने मनसायले धारिलो हतियार खुँडाले प्रहार गरी ज्यान मर्न सक्नेसम्मको गम्भीर घाइते बनाएकोमा निजको तत्काल उपचार भई ज्यान मर्नसम्म नपाएको स्थिति भई प्रतिवादी निरज चित्रकारले तत्काल कायम रहेको मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं.बमोजिम ज्यान मार्ने उद्योगको कसुर गरेको पुष्टि भएकाले अभियोग दाबी पुग्न नसकी कुटपिटमा परिणत गरेको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म मिलेको नदेखिने।

तसर्थ, प्रतिवादी रबिन्द्र क्षेत्रीले अभियोग दाबीबाट सफाइ पाउने ठहराएको सुरु काठमाडौं जिल्ला अदालतको मिति २०७४।३।२२ को फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७५।३।११ को फैसला सो हदसम्म मिलेको भई सदर हुने तर प्रतिवादी निरज चित्रकारको हकमा निजले तत्काल कायम रहेको मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. अन्तर्गतको कसुर गरेको पुष्टि भएकोले ऐ. १५ नं.बमोजिम ६ (छ) वर्ष कैद सजाय हुने ठहराएको सुरु काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी गरी कुटपिटमा परिणत हुने ठहराएको उच्च अदालत पाटनको उक्त फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी निरज चित्रकारलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं.बमोजिम ५ (पाँच) वर्ष कैद हुने।

इजलास अधिकृत : प्रकृति पराजुली

कम्प्युटर : रामशरण तिमल्सिना

इति संवत् २०८० साल फागुन ९ गते रोज ४ शुभम्।

## ३९

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.डा.श्री नहकुल सुवेदी,** *०७६-CR-०६९१, ०७६-CR-०६९२, ०७६-CR-०६९३, जबरजस्ती करणी, विकि गोठे वि. नेपाल सरकार, सुसन भलंद्यो वि. नेपाल सरकार, सुनिल वाटी वि. नेपाल सरकार*

प्रतिवादीहरू स्वयम्ले पीडितसँगै राति एउटै कोठामा एकै ओछ्यानमा सँगै सुतेको तथ्यलाई स्वीकार गरेको अवस्थामा मादक पदार्थसमेत सेवन गरेका वयस्क उमेरका यी प्रतिवादीहरू वयस्क उमेरका पीडितसँग राति एउटै कोठामा एकै ओछ्यानमा सुत्दा पीडितलाई करणी नगरेको भनी लिएको जिकिर पीडितले अन्यथा भनेको अवस्थामा बाहेक स्वाभाविक मान्न सकिएन। मिसिलबाट अन्यथा प्रमाणित भएको अवस्थामा बाहेक कुनै घटना, मानिसहरूको आचरण वा काम कारबाहीको सम्बन्धमा अदालतले तर्कसङ्गत अनुमान गर्न सक्छ। यसको अर्थ केवल अनुमानको आधारमा प्रतिवादीहरूउपर आरोपित कसुर स्थापित गर्न सकिने भन्ने कदापि होइन तर मिसिलबाट देखिएको वारदात हुँदाको परिस्थितिलाई सूक्ष्मतम विश्लेषण गर्दा राति प्रतिवादीहरू र पीडित एउटै ओछ्यानमा सुतेको तथ्यमा मुख मिलेको र पीडितले सो बखत प्रतिवादीहरूले आफूलाई पालैपालो जबरजस्ती करणी गरेको भनी अदालतमा समेत बकपत्र गरेकोमा निजहरूले जबरजस्ती करणी नगरेको भनी इन्कारीको जिकिर लिँदैमा यी प्रतिवादीहरू निर्दोष रहेछन् भनी मान्न मिल्ने देखिएन। प्रतिवादीहरूले पीडितको आर्थिक, सामाजिक, पारिवारिक परिवेशसमेतको दुरूपयोग गरी अभियोग दाबीबमोजिम जबरजस्ती करणी गरेको पुष्टि हुने।

पीडित दिनभर प्रतिवादीहरूसँग घुमफिर गरेको देखिएको, पीडितले आफूलाई भक्तपुरको चाँगुको

जङ्गलमा बिकी गोठेले जबरजस्ती करणी गरेको भनी उल्लेख गरेकोमा सोपश्चात्समेत निज यी प्रतिवादीहरू सँगसँगै डुलेको देखिएको र पीडितउपर अन्य हिंसात्मक शारीरिक आक्रमण (violent physical assault) भएको नदेखिएको तथा प्रतिवादीहरूको र पीडितको उमेर अवस्था तथा वारदात हुँदाको परिस्थितिसमेतलाई विचार गरी मुलुकी फौजदारी संहिता, २०७४ को दफा २१९ को उपदफा (७) बमोजिम सामूहिक जबरजस्ती करणी गरेतर्फ ३ (तीन) वर्ष कैद थप गरी जम्मा ८ (आठ) वर्ष कैद गर्नु न्यायोचित हुने।

तसर्थ, प्रतिवादीहरू विकि गोठे, सुनिल वाटी र सुशन भलंद्योलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं.बमोजिम ५ (पाँच) वर्ष कैद र सोही महलको ३क. नं.बमोजिम थप ५(पाँच) वर्षसमेत गरी १० (दश) वर्ष कैद सजाय गरेको सुरू भक्तपुर जिल्ला अदालतको मिति २०७५।०३।३१ को फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७६।०३।२४ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निजहरूलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं.बमोजिम ५ (पाँच) वर्ष कैद र मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (७) बमोजिम थप ३ (तीन) वर्ष कैद गरी जम्मा ८ (आठ) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत : बासुदेव पाण्डे

कम्प्युटर : रामशरण तिमल्सिना

इति संवत् २०८० साल पुस १८ गते रोज ४ शुभम्।

**४०**

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.श्री नहकुल सुवेदी,** *०७९-WH-००४२, बन्दीप्रत्यक्षीकरण, रत्नेश्वरप्रसाद शर्मा वि. केन्द्रीय अनुसन्धान ब्युरो महाराजगन्ज, काठमाडौंसमेत*

रिट निवेदकको नागरिकताको प्रमाणपत्रमा स्थायी वतन महोत्तरी जिल्ला लोहरपट्टि नगरपालिका वडा नं. ७ उल्लेख भएको देखिए तापनि यी निवेदक मिति २०५९।१०।२५ मा बसाइँसराइ गरी धनुषा जिल्ला जनकपुर नगरपालिका वडा नं. ८ मा गएको देखिएको र यी निवेदकले एन. आई. सी. एसिया बैंक लिमिटेडमा खाता खोल्ने क्रममा भरेको व्यक्तिगत फारमबाट समेत सोही वतन नै निवेदकको बसोबासको वतन देखिएको स्थितिमा निजको नाउँको म्याद सूचना नागरिकतामा उल्लिखित साबिकको स्थायी वतनमा तामेल गरेको कार्यलाई रीतपूर्वक तामेल भएको र सोबाट निजले आफूउपर परेको मुद्दाको बारेमा थाहा जानकारी पाई सुनुवाइको मौका प्राप्त गरेको भनी निष्कर्षमा पुग्न सक्ने अवस्था नदेखिने।

यस स्थितिमा निवेदन जिकिरबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनपर्ने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा मुद्दाको कारबाहीको क्रममा बेरीतपूर्वक तामेल भएको म्यादको आधारमा भएको फैसलाबमोजिम थुनामा रहेको देखिए तापनि निजको नाममा म्याद जारी गरी कानूनी कारबाही गर्नुपर्ने अवस्था देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिहाल्नुपर्ने अवस्था विद्यमान नदेखिने।

तथापि, यी निवेदकका नाममा उच्च अदालत पाटनबाट जारी भई मिति २०७८।०९।०२ मा तामेल भएको म्याद रीतपूर्वकको नदेखिएकाले त्यस्तो बेरितको म्याद तथा उक्त म्यादको आधारमा सो अदालतबाट भएको मिति २०७९।०१।०५ को फैसलालगायत मुद्दाको सम्पूर्ण काम कारबाही र फैसलाबाट सिर्जित कैद जरिवानाको दायित्व ठेकेको कैदीपुर्जीसमेत रीतपूर्वकको भनी मान्न मिल्ने नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुने र यी निवेदक हाल कारागार कार्यालय डिल्लीबजारमा थुनामा रहेको देखिँदा निजलाई उक्त कारागारबाट उच्च अदालत

पाटन, वाणिज्य इजलासमा उपस्थित गराई निजको नाउँमा म्याद बुझाइ निजको बयान लिने, थुनछेकको आदेश गर्नेलगायतका कानूनबमोजिमको कारबाही अगाडि बढाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : लक्ष्मी राना, सुभद्रा जि. सि.

इति संवत् २०७९ साल मार्ग ११ गते रोज १ शुभम् ।

४१

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.श्री नहकुल सुवेदी**, *०७५-CR-०५७५, ०७५-CR-१२७२, कर्तव्य ज्यान, रिता नेपाली वि. नेपाल सरकार, टेकबहादुर भन्ने रमेश थापा वि. नेपाल सरकार*

मृतक झुन्डिएको स्थानदेखि तल भुइँमा रगत लत्पतिएर सुकेको, बिस्तरासहितको खाटमा रगतको सुकेका टाटाहरू रहेको, टेबलमा रहेको कालो स्विटर, सुरूवाललगायत कोठाको विभिन्न ठाउँमा रगतका टाटाहरू देखिन्छ । शवको नाडीमा ब्लेडले चिरेको मसिना घाउहरू ( hesitation cut) देखिँदा सोही घाउबाट रक्तस्राव भएको भन्ने पनि देखिन आउँछ । प्रतिवादी रिता नेपालीले अदालतको बयानमा मृतक बिनोद हरिजनले वारदातको अघिल्लो दिन पनि नाडीमा ब्लेडले काटेको र वारदातको दिनसमेत तदनुरूप नै ब्लेडले नाडी काटेको भनी निजले आत्महत्या गर्न प्रयास गरेको हो भन्ने देखाउन खोजेको अवस्था छ । तर घटनास्थल प्रकृति मुचुल्का हेर्दा वारदातस्थलमा रहेको अन्य विभिन्न चिजवस्तुमा रगत लागेको देखिन्छ, मृतक झुन्डिएको भनेको निलो सलको पासोमा रगत लागेको देखिँदैन । बिनोद हरिजनले नाडी काटी आत्महत्या गर्न प्रयास गरेको र पछि झुन्डिई आत्महत्या गरेका हुन कि त भन्नलाई ब्लेडले नाडी काटी मृत्यु नभएका कारण आफैँले पासो लगाई झुन्डिने प्रयास गरेको भए स्वाभाविक रूपमा पासोमा प्रयोग गरेको उक्त सलमा हातबाट बगेको रगत लागेको देखिनुपर्नेमा उक्त सलमा रगत लागेको भन्ने देखिन आउँदैन । काटिएको हातको प्रयोग नगरी एउटा हातले मात्र घरको धुरी बलोमा गाँठो पार्न सम्भव नहुने र काटिएको हात प्रयोग गरिएको भए पासोमा प्रयोग भएको सलमा हातबाट बगेको रगत लाग्ने अवस्था हुने थियो । पासो लगाएको सलमा रगत लागेको नदेखिएकोले मृतकले पहिले नाडी काटी पछि आफैँ झुन्डिएको भन्ने तथ्य स्थापित हुन आएन । अपितु निज प्रतिवादी रिता नेपालीले मौकामा गरेको बयानबमोजिम निज प्रतिवादीले नै पहिले ब्लेडले बिनोद हरिजनको नाडी काटी छट्पटाउन थालेपछि घाँटीमा निलो सल कसी पछाडिबाट घुँडाले अठ्याई तान्दा मृत्यु भएको र प्रतिवादीहरूले लास झुन्ड्याएको भन्ने पुष्टि हुने ।

मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, घटना विवरण कागज गर्ने व्यक्तिहरूलगायत वादी प्रतिवादी पक्षका साक्षीहरूको वारदात परिस्थितिसमेतका मिसिल प्रमाणबाट यी प्रतिवादीहरूले आफूहरूबिचको सम्बन्धमा बिनोद हरिजनले व्यवधान गर्ने ठानी निजलाई आफ्नो बाटोबाट पन्छ्याउने उद्देश्यले ब्लेडले हातमा काटी छटपटाइरहेको अवस्थामा सलले घाँटीमा पासो लगाइ मारी उक्त कसुर लुकाउने उद्देश्यले मृतक झुन्डिई मरेको देखाउन मृतकलाई झुन्ड्याएको आरोपित कसुर पुष्टि भइरहेको देखिँदा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय ठहराएको उच्च अदालत पोखरा, बागलुङ इजलासको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने ।

तसर्थ, प्रतिवादीहरू रिता नेपाली र टेकबहादुर भन्ने रमेश थापाले मृतक विनोद हरिजनलाई कर्तव्य गरी मारी झुन्ड्याएको अभियोग पुष्टि हुन आएकाले निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको

महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू बागलुङ जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत पोखरा, बागलुङ इजलासको मिति २०७५।०३।०५ को फैसला मिलेको भए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२) बमोजिम सर्वस्व हुने गरी सजाय नगरिने हुँदा प्रतिवादीहरूलाई जन्म कैदको सजाय हुने।

इजलास अधिकृत : निराजन शर्मा, सदिक्षा नेपाल

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०८० वैशाख २१ गते रोज ५ शुभम्।

**४२**

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७५-CR-०२२१, कालोबजारी, बद्रीकुमार शर्मा पाठकसमेत वि. नेपाल सरकार*

मिसिल सामेल रहेका प्रमाणहरूबाट घ्यु उत्पादक उद्योगबाट उपभोक्ता (सशस्त्र प्रहरी कार्यालय) सम्म पुऱ्याउँदाको बिचमै मिसावट गरी कम गुणस्तरको माल सप्लाई गरिएको तथ्य स्थापित भएकोमा उपभोक्तासम्म पुऱ्याउने जिम्मा सम्झौताको द्वितीय पक्ष पाठक एण्ड इश्वर खाद्य सप्लायर्सको रहेको देखिएकाले उपभोक्तासम्म आपूर्ति गर्ने क्रममा देखिन आएको कैफियतको दायित्वसमेत अन्यथा प्रमाणित नभएको अवस्थासम्म निजैले बेहोर्नुपर्ने देखिन्छ। यो स्थितिमा उद्योगबाट उत्पादित घ्युलाई जस्ताको तस्तै उपभोक्तासम्म आपूर्ति गर्नुपर्नेमा सो नगरी बिच बाटोमै गुणस्तरमा असर पर्ने गरी मिसावट गरी कम तौलको घ्यु आपूर्ति गरेको देखिएको र मिसावट को कस्ले गरेको हो भनी यकिन नभएको अवस्थामा आपूर्तिकर्ताकै तर्फबाट उक्त कार्य गरेको हो भनी मान्नुपर्ने देखिएकाले सो कमसल घ्यु आपूर्ति गरी कालोबजारी गर्ने कार्यमा पाठक एण्ड ईश्वर खाद्य सप्लायर्सको तर्फबाट हस्ताक्षर गर्ने प्रोपाइटर प्रतिवादी बद्रीकुमार शर्मा पाठकको संलग्नता रहेको पुष्टि हुने।

अनुसन्धानको क्रममा महानगरीय प्रहरी कार्यालय बौद्धमार्फत बौद्धनाथ घ्यु उद्योगबाट नमुना लिई घ्युको गुणस्तर जाँच्नको लागि प्रयोगशालामा पठाउँदा उक्त नमुना घ्युमा नेपाल सरकारले घ्युको लागि तोकेको न्यूनतम गुणस्तरअनुरूप पाइएको भनी खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको च.नं.१८३६ मिति २०६९।०३।२८ को परीक्षण प्रतिवेदन प्राप्त भएको स्थिति देखिने।

विवादित घ्युमा मिसावट गरी तौलसमेत कम गरी कम गुणस्तरको घ्यु सप्लाई गरी कालोबजारी गर्ने कार्यमा प्रतिवादीमध्येका बद्रीकुमार शर्मा पाठकको संलग्नता रहेको तथा अन्य प्रतिवादीहरूको उक्त कार्यमा संलग्नता रहेको मान्न मिल्ने नदेखिएकोले सबै प्रतिवादीहरूलाई कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ६बमोजिम कसुरदार कायम गरी जनही रू.१,०००।– (एक हजार रूपियाँ) जरिवाना हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत पोखराबाट मिति २०७०।१२।०४ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीमध्येका दिनेश पाठक, उमेश पाठक, राजु सिटौला र गेहेन्द्र शर्मा ढुङ्गेलले प्रस्तुत मुद्दाको अभियोग माग दाबीबाट सफाइ पाउने ठहर्छ। प्रतिवादी बद्रीकुमार शर्मा पाठकको हकमा कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ६बमोजिम कसुरदार कायम गरी रू.१,०००।– (एक हजार रूपियाँ) जरिवाना हुने ठहऱ्याएको हदसम्म तत्कालीन पुनरावेदन अदालत पोखराबाट भएको फैसला सदर हुने।

इजलास अधिकृत :- ईश्वरीप्रसाद सुवेदी / अनु याकामी

इति संवत् २०७९ साल माघ २५ गते रोज ५ शुभम्।

## इजलास नं. ११

### ४३

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७८-WO-१२००, उत्प्रेषण / परमादेशसमेत, चण्डिका खड्का वि. प्रतापपुर गाउँपालिका वडा नं. २ को कार्यालय, नवलपरासीसमेत*

निवेदक सुमन अहमदको संरक्षक आमा चण्डिका खड्कले जिल्ला प्रशासन कार्यालय, दोलखाबाट मिति २०५४।१०।२६ मा ना.प्र.नं. १६८०/९५८९ को वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेकी र निजको विवाह जिल्ला नवलपरासी साबिक जमुनिया गा.वि.स. वडा नं. ४ बस्ने मोहम्मद रफि अहमदसँग मिति २०५८।१०।०२ मा भएको भन्ने बेहोरा निजले निवेदनसाथ पेस गरेको नागरिकताको प्रतिलिपि र विवाह दर्ताको प्रतिलिपिबाट देखिन्छ । निवेदकका छोरा सुमन अहमद (खड्का) मिति २०६२।०९।१३ मा जमुनिया-४ मा जन्म भएको र निजको बाबुको नाम मोहम्मद रफि अहमद र आमाको नाम चण्डिका खड्का (अहमद) उल्लेख भएको जन्म दर्ताको प्रतिलिपिबाट देखिएको छ । निवेदकका पति/पिताको स्थायी वतन नवलपरासी जिल्ला, साबिक जमुनिया गा.वि.स. वडा नं.४ नवलपरासी रहेको बेहोरा अन्यथा हो भन्ने कुरा विपक्षीहरूको लिखित जवाफबाट देखिँदैन । साथै, निवेदक सुमन अहमदका पिता मोहम्मद रफि अहमदले मतदाता नं. ०७८६८२८४ को परिचयपत्र प्राप्त गरेको देखिएको, सुमनकी हजुरआमा हदिसुन मुसलमाननी र मैनुदिन अंसारीले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र एवं निवेदक सुमन अहमदको जन्म दर्ताको प्रमाणपत्र, निजकी आमाको विवाह दर्तासमेतका कागजातहरूबाट यी निवेदिका चण्डिका खड्का (अहमद) र निजका छोरा सुमन अहमद (खड्का) नेपालमा सँगै बसोबास गरेका र निज सुमनको जन्म नेपालमा नै भएको र स्थायी ठेगानासमेत नवलपरासी साबिक जमुनिया-४ हाल परिवर्तित प्रतापपुर गाउँपालिका वडा नं. २ रहेको देखिई निज निवेदक नेपाली नागरिक रहेको भन्ने देखिने ।

नाबालक सुमन अहमदको हकमा निवेदिकासमेत रहेकी चण्डिका खड्काले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेको देखिएको, निजहरू नेपालमा स्थायीरूपमा बसोबास गरेको देखिएको र यी निवेदक १६ वर्ष उमेर पूरा भएका नेपाली नागरिक देखिएको अवस्थामा निवेदकलाई नगरिकताको प्रमाणपत्र प्रदान गर्नका लागि जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा सिफारिस गर्नुपर्नेमा जिल्ला नवलपरासी, प्रतापपुर गाउँपालिका २ नं. वडा कार्यालयको सिफारिस प्रदान नगरेको कार्य कानूनअनुकूल मान्न मिल्ने देखिएन । अब, नेपालको संविधान, नेपाल पक्ष रहेका सन्धिहरू, यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूसमेतका आधारबाट निवेदकको जन्मदर्ताको प्रमाणपत्र तथा निजकी आमाले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र तथा निज चण्डिका खड्काको विवाह दर्ताको प्रमाणपत्रसमेतका आधारमा निवेदक सुमन अहमद (खड्का) लाई नेपाली नागरिकता प्रमाणपत्रको लागि आवश्यक सिफारिस दिनु भनी जिल्ला नवलपरासी, प्रतापपुर गाउँपालिका २ नं. वडा कार्यालयको नाममा र उल्लिखित कागज प्रमाणहरू तथा अन्य सम्बद्ध प्रमाण हेरी निवेदक सुमन अहमद (खड्का) लाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु गराउनु भनी नेपाल सरकार, गृह मन्त्रालयका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : दामोदर घिमिरे

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७९ साल फागुन १७ गते रोज ४ शुभम् ।

४४

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७८-WO-१३४९, परमादेश, उमेश चमार रैदाससमेत वि. जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुसमेत*

निवेदकहरू उमेश चमार रैदाससमेतका पिता रामपत चमार (हरिजन) ले मिति २०६३।११।०३ मा (ना.प्र.नं. ३८३०२४।३) जन्मको आधारमा र आमा प्रभावति हरिजनले मिति २०६५।०४।३० मा (ना.प्र.नं. ३८१०२४।१४७) जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुबाट वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेको कुरा निवेदनसाथ पेस भएको निजहरूको नागरिकताको प्रतिलिपिबाट देखिन्छ । स्थानीय पञ्जिकाधिकारीको कार्यालय, तिलौराकोट, कपिलवस्तुबाट मिति २०६२।०१।१४ मा जारी भएको निवेदकहरू उमेश चमार र मुकेश चमारको जन्मदर्ता प्रमाणपत्रमा बाबुको नाम रामपत चमार र वतनमा तिलौराकोट-२ भन्ने उल्लेख भएको पाइयो । निवेदकहरूको शैक्षिक प्रमाणपत्रहरूबाट समेत निजहरू कपिलवस्तु जिल्लामा अध्ययन गरेको भन्ने देखिन आएको छ । उल्लिखित तथ्यहरूबाट यी निवेदकहरू जन्मका आधारमा नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेका नेपाली नागरिक रामपत चमार (हरिजन) र वंशजका आधारमा नेपाली नगरिकता प्राप्त गरेकी प्रभावती हरिजनका सन्तानहरू रहेको र निजहरू नेपालमै बसोबास गर्ने नेपाली नागरिकहरू रहेको भन्ने देखिने।

उमेश चमार र मुकेश चमारका पिता रामपत चमार (हरिजन) ले जन्मको आधारमा र आमा प्रभावती हरिजनले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेको तथा निजहरू नेपालमा स्थायीरूपमा बसोबास गरेको देखिएको र यी निवेदकहरू १६ वर्ष उमेर पूरा भएका नेपाली नागरिक देखिएकाले उल्लिखित संवैधानिक, कानूनी व्यवस्था एवं यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूसमेतका आधारबाट निवेदकहरूको अन्य सम्बद्ध कागज प्रमाण हेरी निवेदकहरू उमेश चमार र मुकेश चमारलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु गराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुसमेतका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ।

इजलास अधिकृत : दामोदर घिमिरे

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल फाल्गुण १७ गते रोज ४ शुभम्।

४५

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७८-WO-०४२२, उत्प्रेषणसमेत, स्नेहा कर्ण वि. जिल्ला प्रशासन कार्यालय, सुनसरी, इनरूवासमेत*

निवेदिका स्नेहा कर्णको जन्ममिति २०५८।०८।०१ मा भएको र निजको बाबुको नाम विमलेश कर्ण तथा आमाको नाम नुतन कर्ण उल्लेख भएको बेहोरा निजको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपिबाट देखिन्छ । म निबेदिकाको पिता बिमलेशकुमार कर्णले जिल्ला प्रशासन कार्यालय, सुनसरीबाट ना.प्र.नं. ०६३००५/४५, मिति २०६३/११/१८ मा जन्मसिद्धको आधारमा नेपाली नागरिकता प्राप्त गरेको पाइयो । निज स्नेहा कर्ण गोदावरी विद्या मन्दिर, इटहरी, सुनसरीमा कक्षा १० सम्म र विश्व आदर्श माध्यमिक विद्यालय, इटहरी, सुनसरीबाट १२ कक्षा उत्तीर्ण गरेको निजको शैक्षिक प्रमाणपत्रको प्रतिलिपिबाट देखिएबाट निज नेपालमै बसोबास गरी अध्ययन गरेकी र जन्मसिद्धको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नेपाली नागरिककी सन्तान देखिई निजसमेत नेपाली नागरिक रहे भएको देखिने।

निवेदिका नेपालमा जन्मिई नेपालमा नै बाबुको सँगसाथमा बसोबास गरेको भन्ने निजको जन्मदर्ता प्रमाणपत्र तथा शैक्षिक प्रमाणपत्रहरूबाट देखिएको,

निवेदिकाको बाबु बिमलेशकुमार कर्णले जन्मसिद्धको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका नेपाली नागरिक रहेको अवस्थामा निवेदिकालाई नेपाली नागरिकताको प्रमाणपत्र जारी नगर्दा निवेदिकाको मौलिक हकमा प्रतिकूल असर पुग्ने देखिँदा उल्लिखित संवैधानिक एवं कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा निवेदिकाका अन्य सम्बद्ध कागज हेरी निज निवेदिका स्नेहा कर्णलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु गराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, सुनसरीसमेतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : दामोदर घिमिरे

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७९ साल फागुन १७ गते रोज ४ शुभम् ।

४६

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७८-WO-१४०२, परमादेश, अनमोल राई वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २ कार्यालय, काठमाडौंसमेत*

निवेदक अनमोल राई मिति २०५४।०५।४ मा जन्म भएको र निजको बाबुको नाम प्रितम देवान (राई) तथा आमाको नाम सपना डंगोल (देवान) रहेको बेहोरा निजको जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपिबाट देखिएको र निज प्रज्ञा आवासीय माध्यमिक विद्यालय, ठमेल, काठमाडौंमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेको तथा Sagarmatha college Science & Technology मा B.Sc. CSIT अध्ययनरत रहेको बेहोरा निवेदनसाथ पेस भएको शैक्षिक प्रमाणपत्रको प्रतिलिपिबाट देखिँदा निज नेपालमा नै बसोबास गरी नेपालमै अध्ययन गरेको भन्ने देखिन आउँछ । साथै यी निवेदक र निजको आमा सपना डंगोल काठमाडौं महानगरपालिका वडा नं. २ मा बसोबास गरेको भन्ने उक्त २ नं. वडा कार्यालयले मिति २०७३।१२।१३ को सिफारिसपत्रबाट देखिएको छ । निवेदकको सपना डंगोलले तत्कालीन जिल्ला कार्यालय, काठमाडौंबाट वंशजको आधारमा मिति २०४२।०४।१४ मा ना.प्र. नं.१३९७ को नेपाली नागरिकताको प्रमाणपत्र पाएको देखिँदा निवेदककी आमा वंशजको आधारमा नेपाली नागरिक भएको देखिन आएको छ । यी निवेदक अनमोल राईले विदेशी नागरिकता प्राप्त गरेको भन्ने नदेखिएको र विपक्षीहरूको लिखित जवाफमा समेत उक्त बेहोरालाई अन्यथा भन्न नसकेको ।

निवेदक नेपालमा जन्मिई नेपालमा नै बसोबास गरेको भन्ने निजको जन्मदर्ता प्रमाणपत्रबाट र शैक्षिक प्रमाणपत्रहरूबाट देखिएको, निवेदकको आमाले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेकी नेपाली नागरिक रहेको र निवेदकले बाबुको नागरिकताको आधारमा कुनै विदेशी मुलुकको नागरिकता लिएको नदेखिएबाट यी निवेदकलाई नेपालको संविधान तथा नेपाल नागरिकता ऐन, २०६३ मा भएको व्यवस्थाबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न कुनै कानूनी अड्चन नभएको अवस्थामा निजलाई नेपालको नागरिकताको प्रमाणपत्र जारी नगर्दा निवेदकको मौलिक हकमा प्रतिकूल असर पुग्ने देखिँदा उल्लिखित संवैधानिक एवं कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा निवेदक राममनोहर गुप्तालाई नागरिकताको लागि सिफारिस गर्नु भनी काठमाडौं महानगरपालिका २ नं. वडा कार्यालय, काठमाडौंको नाममा र निजका अन्य सम्बद्ध कागज हेरी निवेदक अनमोल राईलाई आमाको नामबाट नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु गराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : दामोदर घिमिरे

कम्प्युटर - प्रेमबहादुर थापा

इति संवत् २०७९ साल फागुन १७ गते रोज ४ शुभम् ।

४७

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.डा.**श्री **कुमार चुडाल, ०७८-WO-१३६१,** *उत्प्रेषण / परमादेश, सनम सिटौला वि. जनशक्ति व्यवस्थापन विभाग, नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, काठमाडौंसमेत*

विपक्षीमध्येको नेपाल राष्ट्र बैंक, जनशक्ति व्यवस्थापन महाशाखाबाट मिति २०७८।०८।२४ मा आफ्नो बैंकमा रिक्त रहेका पदहरू पूर्ति गर्ने हेतुले विभिन्न पदहरूको विज्ञापन प्रकाशन गरेको र विज्ञापन नं.१७/२०७८ मा सहायक निर्देशक (सूचना प्रविधि) पदको विज्ञापनमा आवश्यक शैक्षिक योग्यता सम्बन्धमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर, सूचना प्रविधि वा इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन विषयमा स्नातक तह वा सोसरह उत्तीर्ण गरेको हुनुपर्ने छ भनी सो सूचनामा उल्लेख भएको देखिन्छ । निवेदकको शैक्षिक योग्यता हेर्दा पोखरा विश्वविद्यालयबाट कम्प्युटर इनफरमेसन सिष्टम विषयमा स्नातक तह उत्तीर्ण गरेको भन्ने देखियो । नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ को अनुसूची-६ मा बैंक सेवाका विभिन्न पदहरूको निमित्त आवश्यक योग्यता तोकेको र प्राविधिक सेवाको पदको रूपमा रहेको अधिकृत तृतीय (सूचना प्रविधि) को निमित्त मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्युटर, सूचना प्रविधि वा इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेसन विषयमा स्नातक तह वा सोसरह उत्तीर्ण गरेको नेपाली नागरिकले दरखास्त फाराम भर्न सक्ने देखिने ।

विपक्षी निवेदकले हासिल गरेको उपाधि एवं अन्य आवेदकहरूका विभिन्न उपाधिहरूलाई सो सहायक निर्देशक (सूचना प्रविधि) पदको लागि पेस भएका दरखास्तहरू अस्वीकृत गर्ने निर्णय गरिएको भन्ने नेपाल राष्ट्र बैंकको लिखित जवाफबाट देखिएको छ । यसबाट यी निवेदकको मात्रै दरखास्त रद्द नभई योग्यता नपुगेका अन्य दरखास्तहरूसमेत रद्द भएको भन्ने पाइयो । नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ मा भएको व्यवस्थाअनुरूप सो बैंकलाई आवश्यक पर्ने जनशक्तिको आवश्यक शैक्षिक योग्यता निर्धारण गर्न बाधा पुग्ने अवस्था रहँदैन । यी निवेदकले पोखरा विश्वविद्यालयबाट कम्प्युटर इनफरसन सिष्टम विषयमा स्नातक तह उत्तीर्ण गरेका र सो योग्यता नेपाल राष्ट्र बैंकको विज्ञापन नं.१७/२०७८ को सहायक निर्देशक (सूचना प्रविधि) पदका लागि योग्यता पुगेको भनी मान्न मिल्ने अवस्था रहँदैन । साथै, निवेदकले दाबी लिएको उक्त विज्ञापन नं. को परीक्षासमेत भइसकेको भनी बहसको क्रममा नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालयका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले उल्लेख गर्नु भएबाट प्रस्तुत निवेदनको तथ्यमा प्रवेश गरिरहनपर्ने अवस्था नदेखिने ।

नेपाल राष्ट्र बैंकको विज्ञापन नं.१७/२०७८ को सहायक निर्देशक (सूचना प्रविधि) पदका लागि यी निवेदकको योग्यता नपुगेको भनी निजको दरखास्त फाराम अस्वीकृत भएको र उक्त विज्ञापन अनुसार परीक्षासमेत सम्पन्न भएको भन्ने देखिएबाट प्रस्तुत रिटको औचित्य समाप्त भइसकेको परिप्रेक्ष्यमा निवेदन मागबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी हुने अवस्थाको विद्यमानता नरहेबाट रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : दामोदर घिमिरे

कम्प्युटर - प्रेमबहादुर थापा

इति संवत् २०७९ साल फागुन १७ गते रोज ४ शुभम् ।

४८

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७८-WO-१२२०, उत्प्रेषणयुक्त परमादेश, रामचन्द्र कुमाल वि. जिल्ला प्रशासन कार्यालय, नवलपरासी, वर्दघाट सुस्ता पूर्व, कावासेती, गण्डकी प्रदेशसमेत*

निवेदक रामचन्द्र कुमालले निवेदनसाथ

पेस गरेको विनयी त्रिवेणी गाउँपालिका वडा नं.६ को कार्यालय नवलपरासी (ब.सु.पूर्व) बाट मिति २०७८।१२।२० मा जारी गरिएको सिफारिस पत्रमा निवेदक रामचन्द्र कुमाललाई आमा धनमाया कुमालको नाममबाट नागरिकता प्रदान गर्नु हुन भनी जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु. पूर्व) सिफारिस गरेको पाइयो । NARAYANI GANDAKI SADHARAN TATHA SANSKRIT SECONDARY SCHOOl, विनयी त्रिवेणी वडा नं. ६ बाट जारी चारित्रिक प्रमाणपत्रमा निवेदकको आमाको नाम धनमाया कुमाल उल्लेख भएको तथा विनयी त्रिवेणी गाउँपालिका वडा नं.६ को कार्यालयले जारी गरेको जन्म दर्ता प्रमाणपत्रमा समेत यी निवेदक रामचन्द्र कुमालको जन्म मिति २०५५।०७।२९ र आमाको नाम धनमाया कुमाल उल्लेख भएको देखिएको छ। धनमाया कुमालको नागरिकताको प्रतिलिपि हेर्दा निजले मिति २०६३।१०।१८ मा वंशजको आधारमा जिल्ला प्रशासन कार्यालय, नवलपरासीबाट ३६३०४०।८९१ नं. को नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । निवेदकको जन्मदर्ता प्रमाणपत्रसमेतमा बाबुको नाम उल्लेख नभए तापनि निजको जन्मस्थान र स्थायी ठेगाना विनयी त्रिवेणी गा.पा. वडा नं.६ नवलपरासी बर्दघाट पूर्व सुस्ता रहेको भन्ने उल्लेख भएबाट समेत यी निवेदक रामचन्द्र कुमाल नेपाली नगरिक रहेको र वंशजको आधारमा नेपाली नगरिकता प्रमाणपत्र प्राप्त गरेकी नेपाली नागरिकका छोरा रहेको भन्ने तथ्य स्थापित भएको पाइने।

निवेदकको जन्म दर्ताको प्रमाणपत्र तथा शैक्षिक प्रमाणपत्रबाट निवेदकको जन्म नेपालमा नै भएको र विनयी त्रिवेणी गा.पा.वडा नं.६ नवलपरासी बर्दघाट पूर्व सुस्ता स्थायी ठेगाना रहेको देखिन आएको छ । निवेदकका आमाले वंशजका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिएको देखिएकोमा सोलाई विपक्षीहरूले समेत अन्यथा भन्न सकेको देखिँदैन । यी निवेदक आमा धनमाया कुमालको सँगसाथमा नै रहेको अवस्थामा त्यस्ता नेपाली नागरिकका सन्तानले नागरिकता माग गरिरहेको अवस्थामा त्यसलाई अनदेखा गरी व्यवधान खडा गरिएमा नेपाली नागरिकसरहको समानताको हक, उच्च शिक्षा हासिल गर्ने तथा रोजगारी प्राप्त गर्ने एवम् बसोबासको चयन गर्ने हकमा अवरोध पुग्न जान्छ। नेपालको संविधानको धारा १२ मा "यो संविधानबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने छ" भन्ने व्यवस्था रहे भएको पाइने।

निवेदक रामचन्द्र कुमालका आमाले वंशजका आधारमा नेपाली नागरिकता प्राप्त गरेकोमा विवाद नरहेको, निजहरू नेपालमा स्थायी रूपमा बसोबास गरेको देखिएको र यी निवेदक १६ वर्ष उमेर पूरा भएका नेपाली नागरिक देखिएकाले नेपालको संविधान, प्रचलित कानून तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूसमेतका आधारबाट निवेदकको जन्मदर्ताको प्रमाणपत्र तथा शैक्षिक प्रमाणपत्र र निजका आमाले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रसमेतका आधारमा अन्य सम्बद्ध प्रमाण हेरी निवेदक रामचन्द्र कुमाललाई आमाको नामबाट नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु गराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, नवपरासी, (बर्दघाट सुस्ता पूर्व) कावासोतीसमेतका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : दामोदर घिमिरे

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल फाल्गुण १७ गते रोज ४ शुभम्।

## ४९

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७६-WO-०१९३, परमादेश, राममनोहर गुप्ता वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को*

*कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदक राममनोहर गुप्ताको मिति २०५१।०३।१० मा जन्म भएको र निजको जन्मस्थान साबिक लालबन्दी गा.वि.स. वडा नं.७ रहेको भन्ने कुरा निवेदनसाथ पेस भएको निजको जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपिबाट र कक्षा १२ सम्मको अध्ययन नेपालबाटै पूरा गरेको भन्ने निजको शैक्षिक प्रमाणपत्रको प्रतिलिपिबाट देखिन्छ । निवेदकको बुबा महेन्द्रप्रसाद गुप्ता २०३० सालदेखि लालबन्दी नगरपालिका वडा नं. ७ मा स्थायी बसोबास गर्नुका साथै पुस्तक पसल गर्दै आइरहेको भन्ने लालबन्दी नगरपालिका वडा नं.७ को वडा कार्यालयको मिति २०७६।०२।२६ को पत्रको प्रतिलिपिबाट देखिएको छ । निवेदकको आमा रामकुमारी साहले जिल्ला प्रशासन कार्यालय, धनुषाबाट मिति २०४०।१२।२९ मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र पाएको देखिँदा निवेदककी आमा वंशजको आधारमा नेपाली नागरिक भएको देखिन आएको छ । ग्राम पञ्चायत राज, बेलही दक्षिणी, प्रखण्ड- जयनगर, पिन- ८४७२२६ जिला मधुवनी (बिहार) भारतको सन् ०७-०८-२०१९ को पत्रअनुसार "प्रमाणित किया जाता हैकी राम मनोहर गुप्ता पिता महेन्द्रप्रसाद गुप्ता ग्राम पञ्चायत बेलही दक्षिण थाना प्रखण्ड जयनगर जिल्ला मधुबनी राज्य बिहार ग्राम पञ्चायत बेलही दक्षिण के मतदाता सूची मे इनका नाम नही दर्ज है, अधार कार्ड, पैन कार्ड, रासन कार्ड आवेदकको किसी प्रकारका कोई भारतीय पहचान पत्र नही है । इसी लिए आवेदक राम मनोहर गुप्ता गैरभारतीय है मै इन्हे बैकतीगत रूप से जानते एवम् पहचानते है" भन्ने उल्लेख भएबाट यी राममनोहर गुप्ताले भारतीय नागरिकता नलिएको भन्ने बुझिने ।

निवेदक नेपालमा जन्मिई नेपालमा नै बसोबास गरेको भन्ने निजको जन्मदर्ता प्रमाणपत्रबाट र शैक्षिक प्रमाणपत्रहरूबाट देखिएको, निवेदकको आमाले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेकी नेपाली नागरिक रहेको र निवेदकका बाबु भारतीय नागरिक भए पनि निवेदकले बाबुको नागरिकताको आधारमा कुनै विदेशी मुलुकको नागरिकता लिएको नदेखिएबाट यी निवेदकलाई नेपालको संविधानको धारा ११ को उपधारा (७) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा (२) मा भएको व्यवस्थाबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न बाधा पुग्ने अवस्था नदेखिएकोमा बुबाको नागरिकता नभएको र बाबु विदेशी भएको कारण देखाई नेपालको नागरिकताको प्रमाणपत्र जारी नगर्दा नेपाली नागरिकता प्राप्त गर्ने निवेदकको मौलिक हकमा प्रतिकूल असर पुग्ने देखिँदा उल्लिखित संवैधानिक एवं कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा निवेदक राममनोहर गुप्तालाई नागरिकताको लागि सिफारिस गर्नु भनी लालबन्दी नगरपालिका ७ नं. वडा कार्यालय, सर्लाहीको नाममा र निजका अन्य सम्बद्ध कागज हेरी निवेदक राममनोहर गुप्तालाई आमाको नामबाट नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु गराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, सर्लाहीसमेतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : देवी चौधरी / दामोदर घिमिरे

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल फाल्गुण १७ गते रोज ४ शुभम्।